# धर्मकीर्ति
# THE DHARMAKIRTI

## बैशाख पूर्णिमा विशेषाङ्क



शान्ति नायक गौतम बुद्ध महापरिनिर्वाण भएको २५४६ वर्ष भयो ।

वर्ष-२०; अङ्क-२

DHARMAKIRTI

बुद्ध सम्वत् २५४६



**शान्तिमा नै सबैको विजय र कल्याण सम्भव हुने हुँदा सर्वकालिक धर्मका ब्याख्याता तथा मार्ग प्रतिपादक भगवान बुद्धको प्रज्ञामय शिक्षाको अनुशरणले नेपाल तथा विश्वमै शान्ति अभिवृद्धि गर्ने मानविय कार्यमा चित्त जागृत पार्न २५४६ औं बुद्ध पूर्णिमाले सबैलाई प्रेरित गरून् ।**

**शुभकामना सहित**

ज्योति

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.

हिमाल वायर्स (प्रा.) लि.

हिमाल अक्सीजन (प्रा.) लि.

ज्योति भवन कान्तिपथ काठमाडौं ।

फोन : २२५४८० २५४०४७ • फ्याक्स : ९७७-१-२२६३१४

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

2546th Vaisakh Full-Moon Day

**26TH MAY, 2001**

| वर्ष- २० | अङ्क- २ | स्वाँयापुन्ही | पूर्णिमा २०५९ |
|---|---|---|---|




★ परे च न विजानन्ति-मयमेत्थ यमामसे ।
ये च तत्थ विजानन्ति-ततो सम्मन्ति मेधगा ॥६॥

**"एक न एक दिन सबैले मर्नु पर्दछ" यो विचार राख्ने बुद्धिमान् व्यक्तिको कलह संधै शान्त हुन्छ भने यो कुराको विचार नगर्ने मूर्ख व्यक्तिको कलह कहिल्यै शान्त हुँदैन ।**

★★★

★ न परेसं विलोमानि-नपरेसं कताकतं ।
अत्तनो'व अवेक्खेय्य-कतानि अकतानि च ॥७॥

**"अरूहरूको दोषहरू खोजी खोजी नहिंड; अरूहरूले के-के गरेका छन् छैनन् त्यसलाई पनि विचार नगर; खालि आफूले गरेका र नगरेका राम्रा नराम्रा कामहरूको मात्र विचार गर ।**

सम्पादकीय

# बुद्ध पूर्णिमा महोत्सव

हामीले यसपाली २५४६ औं बुद्ध पूर्णिमा महोत्सव मनाउँदैछौं । अर्को शब्दमा भन्ने हो भने हामीले बुद्ध गुण स्मरण गर्न लागिरहेका छौं । बुद्धको गुण यसरी स्मरण गर्दै आइरहनुको कारण के होला त ? कारण त प्रष्ट नै छ नि बुद्धले हामीलाई दुःखबाट मुक्त हुने बाटो देखाइदिनु भएको छ । दुःखलाई मनपराउने व्यक्ति को होला ? सबैलाई सुख मात्र मन परेको हुन्छ । तर सुखको चाहना मात्र राखेर पनि के गर्नु ? सुख प्राप्त गर्नको लागि उपाय सिकाइदिने बुद्ध शिक्षालाई अध्ययन, मनन र अभ्यास गर्ने कार्यबाट भने हामी संधै टाढा नै रहने गर्छौं । तर बुद्ध शिक्षाको अध्ययन र अभ्यास बिना बुद्धको अनुयायी कसरी बन्न सक्छौं र ? बुद्ध अनुयायी बन्न नसक्ने व्यक्तिले बुद्ध गुण स्मरणको तात्पर्यलाई बुझ्न सक्नु नै कसरी ?

बुद्धले भन्नुभएको थियो– "दुःख मन पर्दैन भने दुःख हुने काम नै नगर्नु ।" तर हामीले त्यसबेला मात्र दुःख नहुने काम गर्न सक्नेछौं, जब हामीले आफ्नो आचरणलाई राम्रो पार्न सक्नेछौं । त्यसैले यदि हामीलाई सुख मनपर्छ भने सर्वप्रथम हाम्रो मनमा सेवाभाव ल्याउनुपर्‍यो । विश्वासपात्र बन्न सक्ने शुद्ध चित्त हामीमा हुनुपर्‍यो । हाम्रो लागि सबभन्दा ठूलो पूण्य कार्य नै आफ्नो चित्त शुद्ध पार्न सक्नु हो । त्यसैले हामीले आफूलाई पनि अरूलाई पनि भलो हुने तरिकाले बोल्ने र काम गर्ने बानी बसाल्नु पर्‍यो । यसको लागि सुख पाउने आशाले होइन दुःखबाट मुक्त हुने लक्ष्य राखी काम गर्ने र कुरा गर्नु उचित हुनेछ । बढी आशामा मात्र अल्झियो भने दुःख मात्र प्राप्त हुनेछ ।

एकपटक एकजना सज्जन व्यक्ति बुद्ध समक्ष आई आफ्नो दुःख र समस्या कसरी हटाउने भन्ने विषयलाई अगाडि सारी यसरी प्रश्न गरेछ–

"भित्र पनि समस्या र जञ्जालले घेरेको छ, भने बाहिर पनि समस्या र जञ्जालहरू जटामा अल्झिएका छन् । हे श्रमण गौतम ! यस प्रकारका समस्याहरूलाई कसले सुल्झाउन सक्छ होला ?"

बुद्ध–

"जुन व्यक्ति शीलमा प्रतिष्ठित हुन्छ, जसको शील आचरण राम्रो हुन्छ, जो प्रज्ञावान् र विवेक बुद्धिले परिपूर्ण हुन्छ, जसले नराम्रो काम गर्ने बेला लाज र भयको महशूस गर्छ, जसले शील आचरण र प्रज्ञालाई अभ्यास गरी चित्त शुद्धपार्छ, उसले मात्र यस्ता समस्याहरू सुल्झाउन सक्नेछ ।"

यहाँ बुद्धले भन्नुभएको शिक्षामा शील र प्रज्ञाको कुरा स्पष्ट झल्किएको छ । आचरण शुद्धि र प्रज्ञा बिना दुःखबाट मुक्त हुन असम्भव छ । आज हाम्रो अगाडि जति पनि दुःख र समस्याहरूले पिरोलिरहेका छन्, त्यसको प्रमुख कारण हामीमा विद्यमान रहेका जति भएपनि नपुग्ने बानी तृष्णा, नराम्रा आचरणहरू र दुषित मनोभाव सहितको चित्त हो ।

बुद्ध भन्नुहुन्छ–

"एक युवकले व्यापार, खेतिपाती वा नोकरी गरी आफ्नो जीवन निर्वाह गर्छ । उसले आफ्नो रोजगार र व्यवसाय धान्नको लागि थुप्रै कष्ट भोग्नुपर्ने हुन्छ । यस कार्यमा दिनरात प्रयत्नरत रहन्छ ऊ । यसरी परिश्रम गरेता पनि उसको मनले चाहेको इच्छा पूरा हुन सकेन भने त्यो अवस्थामा ऊ शोकाकूल, निराश र दुःखी हुन पुग्छ ।

यी भौतिक विषयहरूलाई प्राप्त गर्ने लक्ष्य राखेर नै धेरैजसो मानिसहरू लडाई गर्न पनि तम्सिन्छन् र भिषण युद्ध क्षेत्रमा प्रवेश गर्छन् पनि । विषयको यस विषालु मिठाईको पछि लागेर उसले आफ्नो मरणान्त अवस्थासम्म पनि दुःख नै झेलिरहेको हुन्छ । तर उसलाई थाहा नै हुँदैन दुःखबाट मुक्ति पाउने प्रमुख उपाय नै विषयको आशक्तिलाई त्याग्नु हो भनेर । त्यसैले आज देखि हामीले दुःखबाट मुक्ति प्राप्त गर्न सक्ने बुद्धको यस प्रमुख शिक्षालाई मनन गरी बुद्ध पूर्णिमा मनाउन सिकौं र बुद्ध प्रति ठीक तरिकाले श्रद्धा र सम्मान चढाउन सिकौं ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ सं. |
|---|---|---|---|
| १. | बुद्ध वचन | - | १ |
| २. | सम्पादकीय - बुद्ध पूर्णिमा महोत्सव | - | २ |
| ३. | प्रियदर्शी अशोकको लुम्बिनी आगमन र ... ... | - देवेन्द्रराज शाक्य | ५ |
| ४. | पूजाआजा कति कति ? | - डा. अरूणा उप्रेती | ८ |
| ५. | बुद्ध, विश्व र विवाद | - | ९ |
| ६. | बुद्ध शासन के हो ? | - रीना तुलाधर | १० |
| ७. | बाइस वर्ष बित्न लाग्दा लुम्बिनी गुरुयोजना अधुरै | - माधब ढुंगाना | १२ |
| ८. | उपवास किन ? | - शिवजी थापा | १३ |
| ९. | विवाह गरेको भए स्कूल बनाउनै सकिँदैनथ्यो ... | - दीपक भट्टराई/मणी लोहनी | १४ |
| १०. | आँखादान गरेपछि रत्नमायालाई पुण्य ... ... | - नारायण किलम्बू | १५ |
| ११. | सम्राट अशोक कलिंगको युद्धदेखि ... ... | - केदार शाक्य | १६ |
| १२. | मैथिली लोककथा-गोकुल झा एक पटक मर्दा | - डा. रेवतीरमण लाल | १८ |
| १३. | पुटभत्त जातक | - भिक्षु अमृतानन्द | २० |
| १४ | भारद्वाज ब्राह्मणको हृदय परिवर्तन | - भिक्षु अश्वघोष | २२ |
| १५. | राम्रो वानी व्यवहार | - वीर्यवती | २४ |
| १४. | मेरो लुम्बिनी यात्रा | - घनश्याम राजकर्णिकार | २७ |
| १५. | छोरा कि छोरी ? | - | ३१ |
| १६. | छलफल-आनापान स्मृति (सति) | - मेघदूत | ३२ |
| १७. | *A speech delivered by Ashin Nyanissara,* Chancellor of Sitagi ... ... ... | | 34 |
| १८. | Non-Violence, For a Free And ... ... | - **Bhikkhu Ananda** | 36 |
| १९. | Beloved Daughter of ... ... | - **By Shyam Lal Chitrakar** | 39 |
| २०. | विद्वानपिनि मिखाय् बुद्धधर्म | - मुनीन्द्ररत्न बज्राचार्य | ४३ |
| २१. | ज्ञानया मिखा कना स्व | - आमिसस | ४४ |
| २२. | बुद्ध जयन्ति | - अरबिन्द्र कौशल्यायन | ४४ |
| २३. | बुद्ध मात्र बुद्ध हो ! | - गोविन्द ताम्राकार | ४५ |
| २४. | वचाउ भक्तहरूलाई | - हरिकृष्ण श्रेष्ठ | ४६ |
| २५. | चतुरार्य सत्य | - राजा बज्राचार्य | ४६ |
| २६. | सफलता पाउन | - भिक्षु संघरक्षित | ४६ |
| २७. | सम्यक पूजा-६ | - भिक्षु विशुद्धानन्द (प्राणपुत्र) | ४७ |
| २८. | धर्मकीर्ति विहार–गतिविधि | - | ४८ |
| २९. | क्लिनिक रिपोर्ट | - | ५० |
| ३०. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ५० |
| ३१. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक ज्याझ्व: | - | ५१ |
| ३२. | ध्यानकुटी वाल आश्रमलाई सहयोग | - | ५१ |
| ३३. | धर्म-प्रचार–समाचार | - | ५३ |




***Best Wishes to***

***Dharmakirti Buddhist Study Circle***

***& all***

***on the auspicious occasion of the***

***2546th Vaisakh Purnima***

Last Frontiers Trekking (P) Ltd.

P.O. Box: 881, Dhumbarahi
Kathmandu, Nepal

Tel: 431512, 438276
Fax: 977-1-438275
e-mail: mdsherpa@mos.com.np
website:www.lastfrontiers-nepal.com

# प्रियदर्शी अशोकको लुम्बिनी आगमन र शीलास्तम्भको निर्माण

देवेन्द्रराज शाक्य, बुटवल

प्रथममौर्य सम्राट चन्द्रगुप्तमौर्यको छोरा विन्दुसारको मृत्युपछि उनकी कान्छी पत्नी शुभद्रांशीको कोखबाट जन्मेको जेष्ठ सुपत्रु अशोकको काँधमा मगध राज्यको शासन सम्हाल्ने दायित्व आईपुग्यो । उनी निकै महत्वाकांक्षी थिए । युवराज छँदै पिता विन्दुसारको शासनकालमा उनले वीरतापूर्ण कार्य गरि विशेष प्रभाव पार्न सफल भएका थिए। राज्य विस्तार गर्नु उनको ध्येय थियो । शासन सम्हालेपछि उनले आसपास कयौं राज्यलाई पराजित गरि आफ्नो राज्यमा समावेश गरे । राज्य विस्तारकै क्रममा आफ्नो राज्याभिषेकको आठ वर्ष पछि कलिंगमा आक्रमण गरे । त्यसबेला कलिंग देशमा राजा मृगेन्द्रको शासन थियो । सम्राट अशोकले सोचेका थिए कि अन्य राज्यहरूलाई जस्तै कलिंगमाथि पनि सजिलैसंग विजय प्राप्त गरि आफ्नो राज्यमा समावेश गर्न सकिनेछ । तर अर्को सोचाई गलत सावित भयो । कलिंग राज्य पनि शक्तिशाली थियो । अशोकको आक्रमणको जवाफ कुशलतापूर्वक दिइरहेका थिए। तीन वर्ष चार महिना युद्ध भयो । एक लाख भन्दा बढि व्यक्तिको ज्यान गयो । त्यत्तिकै संख्यामा घाइते भए । युद्ध भूमिमा मृत सैनिकहरूको लास यत्रतत्र छरिएका थिए । चारैतिर दुर्गन्ध फैलिएको थियो । घाइतेहरूको दुदर्शा उस्तै थियो । उचित चिकित्साको अभावमा उनीहरूको स्थिति झन दयनिय बन्दै गएको थियो । भीषण नरसंहारको दृश्य उसको मस्तिष्कमा अंकित भइरह्यो । उनलाई लाखौं मानिसको ज्यान गएकोमा पश्चातापको आगोले पोल्न थाल्यो । यस घटनाले अर्को जीवनमा ठूलो परिवर्तन ल्यायो । उनी युद्ध शिविरमा थिए । उनले प्रधानमन्त्री राधालाई बोलाई युद्ध त्यागगरि सन्धि गर्ने विचार व्यक्त गरे । तर युद्ध अन्तिम अवस्थामा पुगेको बेला सन्धिगर्नु उपयुक्त नभएको विचार बिन्ति गरी यसको लागि राजमाता बुद्धिमती तथा अन्य सल्लाहकारहरूसंग सल्लाह गर्न सुझाव दिए ।

इन्द्रनिल पर्वतस्थित इन्द्र भवन गुफामा सम्राट अशोकका सौतेनी आमा राजमाता बुद्धिमती, सौतेनी भाई वीताशोक प्रधानमन्त्री राधागुप्त, भीसु श्रेष्ठ सुम्पुष्टाचार्यका अतिरिक्त अन्य विशिष्ट सल्लाहकारहरू उपस्थित भए । सम्राट अशोकले लामो संघर्षबाट धन जनको निकै क्षति भएको हुँदा लडाई समाप्त गरि सन्धि गर्ने आफ्नो मनसाय रहेको कुरा व्यक्त गरे । लामो तर गंभीर छलफल पश्चात् तुरुन्तै सन्धि नगर्ने, अरू केहि दिन लडाई चालु राख्ने त्यसको लागि सम्पुष्टाचार्यलाई संम्पूर्ण अभिभारा सुम्पने निर्णय गरियो । कलिंग विजयको पछाडीको घटनाक्रम छोटकरीमा यसप्रकार छ– श्रेष्ठी सम्पुष्टाचार्यले राजा मृगेन्द्रको प्रधानमन्त्री विशाखानन्दकी सातौं पत्नी प्रमिलालाई आफ्नो पक्षमा लिई यदि विशाखानन्दले राजा मृगेन्द्रको हत्या गरेमा उनी राजा बन्ने र तिमी महारानी बन्नेछौ भनी लोभ देखाए । भावि रानी बन्न पाउने लालचले प्रमिला उक्त षडयन्त्रमा सहभागी बन्न राजी भए । योजना अनुसार प्रधानमन्त्री विशाखानन्दलाई अनेक तरहले खुसी गराई, फकाई फुलाई प्रमिलाले राजदरवारको गुप्तबाटोको रहस्य र युद्ध सामग्री राखेको भण्डारको सांचो हातपार्न सफल भइन् । रात्रीको प्रहरमा सम्पुष्टाचार्यले कलिंगमा धावाबोली अस्त्र शस्त्र भण्डारमा आगो लगाइदिए । सिपाहीँहरूलाई बन्दि बनाइए । बिहानीपख कलिंग देशको राजकिल्लामा मगध देशको विजयी झण्डा फहराइए । (उपरोक्त उल्लेखित घटनाक्रमप्रति सम्राट अशोक पूर्णरूपमा अनभिज्ञ थिए । उनलाई उक्त पूर्व योजनाको कुनै जानकारी सम्म पनि दिइएको थिएन । उक्त विजय पश्चात सम्राट अशोकलाई आर्यावर्तको प्रथम चक्रवर्ती सम्राट भनी घोषणा गरियो। पूर्व योजना अनुसार चक्रवर्ती सम्राट अशोकको अधिनमा रहने गरी विशाखानन्दलाई राजा एवं प्रमिलालाई रानी बनाइयो ।

राज्य विस्तारको क्रममा तथा सत्य र अहिंशाको शासन चिरस्थायी बनाउने क्रममा अज्ञानतावश मानिसको हत्या गर्नु गराउनु मामुली कुरा मान्ने अशोक कलिंगको युद्धमा भएको नरसंहार एवं अपार धन जनको क्षतिबाट उसको हृदय परिवर्तन भयो । अहिंशा नै धर्म हो भन्ने महशुस गरे । युद्धको लागि हतियार नउठाउने, कसैको हत्या नगर्ने, अरुलाई उसको इच्छा विरुद्ध धर्म परिवर्तन नगर्ने, नगराउने प्रण गरे । साथै आफ्ना अधिनष्ठ राज्यका राजाहरूलाई पनि हिंसा, अन्याय अत्याचार नगर्न, जवर्जस्ती धर्म परिवर्तन नगर्न आदेश

जारी गरे । राज्याभिषेक समारोहमा उनलाई देवताहरूको प्रिय भएको कारण 'प्रियदर्शी" को उपाधीले विभुषित गरियो । प्रियदर्शी अशोकले विगतमा आफूबाट अज्ञानतावश भएको हिंसा, हत्याको पश्चाताप गरी बाँकी जीवन जनताको उच्चतम भलाइमा लगाउने प्रण गरे । तन मन धन सद्धर्मको प्रचारमा लगाउने, अहिंसामय धर्मको प्रचारमा लगाउने संकल्प गरे । धर्म विजय बराबर अर्को विजय हुदैन भन्ने उद्घोष गरे । अहिंसानै सवै भन्दा ठूलो धर्म हो । तलवारको बलबाट गरेको धर्मप्रचारले मानिसको मन जित्न सकिदैन भन्ने महशुस गरे । यज्ञ यज्ञादीमा पशुवध गर्न कडा प्रतिबन्ध लगाए ।

प्रियदर्शी अशोकले गुरु श्रेष्ठी उपगुप्ताचार्यलाई आफ्नो धर्मगुरु बनाए । सम्पुष्टाचार्यको अबौद्ध कृयाकलापको कारण उनलाई बौद्ध भिक्षुहरूको सभापतिबाट हटाई आचार्य मोग्गलिपुत्र तिष्यलाई सभापति पदमा सुशोभित गरिए । सम्राट अशोकको विवाह कलिंगाधिपति मृगेन्द्रका छोरी प्रणयिनीका साथ तथा उनका छोरा जितेन्द्रको विवाह अशोकको बहिनी इन्दिरासँग सुसम्पन्न भयो ।

सम्राट अशोकको सुकीर्ति चारैतिर फैलिरहेको थियो । उनलाई भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गर्ने इच्छा जागृत भयो । विभिन्न स्थानहरूको तीर्थ यात्रा गर्दै आफ्नो राज्याभिषेकको २० औं वर्षमा आफ्ना धर्मगुरु उपगुप्तकासाथ ई.पू. २४५ मा लुम्बिनी आइपुगे । लुम्बिनीमा भगवान बुद्धको जन्मस्थानको पश्चात आफू यस पवित्र स्थानमा आएको प्रमाण स्वरूप त्यस बेलाको प्रचलित लिपी अनुसारको अक्षर कुंदाई एउटा शिला स्तम्भ निर्माण गरे । त्यही स्तम्भलाई हामी अशोक स्तम्भ भनि चिन्दछौं ।

ब्राह्मी लिपीमा कुंदिएको उनका स्तम्भको पाली भाषाका अतिरिक्त अंग्रेजी, संस्कृत, हिन्दी एवं नेपाली रुपान्तर यसप्रकार छ ।

१. अशोक कालिन ब्राह्मी वर्णमाला
२. ५ हरफमा कुंदिएको अशोक स्तम्भको अभिलेख
३. अभिलेखको पाली भाषामा रुपान्तर
४. संस्कृत भाषामा रूपान्तर
५. अंग्रेजी भाषामा रूपान्तर
६. हिन्दी भाषामा रूपान्तर
७. नेपाली भाषामा रूपान्तर

*क्रम अनुसार फोटोकपी संलग्न छ ।*




*II A. Asokan Brahmi alphabet*



*ब्राह्मी लिपीमा कुंदिएको अशोक स्तम्भको अभिलेख*

## MINOR PILLAR EDICT RUMMINDEI

***संस्कृत छाया:***

देवानां प्रियेण प्रियदर्शिना राज्ञा विंशतिवर्षाभिषिक्तेन आत्मना आगत्य महीयितम् इह बुद्धो जात: शाक्यमुनिरिति । शिलाविकृतभित्तिश्च कारिता, शिलास्तम्भ उच्छ्रापित: । इह भगवान् जात इति लुम्बिनीग्रामे उद्बलिक: कृत: अष्टभागीयेश्चे ।

***English Translation :***

When he was consecrated twenty years, king Priyadarsi, the Beloved of the gods, personally came and worshiped this spot because the Sakya simha, Buddha was born here. He caused a huge stone pillar to be erected and a figure of stone to be made. For here the Enlightened one was born, the Lumbini village was exempted from religious cesses and was made to submit 1/8th share only (by was of land revenue).

*हिन्दी अनुवाद :*

देवताओं के प्रिय प्रियदर्शी राजा ने राज्याभिषेक के २० वर्ष पश्चात् स्वयं आकर (इस स्थान की) पूजा की क्योंकि यहाँ शाक्यसिंह बुद्धका जन्म हुआ था । यहाँ पत्थर का एक स्तम्भ स्थापित किया गया और पत्थर की एक आकृति खड़ी की गइ । चूकि यहाँ भगवान बुद्ध जन्मे थे इसलिये लुम्बिनी ग्राम में धार्मिक कर क्षमा कर दिया गया था और (उनसे) १।८ भाग ही (भूमि कर के रूप में) लिया जाता था ।

## RUMMINDEI PILLAR (TEXT)

Language : Prakrit Date : c. 272-232 B.C.
Script : Brahmi

(१) देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन (२) अतन आगाच महीयिते (।) हिद बुधे जाते सक्यमुनीति (।) (३) सिलाविगडभी चा कालापित सिलाथभे च उसपापिते (।) (४) हिद भगवं जाते ति लुंमिनिगामे उबलिके कटे (५) अठभागिये च (।)

*नेपाली अनुवाद :*

"देवताहरूको प्रिय प्रियदर्शी राजा आफ्नो राज्याभिषेकको २० वर्ष पश्चात् आफै आई यस स्थानको पूजा गरे किनकी यस स्थानमा शाक्य मुनि बुद्धको जन्म भएको थियो । यहाँ ढुंगाको प्राचिर बनाउन लगाए र एउटा शिलास्तम्भ स्थापना गरे । यहाँ भगवान बुद्ध जन्म भएकोले लुम्बिनी ग्राममा धार्मिक कर माफ गरियो जुन आठौं भाग (भूमिकरको रुपमा लिईन्थ्यो)

चीनमा बुद्ध धर्मको प्रचार भएपछि प्रसिद्ध चिनीया तीर्थयात्रीहरूले भगवान बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गरेको कुरा उल्लेखनिय छ । यसक्रममा सर्व प्रथम चीनिया बौद्ध तीर्थयात्री फाहियानले पाँचौ शताव्दीमा र अर्का चीनिया बौद्ध तीर्थयात्री हुयन-सांगले सातौं शताब्दीमा लुम्बिनीको भ्रमण गरेका थिए । लुम्बिनीको भ्रमणको क्रममा आफूले अन्य भग्नावशेषका अतिरिक्त अशोक स्तम्भको माथिल्लो भाग घोडाको टाउकोको मूर्ति भुईमा परिरहेको देखेको वर्णन गरेका छन् । जुम्लाका खस राजा (पश्चिम नेपालका मल्ल राजा) रिपुमल्लले (सन् १२३४) १४ औं शताव्दीमा लुम्बिनीको भ्रमण गरी आफूले लुम्बिनीको भ्रमण गरेको प्रमाण स्वरूप अशोक स्तम्भ मा "ॐ मणि पद्मे हुँ" लेखी आफ्नो नाम समेत कुंदाएका थिए ।

१९ औं शताब्दीमा पश्चिमी देशहरूमा बुद्ध शिक्षाको प्रचार प्रसार हुन थाल्यो । बौद्ध धर्मको अध्ययन अनुसन्धानको लागि विधिवत संस्थानहरू खोलिए । दुर्लभ बौद्ध ग्रन्थहरूको अनुवाद गरिए । बुद्धसंग सम्बन्धित स्थलहरू लुम्बिनी, बुद्धगया, सारनाथ, कुशीनगर, राजगृह, बैशाली, श्रावस्ती, कपिलवस्तु, रामग्राम आदिको खोजी गरि महत्वपूर्ण उपलब्धीहरू हासिल गरे ।

शताब्दीयौंसम्म विलुप्त रहेको यस स्तम्भको पुन: पत्ता लगाउने श्रेय पाल्पाका तत्कालिन कमाण्डिङ जनरल खडग शमशेर लाई जान्छ । पुरातत्व एवं इतिहास विषयमा विशेष अभिरूची भएका कारण उनले यस स्थानको उत्खनन् गर्न लगाएका थिए । उत्खनन् कार्य अन्तिम चरणमा पुगेको बेला जनरल खड्ग शमशेरको खोजी गर्दै जर्मन पुरातत्वविद् (प्रान्तिय संग्रहालय लखनउका तत्कालिन संग्रहालय हेरचाह गर्ने अधिकारीका रुपमा कार्यरत) डा.ए. फ्यूहरर त्यस ठाउँमा आइपुगे र त्यसको फोटो लिएर गई लखनउबाट प्रकाशित हुने 'द पायोनिर' पत्रिकामा १८९६ दिसेम्वर १ मा विवरण सहितको समाचार प्रकाशित गरे ।

अशोक स्तम्भ पत्ता लागेतापनि यसमा कुन भाषामा के लेखिएको छ भन्ने कुरा थाहा थिएन । ब्राह्मी लिपीका जर्मन विशेषज्ञ हुट्श (Huttzsch) ले माथि उल्लेखित अशोक स्तम्भमा भगवान बुद्ध लुम्बिनीमा जन्मेको र सो स्तम्भ ... देवताहरूका प्रिय प्रियदर्शी अशोकले बनाएको भन्ने वाक्य लेखिएको भनि स्पष्ट गरेका थिए । यस स्तम्भले तथागत बुद्ध यस पवित्र भूमि लुम्बिनीमा जन्मेको हो भनी अकाट्य प्रमाण छोडेको छ । यसै स्तम्भको आधारबाट नै "लुम्बिनीलाई संसारभर चिनाउन सफल भएको छ । अस्तु!




शान्ति नायक गौतम बुद्धया

जन्म, सम्बोधि व महापरिनिर्वाण चूलागु

स्वाँया पुन्हीया लसताय् भिन्तुना

**बुद्ध सम्वत २५४६**

स्टेशनरी सेण्टर

**न्यूरोड, काठमाडौं**

**फोनः २२३९४९**

# पूजाआजा कति कति ?

डा. अरूणा उप्रेती

एक वैशाखदेखि नेपालका सातवटा शहरमा एकैचोटि विशाल पूजाआजा भयो अरे । पूजा नेपालमा अहिले भइरहेको युद्ध रोक्न र शान्तिको लागि रे । पूजामा, महायज्ञमा आएका स्वस्थ पण्डितहरू देख्दा लाग्छ, पूजाले अरूलाई नभए पनि उहाँहरूलाई चाहिं पक्कै शान्ति दिन्छ । किनभने पूजाको नाममा पाइने मिष्ठान्न, पाइने आदर मान सम्मान आदि पूजा नभए कहाँ मिल्थ्यो र ?

पण्डितजीहरूलाई एउटा प्रश्न सोध्न मन लागेकोछ- पूजाआजाले शान्ति ल्याउने भए किन यतिका दिन पर्खेको त ? २०४६ सालदेखि नै सुरु गरेको भए भइहाल्थ्यो नै । उहाँहरूले भन्नुहुन्छ होला, ४६ सालमा त शान्ति नै शान्ति थियो किन गर्नुपर्‍यो पूजा ? यदि त्यसो हो भने त्यस्ता पण्डित के पण्डित जसले भविष्यलाई देख्न सकेन, जसले ४६ सालमा जुकाजस्तै मलमलाएका नेता पनि जुके बुद्धि भएर सबै कुरा खान्छन् भन्ने कुरा हेक्का गर्न सकेन । अब जब सबै कुरा खाल्डोमा जाकिन थालेको छ तब धमाधम पूजा गर्दै, शान्तियज्ञ गर्दै पण्डितहरू अझै जनतालाई सपना बाँड्दैछन् ।

यदि साँच्चि नै पण्डितजीले भनेजस्तै पूजा गरेर शान्ति सम्भव हुँदो हो त हामी पण्डितलाई एउटा आग्रह गरौं । "हे पण्डित विद्वानहरू एउटा यस्तो पूजा, यस्तो यज्ञ गरिदिनुस् जसले गर्दा हाम्रा नेताजीहरूको मस्तिष्कको 'पैसा खाने कीरा' मरोस् । 'जसरी भए पनि हसुरौं' भन्ने 'पागलपन' टाढा जाओस् । धमिजा, लाउडा, सानेवानि, साझा यातायातलाई बेचेर खाएको सबै पैसा जनतालाई फिर्ता गरुन् । जनता, पुलिस, एकातिर मरिरहँदा उनीहरूलाई खित्का छोडेर हाँस्ने र रक्सीको पेगसँग जीउ मड्काएर नाच्ने बुद्धि यज्ञको धूवाँले उडाएर लगोस् । यदि पण्डितजीहरूले हामी यस्तो यज्ञ गर्न सक्छौं भनेर प्रतिज्ञा गरेर उदाहरणस्वरूप एउटामात्रै सानो काम गरेर देखाउनुभयो भने हामी मानौंला, हो पण्डितजीहरू त धन्य हुनुहुँदो रहेछ ।

यदि हाम्रा पण्डितजीहरूको यस्तो शक्ति छ भने शान्तिको लागि यज्ञ गरिदिन अफगानिस्तान, इजरायल, प्यालेस्टाइन सबै ठाउँमा बोलाउने पक्कै सम्भावना छ । त्यसो भएपछि त नेपालका १२ प्रतिशत जनता बहुजातिहरू सबै यस्तै कामको लागि भनेर निर्यात गर्न सकिन्थ्यो । त्यसपछि त नेपालीहरूलाई डलरको कुनै समस्या नै पर्ने थिएन ।

अनि त नेताहरूको बुद्धी राम्रो हुने, कलकारखाना बन्ने, कोही भोकै नहुने, कर्णालीमा धान-चामल मात्र होइन, मालपुवासमेत पुर्‍याउन सकिने, नुनको त छेलोखेलो नै हुने यस्तो सुन्दर भविष्य हुन्थ्यो होला ?

ल भन्नुस् पण्डितजीहरू तपाईंहरू के नेपालमा शान्ति ल्याउन साँच्चिकै इच्छुक हुन्छन् त ? यदि साँच्चि नै इच्छुक हुनुहुन्छ भने यज्ञमा चामल डढाएर, ढुङ्गाको मूर्ति पूजा गरेर र मन्दिरहरू बनाएर होइन यज्ञ गर्नुस् परिश्रमको, उद्यमको । किनभने तपाईका पूजाआजाले अहिलेसम्म कसैलाई परिश्रमको महत्त्व सिकाएका छैनन् । समयको महत्त्व सिकाएका छैनन् । सिकाएका छन् त भाग्यवादी भनेर तपाईका पाउमा ढोग्न र तपाईलाई ढोगेपछि सबै पाइन्छ भन्ने झुठो आशा लिन । पूजाआजाले शान्ति ल्याउँदो हो त अयोध्यामा रामको पूजाआजा गरेपछि गुजरातमा त्यत्रो नरसंहार मच्चिँदैनथ्यो । के अयोध्याका रामले गुजरातमा मान्छे मार्नलाई सिकाए त ? यदि पूजा गरेर नै शान्ति हुने भए त विश्वका सबै ठाउँमा शान्तियज्ञ चल्थे होलान् । तर, अपशोच यो छ कि जहाँ बढी पूजाआजा गरिन्छ, त्यहीं भाँडभैलो हुन्छ । पशुपतिमा बिहान–बेलुका पूजा हुन्छ, त्यहाँको वरिपरिको दरिद्रता, फोहोरी, दुर्गन्ध किन हराएर जाँदैन त ? पूजाआजा गरेर नै शान्ति हुन्थ्यो त मन्दिरमा पूजारीहरूले जनताले चढाएको सबै पैसा आफैं कुम्ल्याउँ भन्ने चाहना राख्दैनथे होलान् । पूजाआजाले शान्ति ल्याउँथ्यो होला त मन्दिरका भगवान्लाई लगेर बाहिरका देशमा बेच्ने काममा 'ठूलाबडा' हरू सरिक हुँदैनथिए होलान् । तर विडम्बना यो छ, जहाँ बढी पूजाआजा छ, जहाँ बढी यज्ञ छ, जहाँ बढी पूजाका सामग्रीहरू अग्निमा होम गरिन्छन्, त्यहीं नै बढी अशान्ति, कोलाहल, अव्यवस्था छ । तर, पनि पण्डितहरू पूजाआजा गरी नै रहनुहुन्छ किनभने योबाहेक उहाँहरूले परिश्रम गर्न सिक्नु नै भएको छैन । इन्टरनेटको प्रयोगबाट र टीभीबाट उहाँहरू संसारभरि पुग्नुहुन्छ तर जनतालाई उहाँहरू अझैं पाँच हजार वर्षअघिकै अवस्थामा बसिराख भन्नुहुन्छ । किनभने गाउँका जनता पनि उहाँभैं आधुनिक भए भने त उनीहरूले पैसा–सैसा चढाउँदैनन् । अनि पण्डितजीले केले आफ्नो जीविका चलाउने ?

*साभार : "राजधानी" २०५९ बैशाख ६ गते शुक्रवार*

# बुद्ध, विश्व र विवाद

विश्वशान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५४५ औं बुद्ध पूर्णिमा जयन्ती अन्य वर्षहरूमा झैं यस वर्ष पनि आज भित्तेपात्रोको पानामा पल्टिएको छ । जयन्तीको औपचारिकताका लागि राष्ट्रिय स्तरमै कार्यक्रमहरू पनि तय भएका छन्। तर प्रत्येक वर्षका बुद्ध जयन्ती औपचारिकतामा मात्र सीमित हुन नदिन राज्य र नागरिक समाजका तर्फबाट खासै ध्यान दिइएको छैन ।

बुद्ध र बुद्ध जयन्ती नेपाल र नेपालीको लागि मात्र नभई सम्पूर्ण भूसत्ता तथा चेतनसत्ताको तहसम्म नै महत्त्वपूर्ण आलोकका रूपमा धेरै मुलुकहरूले लिने गरेका छन् । त्यसकारण पनि आजको दिन विश्वकै लागि महत्त्वपूर्ण दिनका रूपमा रहे पनि अन्य मुलुकहरूका शान्तिकामी व्यक्ति तथा बौद्ध धर्मावलम्बीको मन यस क्षण नेपालको लुम्बिनी र स्वयंम्भूतिर मोडिएको छ। यो दिन विश्वकै लागि महत्त्वपूर्ण भए पनि शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल नेपाल भएको कारणले नेपालका लागि भने विशेष महत्त्वपूर्ण छ ।

यस वर्ष बुद्ध जयन्ती समारोह समितिले श्री ५ को सरकारमार्फत संयुक्त राष्ट्रसंघलाई यस जयन्तीलाई विश्वशान्ति दिवसका रूपमा घोषणा गर्न गरेको आह्वानलाई संयुक्त राष्ट्रसंघीय प्रशासनिक पक्षबाट सकारात्मक रूपमा लिइनु आवश्यक छ। तर, त्यसभन्दा पनि पहिला राष्ट्रियस्तरमै श्री ५ को सरकारले बुद्ध जयन्तीलाई कुनै धर्म विशेषको रूपमा भन्दा शान्ति दिवसका रूपमा मान्यता प्रदान गरी विश्वव्यापी आग्रह वा दबाव सिर्जना गर्नु उचित हुन्छ ।

नेपाललाई विश्वसामु परिचित गराउने माध्यम भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी र सर्वोच्च शिखर सगरमाथा दुबैलाई सरकारले अधिकतम राष्ट्रिय हितका दृष्टिकोणले उपयोगमा ल्याउन सकेको छैन । बरू समय समयमा बुद्धको जन्मस्थल विषयमा छिमेकी मुलुकबाट उठ्ने विवादले अन्तर्राष्ट्रियस्तरमा उब्जिन जाने सम्भावित सन्देहलाई प्रष्ट गर्न सरकारले प्रभावकारी प्रतिक्रिया जनाउन नसकी राष्ट्रिय कमजोरीलाई प्रष्ट्याउँदै आएको थियो । तर, केही समयअघि संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनबाट भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी नै भएको तथ्य सार्वजनिक गरेपछि सो अनावश्यक विवाद वा सन्देहलाई किनारा लगाइ दिएको थियो। यद्यपि सो सन्देह एक पक्षीय ढंगबाट उठाई विवाद सिर्जना गरिएको थियो तर भगवान् बुद्धको जन्मस्थलको सम्बन्धमा रहेको वास्तविक तथ्यलाई सन्देहास्पद बनाउन खोज्ने दुस्प्रवृत्तिलाई दुरुत्साहित गर्नु बुद्ध जयन्तीको अवसरमा सान्दर्भिक बनेर उठेको छ ।

अर्कोतर्फ लुम्बिनी विकास कोष र हामी बुद्धको देशकै नेपालीहरू पनि बुद्धजयन्तीका आसपासमा मात्र बुद्धको वा लुम्बिनीको विषयमा विभिन्न कार्यक्रमहरू गर्ने औपचारिक मानसिकतामा जकडिएका छौं ।

बुद्ध र बुद्धको जन्मस्थलका सम्बन्धमा अब विश्व निर्बोध र मुक पनि रहेको छैन । विश्व सम्पदा सूची र सभ्यताको अभिन्न अंगमा परेका यस्ता हाम्रा राष्ट्रिय निधिहरूका सम्बन्धमा आन्तरिक अभ्यासको निरन्तरताबाट अन्तर्राष्ट्रिय ध्यान आकृष्ट गर्नुपर्ने अहिलेको अवस्था हो । विश्व सम्पदाकै सूचीमा रहेका निधिहरू पनि संरक्षण र संवर्द्धन गर्ने प्राथमिक कर्तव्य सम्बन्धित राष्ट्रकै हुन्छ। यदि त्यसो नभएमा सो सूचीबाट हट्न सक्ने अन्तर्राष्ट्रिय कानूनी मान्यता रहेको छ। तर पनि विश्वस्तरबाट नेपालको बौद्ध क्षेत्रमा उल्लेखनीय कार्यहरू गर्दै आएका छन्, जति कार्य हामीले आन्तरिक रूपमा गर्न सकेका छैनौं भनी लज्जास्पद ढंगबाट स्वीकार गर्न कर लाग्छ । यद्यपि भगवान् गौतम बुद्ध, लुम्बिनी र बौद्ध सभ्यता विश्व सम्पदा सूचीमा रहेका कारण मात्र महत्त्वपूर्ण बनेका छैनन् मानवीय चेतनसत्ताका लागि महत्त्वपूर्ण बनेकाले सूचीकृत भएका छन् । त्यसकारण सूचीमा रहने र नरहनेभन्दा पनि सम्पूर्ण विश्व बुद्धका लोकोपकारी शान्तिको उद्देश्यबाट लाभान्वित हुनुपर्छ र विश्वले त्यो लाभ उठाउन पनि नेपालकै महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसको सन्देश विश्वव्यापी विस्तृतीकरणका लागि पनि त्यसका लागि राष्ट्रको प्रभावकारी आन्तरिक अभ्यास आवश्यक छ ।

अर्कोतर्फ शान्तिका प्रवर्तक बुद्धको देश नेपाल यतिबेला अशान्तस्थलका रूपमा प्रकारान्तरले प्रदर्शित हुँदै गइरहेको छ । राजनीतिक, सामाजिक, आर्थिक, सम्पूर्ण क्षेत्र जंगलदेखि शहरसम्म अशान्तिको महसुस गरिरहेका छन्, संकटमा परिरहेका छन्। बुद्धजयन्ती अथवा प्रस्तावित 'विश्व शान्ति' दिवसले सबैमा शान्ति प्राप्त हुने वातावरणको सिर्जना हुन सकोस् भन्ने कामना गरौं ।

*साभार : नेपाल समाचारपत्र सम्पादकीय (२०५८ बैशाख २४ गते सोमबार)*

# बुद्ध शासन के हो ?

रीना तुलाधर

शासन यो शब्दको शाब्दिक अर्थ त प्रायः सबैले बुझेकै छन् तर बुद्ध शासनको माने कमैलाई थाहा होला । २ हजार ५ सय वर्षअगाडि विश्वमा गौतम बुद्धको उदय भयो । सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा गृहत्याग गर्नुभयो । ६ वर्षसम्म कठिन तपस्या गरेर ३५ वर्षको उमेरमा सम्यक सम्बोधि ज्ञान प्राप्त गरेर वुद्ध बन्नुभयो । त्यसपछि उहाँको नाम शाक्यमुनि गौतम बुद्ध रहन गयो । श्रद्धावश भगवान बुद्ध पनि भनियो । गौतम बुद्धको मृत्यु (परिनिर्वाण) ८० वर्षको उमेरमा भएको थियो । बुद्ध बन्नुभएपछि ८० वर्षको उमेर अर्थात् ४५ वर्षसम्म बुद्धले आफ्नो जीवनको सम्पूर्ण समय प्राणीमात्रलाई सद्धर्म सिकाउनमा व्यतीत गर्नुभयो ।

४५ वर्षसम्म गाउँगाउँ, नगरनगर चारिका गरेर भगवान् बुद्धले जति धर्मसन्देश दिनुभयो केवल मौखिक नै दिनुभयो । न कुनै प्रकाशन थियो न कुनै अर्को किसिमको सञ्चार माध्यम । त्यतिबेला शाक्यमुनी बुद्धको धर्मसन्देशलाई सञ्चय गरेर राख्ने एउटै माध्यम उहाँकै शिष्य भिक्षुहरूको स्मरण शक्तिमात्र थियो । शाक्यमुनी बुद्धले केही भिक्षुहरूलाई शुद्ध सद्धर्म सिकाउनुभएपछि ती आफ्ना भिक्षु शिष्यहरूलाई आज्ञा दिनुभयो– चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय अर्थात् भिक्षुहरू हो ! बहुजनको हित र सुखका लागि चारिका गर, एकै ठाउँमा नबस । तथागत बुद्धको आज्ञा शिरोपर गरी बुद्धका दक्ष शिष्यहरूले पनि धर्म प्रचार गर्न थाले । यसप्रकार बुद्धको स्मरण शक्तिकै आधारमा मौखिक रूपमै सद्धर्मको प्रचार-प्रसार भयो ।

गौतम बुद्धको परिनिर्वाणको समयमा उहाँका प्रमुख शिष्यहरूमध्ये एक भिक्षु महाकाश्यप महास्थवीर कुशिनगरमा थिएनन् । शाक्यमुनी बुद्धलाई–भेट्न भनेर उनी आफ्ना पाँच सय भिक्षुहरूलाई साथमा लिएर पावा भन्ने ठाउँबाट कुशिनगरतर्फ आइरहेका थिए । उनीहरूले बाटैमा शाक्यमुनी बुद्ध परिनिर्वाण भइसकेको खबर थाहा पाए । यो दुःखद् समाचार सुनेर कमजोर मनस्थिति भएका कतिपय भिक्षुहरू मर्माहत भए । भिक्षुहरूको यस्तो विलाप सुनेर त्यहाँ उपस्थित सुभद्र नाम गरेका एक वृद्ध भिक्षुले आफ्नो विचार पोखे– तपाईंहरू किन अधैर्य भएर विलाप गर्नुहुन्छ ? उहाँ तथागत छउन्जेल हामीलाई गाह्रो थियो । जहिले पनि यसो गर्नुहुँदैन, उसो गर्नुहुँदैन भनी हामीलाई बन्धनमा राख्नुहुन्थ्यो । अब हामीले जुन नियम सजिलो छ, मनपर्छ त्यो मात्र पालन गरौंला । गाह्रो नियम छाड्दिउँला । अब हामी उहाँको बन्धनबाट मुक्त भयौं । सुभद्र भिक्षुको यस्तो नराम्रो विचार सुनेर महाकाश्यप महास्थवीरले यस्तो सोच्नुभयो– ओहो संसार ! बुद्ध परिनिर्वाण हुनुभएको केही दिनमा नै यस्तो भन्ने भिक्षुहरू भइसके भने पछि झन् के-के भन्ने निस्कने होलान् । तथागतको उपदेशलाई राम्रोसँग एकै सूत्रमा सङ्कलन गरिएन भने उहाँको धर्म चिरस्थायी हुन सक्दैन । धर्मप्रेमीहरूलाई धर्मको कुरा जान्न-बुझ्नसमेत दुर्लभ हुनेछ । बुद्ध परिनिर्वाण हुनेवित्तिकै उहाँको धर्म नष्ट गराउनु कदापि उचित छैन । अहिले नै यसको उपाय गर्नुपर्दछ ।

यसरी दृढनिश्चय गरेर महाकाश्यप भिक्षुले अघि सरेर प्रथमपटक बुद्ध धर्मको संग्रह गरे । बौद्ध साहित्यमा यसलाई प्रथम संगायना भनिन्छ । पाँच सय क्षीणाश्रवी अरहत भिक्षुहरू जम्मा भएर बुद्ध धर्म चिरस्थायी गर्न संग्रहित गरेका धर्मस्कन्धंहरू चौरासी हजार संख्यामा पुगेका थिए । उक्त संगायनामा भिक्षु आनन्दको पनि उपस्थिति रहेकोले संभवतः तथागत बुद्धले दिनुभएको सम्पूर्ण उपदेश सङ्कलन भएको छ भन्ने विश्वास गर्न सकिन्छ किनकि भिक्षु आनन्दलाई बुद्धको निजी सेवकका रूपमा नियुक्त गरिंदा उनले बुद्धले जहाँ, जुन ठाउँ, जुन समय, जति बेला दिनुभएको धर्मोपदेश पनि पछि आएर बुद्धले आनन्दलाई सुनाउनै पर्छ भन्ने शर्त राखेर शर्तमन्जुरनामा गरेर लिएका थिए । यसप्रकार गौतम बुद्धले दिनुभएका उपदेश जम्मै सुन्न पाउने अवसर प्राप्त गरेका व्यक्ति भएर आनन्दलाई धर्म भण्डारिक पनि भनिन्छ । बुद्धको परिनिर्वाणको तीन महिनापछि गरिएको उक्त संगायना बुद्धकालीन राजा अजातशत्रुको संरक्षणमा राजगृहको वेब्भार पर्वतस्थित सप्तपर्णी गुफामा सम्पन्न भएको थियो । ७ महिनासम्म लगातार संग्रहको काम चलेको उक्त संगायनामा पाँच सय अरहत भिक्षुहरूले भाग लिएका हुनाले यसलाई पञ्चसतिक पनि भनिन्छ ।

बुद्धको परिनिर्वाणको एक सय वर्षपछि (ई.पू. ३८३) मा मगधका राजा कालाशोकको संरक्षणमा दोस्रोपटक बुद्ध धर्मको संरक्षण हेतु दोस्रो संगायना भएको थियो । वैशालीको वालुकाराम विहारमा भएको उक्त संगायनामा रेवत महास्थवीरले प्रश्न गरे र १ सय २० वर्षीय भिक्षु सर्वकामी महास्थवीरले उत्तर दिए ।

८ महिनासम्म चलेको उक्त संगायनामा ७ सय अरहत भिक्षुहरूको उपस्थिति भएकोले यसलाई सत्तसतिक पनि भनिन्छ ।

सम्राट अशोकको राज्याभिषेकको १७ वर्षपछि (ई.पू.२४८ मा) उनैको संरक्षकत्वमा पाटलीपुत्र (हालको पटना) को अशोकाराम विहारमा तेस्रो संगायना सम्पन्न भयो । ९ महिनासम्म चलेको उक्त संगायनामा एक हजार चुनिएका भिक्षुहरूले भाग लिएका हुनाले यसलाई सहश्रिक पनि भनिन्छ । मोद्गलिपुत्र तिस्य नामका महास्थवीरको सभापतित्वमा भएको तेस्रो संगायनाले पारित गरेबमोजिम त्यसबेला संसारभरि विभिन्न देशहरूमा बौद्ध भिक्षुहरूलाई धर्म प्रचारार्थ खटाइएको थियो । बुद्ध धर्मको इतिहासमा सबभन्दा धेरै बुद्ध धर्मको प्रचार गर्ने सम्राट अशोकले बुद्धको शुद्ध धर्ममा विकृति देखिन थालेको थाहा पाएपछि धर्मको शुद्धाशुद्धिको उद्देश्यले तेस्रो संगायनाको आयोजना गरेका थिए ।

त्यसपछि ई.पू. ७९ तिर श्रीलंकाका राजा वट्टगामिणीको पालामा चौथो संगायना भयो । त्यतिबेलासम्म बुद्धको धर्म स्कन्ध गुरु-शिष्य परम्परा हुँदै मौखिक प्रचार-प्रसारमै स्मरणको आधारमा संरक्षित हुँदै आएको थियो । त्यसताका श्रीलंकामा ठूलो अनिकाल परेको थियो । मानिसहरू भकाभक मरिरहेका थिए । त्यस्तो कठिन समयमा पनि बौद्ध भिक्षुहरूले भोक मार्न आ-आफ्ना पेटमा भिजेका बालुवाका पोकाले थिचेर अति कष्ट सहन गरी बुद्ध धर्मका धर्म स्कन्धहरू स्मरण गरेर धर्मलाई शुद्ध रूपमा जोगाएको कुरा इतिहासमा उल्लिखित छ । ती साहसी, दृढ निश्चयी र धर्मप्रति अपार श्रद्धा भएका बौद्ध भिक्षुहरूप्रति आज पनि हाम्रो शिर श्रद्धाले झुक्दछ । अनिकालको हाहाकार सिद्धिएपछि अबदेखि त बुद्ध धर्मलाई केवल स्मरणकै आधारमा सञ्चय गरेर राखियो भने लोप हुनेछ भनी चौथो संगायनामा प्रथमपटक बुद्धका उपदेशको संग्रह ताडपत्रमा लिपिबद्ध गरियो ।

बुद्धका उपदेशहरूको संग्रह त्रिपिटकलाई सयपल्टसम्म पढेर शुद्ध गरियो । यी ताडपत्रहरू अझै विद्यमान छन् । प्रथमपटक लिपिबद्ध भएको भएर यो संगायनालाई पुस्तकारुढ संगायना पनि भनिन्छ । भिक्षु रक्खित महास्थविरको सभापतित्वमा श्रीलंकाको आलोक विहारमा आयोजना गरिएको उक्त संगायनामा ५ सय भिक्षुहरूको उपस्थिति थियो ।

पाँचौं संगायना बर्माका राजा मिण्डोनको आश्रयमा सन् १८६१ मा सम्पन्न भयो । बर्माको माँडलेस्थित राजदरवारमा ५ महिनासम्म चलेको उक्त संगायनामा २ हजार ४ सय भिक्षुहरू सम्मिलित थिए । संगायनाका सभापतिहरू राजरभिवंश, नरिंदाभिधण र सुमंगलसाणी थिए । त्यो बेला त्रिपिटक ७ सय २९ संगमरमरहरूमा कुँदियो जुन आज पनि मोडेलोस्थित कुथो दाच दो विहारमा देख्न सकिन्छ ।

छैठौं संगायना पनि बर्माकै राजधानी रंगुनमा सन् १९५४ मा सम्पन्न भयो । भदन्त रेवतको सभापतित्वमा चलेको उक्त संगायनामा जम्मा २ हजार ५ सय भिक्षुहरूले भाग लिएका थिए । दुई बर्षसम्म चलेको सो संगायनाका प्रश्नकर्ता भिक्षु महासी सयादो र उत्तरकर्ता विचित्त साराभिवंस थिए । संरक्षकको भूमिका राष्ट्रपति वा. ऊ. र प्रधानमन्त्री ऊ. नुले निभाएका थिए । उक्त संगायनामा त्रिपिटक चाँदीको पत्रमा छापिएको थियो ।

वर्तमान समयमा त्रिपिटक कम्प्युटरमा सञ्चित भइसकेको छ । एवं प्रकारले सर्वप्रथम मौखिक त्यसपछि ताडपत्र, शीलापत्र, धातुपत्र, कम्प्युटर हुँदै बुद्धको मौलिक शुद्ध सद्धर्म २ हजार ५ सय वर्षअगाडिदेखि सुरक्षित भएर आज हाम्रो अगाडि छ । यही बुद्ध धर्मको संगालो नै बुद्ध शासन हो । स्पष्टसँग भन्ने हो भने वास्तवमा गौतम बुद्धको उपदेश नै बुद्ध शासन हो अथवा भनू बुद्ध धर्मको अनुशासन ।

अध्ययन, अध्यापन, आचरण र उपलब्धिको हिसाबमा ८४ हजार धर्मस्कन्ध रहेको बुद्ध शासनको यो संग्रहलाई तीन श्रेणीमा विभाजन गरिएको छ । सर्वप्रथम प्रथम तहमा धर्मग्रन्थ अध्ययन-अध्यापन गरिनुलाई परियत्ति शासन भनिन्छ । दोस्रो तहमा ग्रन्थमा अध्ययन गरेर सिकेको कुरा आचरण र व्यवहारमा उतार्नु अर्थात् शील पालन, धुतांगहरू (कडा, नियमहरू) को पालन तथा ध्यान भावना गर्नुलाई प्रतिपत्ति शासन भनिन्छ । प्रतिपत्ति शासनमा पूर्णता प्राप्त भएपछि पाप,. क्लेश, तृष्णा आदि मानसिक विकृतिबाट अलग भएर स्वच्छ, निर्मल, शुद्ध, पवित्र भई क्षिणाश्रव (अरहत) हुने अवस्था अर्थात् मार्गफल निर्वाणलाई पटिवेध शासन भनिन्छ ।

यसरी इतिहासले बुद्धको समयदेखि आजसम्म कतिवटा ऐतिहासिक व्यक्तित्वहरूले कसरी कुन तवरबाट बुद्धको शुद्ध सद्धर्मको संरक्षण गरे भन्ने कुरा वताएको छ । आजको युगको राजनीतिक विकृति, हिंसा, आतंकको भीडमा बुद्ध शासन लोप भएर जाला भन्ने भय छ । अत: इतिहासको अनुशरण गरेर भगवान बुद्धको यस पवित्र धर्मलाई भविष्यको युगको लागि जोगाएर राख्नु आज हाम्रो युगको कर्तव्य तथा दायित्व हुन आएको छ ।

■

# बाइस वर्ष बित्न लाग्दा पनि लुम्बिनी गुरुयोजना अधुरै

माधब ढुंगाना

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाँगेले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई योजनाबद्ध ढंगले बिकास गर्न तयार पारेको गुरुयोजनाले २२ वर्ष बित्न लाग्दा पनि मूर्त रूप लिएको छैन ।

सन् १९९५ मै पूरा भइसक्नुपर्ने उक्त गुरुयोजना सम्पन्न हुन अझै कति वर्ष लाग्ने हो भन्नेबारे लुम्बिनीको विकासका लागि गठित लुम्बिनी विकास कोषलाई समेत थाहा छैन ।

गुरुयोजनानुरूप १ हजार १ सय ५० बिधा क्षेत्रफल जमिन अधिग्रहण र उक्त क्षेत्रमा वृक्षारोपण गर्नेबाहेक लुम्बिनी विकास कोषले अन्य काम गरेको छैन । २०३९ देखि २०४२ सम्म जमिन अधिग्रहण गरिंदा यस क्षेत्रमा बसोबास गर्ने हजारौं घरपरिवार विस्थापित भएका थिए । विस्थापित भएकामध्ये कैयन घरपरिवारले अझै मुआब्जा पाएका छैनन् ।

लुम्बिनीको विकासका लागि गठन भएको संयुक्त राष्ट्रसंघीय समितिले सन् १९७२ मा वास्तुकलाविद् टाँगेलाई लुम्बिनी गुरुयोजना तयार पार्न जिम्मा दिएको थियो । टाँगेले उक्त योजना ६ वर्षमा तयार पारेका थिए ।

गुरुयोजना सम्पन्न गर्न ६५ लाख अमेरिकी डलर लाग्ने टाँगेको अनुमान थियो । तर बर्सेनि नेपाली रुपैयां डलर भाउसँग अवमूल्यन हुंदा गुरुयोजना सक्न झन्डै ५ अर्ब रुपैयां लाग्ने जापानी दातृसंस्था जाइकाको प्रतिवेदनमा अनुमान गरिएको छ ।

बाइस वर्षमा लुम्बिनीको विकासले गति नपक्डिएकोमा विकास कोषका सदस्यसचिव जनकलाल श्रेष्ठ भन्छन्, 'यसको मुख्य कारण लुम्बिनीलाई कसरी विकास गर्ने भन्ने स्पष्ट सोच र योजनाको अभाव हो ।'

गुरुयोजना बनेपछि यसअघि पूर्वभवन विभागअन्तर्गत रहेको लुम्बिनी क्षेत्र २०३२ मा लुम्बिनी विकास समिति भएको थियो भने २०४२ मा लुम्बिनी विकास कोष गठन भएको थियो ।

गुरुयोजनानुरुप कुल जमिनलाई तीन भागमा विभाजन गरिएको छ । उत्तरी क्षेत्रमा नयाँ लुम्बिनी ग्रामबीच मठमन्दिर क्षेत्र र दक्षिणमा पवित्र उद्यान छन् । नयां लुम्बिनी ग्राममा अस्पताल, दमकल, २ सय कर्मचारीलाई बस्ने आवास गृह, प्रशासकीय भवन, खानेपानी, विद्युत, दूरसञ्चार कार्यालय, माध्यमिक विद्यालय, प्रहरी चौकी आदि निर्माण गरिने गुरुयोजनामा उल्लेख छ ।

मठमन्दिर क्षेत्रमा अनुसन्धान केन्द्र, सङ्ग्रहालय, विभिन्न देशका आ-आफ्ना शैलीका विहार, केन्द्रीय नहर, अडिटोरियम, यात्रु विश्राम गृह, दुई ध्यान केन्द्र, उत्तर-दक्षिण पोखरी आदि निर्माण गर्नुपर्नेछ ।

पवित्र उद्यान क्षेत्रमा मायादेवी मन्दिर, आवतजावत गर्ने सडक, ढल, २.८ किलोमिटरको गोलाकार पोखरीका साथमा सडक, रिटेनिङ भित्ता, बगैंचा बनाउनुपर्नेछ ।

तर, गुरुयोजनानुसार विभाजित तीन क्षेत्रमध्ये पहिलो प्राथमिकता कुनलाई दिने भन्ने स्पष्ट सोच अझै बनेको छैन । सदस्यसचिव श्रेष्ठ भन्छन्, 'राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आर्थिक स्रोत कसरी जुटाउने र कसरी परिचालन गर्ने भन्ने स्पष्टता नै हुन सकेको छैन ।

गुरुयोजनाका लागि सरकारी स्तरबाट पर्याप्त बजेट उपलब्ध हुन सकेको छैन । कोषका अनुसार सन् १९९८ मा लुम्बिनीमा विश्व शिखर सम्मेलन सम्पन्न भएपछि मात्र सरकारी स्तरबाट केही बढी बजेट कोषलाई प्राप्त हुन थालेको हो । २०५६/५७ मा १ करोड ५ लाख बजेट सरकारले उपलब्ध गराएको थियो भने चालु आवमा २ करोड ३२ लाख रुपैया उपलब्ध गराएको छ । यसमध्ये १ करोड १२ लाख रुपैयां प्रशासनतर्फ खर्च हुने र बाँकी रकम विकासतर्फ छुट्याइएको छ ।

स्वायत्त संस्था भनिएको लुम्बिनी विकास कोष पूर्ण स्वायत्त बन्न नसकेकाले धेरै समस्या उत्पन्न हुने गरेको श्रेष्ठ बताउँछन् । कोषको अध्यक्ष मन्त्री हुने हुँदा उनी अनुकूल मिलाएर मात्र आउने र मन्त्रालयको सिफारिसमा काम गर्नुपर्ने बाध्यता भएको श्रेष्ठको गुनासो छ ।

कोषमा दक्ष कर्मचारी नभएको बताउँदै सदस्यसचिव श्रेष्ठले लुम्बिनीको विकासका लागि स्थानीय वासिन्दाले चासो देखाई जागरुक हुनुपर्ने र नेपाली बौद्ध संघसंस्था पनि लुम्बिनीप्रति केन्द्रित रहनुपर्ने बताउनुभयो । लुम्बिनीको नाम देखाएर कैयौं बौद्ध संस्था आफ्नो स्वार्थ पूरा गर्ने दाउमा पनि देखिएका छन् श्रेष्ठले भने, समितिकै कतिपय कर्मचारीमा समेत लुम्बिनीप्रति प्रतिबद्धताको अभाव छ ।

*साभार: समाचार अखबारबाट*

# उपवास किन ?

शिवजी थापा

प्राचीन संस्कृतिअनुसार शारीरिक र मानसिक स्वास्थ्यको लागि अनिवार्य व्रत अर्थात् उपवास अत्यन्त महत्त्वपूर्ण मानिन्छ । स्वास्थ्यजस्तो अत्यन्त महत्त्वपूर्ण विषयमा उपयोगी भूमिका निभाउने व्रतको उपयोगिता पौराणिककालदेखि आजसम्म सर्वमान्य रहेको छ ।

हाम्रो समाजमा विभिन्न धार्मिक आस्था प्रकट गर्ने माध्यमको रूपमा उपवासलाई अपनाएको पाइन्छ, तर यसको प्रभावलाई धार्मिक तहमा मात्र उपयुक्त मान्नु अल्पज्ञानको सीमितता ठहर्छ । उपवास विभिन्न रोगको सहज मुक्तिको मार्ग हो । शरीरलाई सहज बनाउनु नै स्वच्छता प्राप्तिको उपयोगिता ठहर्छ । उपवासद्वारा शरीरमा सञ्चित हानिकारक तत्त्व नष्ट गर्न सहयोग पुग्छ । वासना एवं दूषित मनोभाव समाप्त हुन्छ । मानिसको जीवनमा वृद्धावस्था र अशक्ततामा शरीरमा अनेक प्रकारका तत्त्व एकत्रित हुन्छन् । पसिना, मलमूत्रद्वारा यी तत्त्व पूर्वरूपले निक्लेका हुँदैनन् । उपवासद्वारा यी तत्त्व शरीरमा रहन पाउँदैनन् ।

उपवासको महिमाको गुणगान गर्दै अमेरिकाका प्रसिद्ध चिकित्सक प्यूरिङ्गटनले व्यक्तिको मानसिक एवं शारीरिक स्वास्थ्य, यौवन, जीवनको आनन्द, स्वतन्त्रता या शक्तिको लागि उपवास बस्नु र पानी पिउनु उपयोगी हुने कुरा व्यक्त गरेका छन् । व्यक्तिको सौन्दर्य, विश्वास, हिम्मत, गौरवजस्ता विविध क्षेत्रमा सहीरूपमा प्रस्तुत हुन उपवास आवश्यक हुन्छ । पन्ध्र दिनमा एकपटक व्रत बस्दा निश्चितरूपले मानिसको नैतिक एवं आध्यात्मिक उन्नति हुन्छ । व्यक्तिको दैवी आकर्षण एवं सात्विकता प्रस्फुटित हुँदै आध्यात्मिकताको बोध हुन पुग्छ ।

सांस्कृतिकरूपमा हेर्ने हो भने उपवास केवल आध्यात्मिक आस्थाको दृष्टिकोणबाट गरेको देखिन्छ । निकै कम व्यक्तिले मात्र यसको उपयोगिताको ज्ञान पाएका हुन्छन् । तर यो जान्नु जरुरी छ कि सन्तुलित उपवासले शरीरको पाचन शक्तिलाई सबल बनाउँछ भने अधिक भोजनका कारणबाट हुने अजीर्णबाट पनि बचाउँछ । शारीरिक चुस्ततालाई सदैव सहयोग गरिराखेको हुन्छ ।

यसै सन्दर्भमा अनुसन्धानकर्ताहरूले यसको प्रयोग मुसामा गरेका थिए । निकै वर्षको प्रयोगपश्चात् स्वास्थ्य, आयु, यौवन एवं शक्ति बढ्ने निष्कर्ष निस्क्यो । मुसाको अधिकतम उमेर साढे दुई वर्ष हुन्छ तर खानामा सावधानी अपनाउँदा यसको उमेर चार वर्षसम्म पुग्यो । प्रयोगको समयमा मुसाहरूलाई समय-समयमा खान नदिएर भोकै राखियो । यस प्रयोगले हरेक जीवनमा उपवासको प्रभाव सकारात्मक हुने निष्कर्ष आयो ।

जर्मनी र अस्ट्रेलियाका युवा पिँढीमा गरिएको एक सर्वेक्षणअनुसार त्यहाँको आहारशैली प्रेरणादायी भएको पाइयो । यी देशहरूका महिलाहरू यौवन, सौन्दर्य एवं उमेर बढाउनका लागि महिनाको सातौं र पन्ध्रौं दिनमा उपवास बस्ने गरेको पाइएको छ । भोजनमा आठ घण्टाको अन्तर अनिवार्य बनाएर दिनमा दुई पटक सन्तुलित खानाको उपभोग गरेको देखियो । विभिन्न प्रयोगले उपवासलाई आन्तरिक शुद्धिको उत्तम उपाय देखाइसकेको छ । प्राचीनकालका ऋषिमुनिहरूले उपवासद्वारा नै शरीर, मन एवं आत्मालाई शुद्धि राख्दै अलौकिक शक्ति प्राप्त गर्दथे । मुखद्वारा उपभोग गरिएको अनुपयुक्त भोजनबाट शरीरको शक्ति क्षय हुन्छ । यसर्थ शरीरको लागि विश्राम अनिवार्य छ र सम्पूर्ण विश्राम उपवासबाटै प्राप्त हुन सक्छ । उपवासद्वारा शरीरले मृत र मरणशील कोषबाट छुट्कारा पाउँछ र त्यस स्थानमा नयाँ कोषको निर्माण हुन्छ । दीर्घकालीन उपवासद्वारा मस्तिष्क र नाडी स्थानलाई विश्राम मिल्नुका साथै आन्तरिक कोषिका ग्रन्थीहरूलाई नयाँ शक्ति प्राप्त हुन्छ ।

व्रत बस्नुभन्दा एक/दुई दिनपूर्व र पछि खानामा अत्यन्त सावधानी आवश्यक हुन्छ । यसो नभएमा पूर्ण आहारबाट उपवास र उपवासबाट पूर्ण आहारको स्थितिमा अधिक कमजोरी, अजीर्णलगायतका समस्याहरू आउन सक्छन् । यसले गर्दा उपवासबाट पाउनुपर्ने समुचित लाभ पाउन सकिँदैन । व्यावहारिकरूपमा उपवासको अवस्थामा चियाको उपयोग बढी देखिन्छ । तर उपवास अवस्थामा चियाको प्रयोगले शरीरलाई असर पार्छ । उपवासको अवस्थामा चियाको प्रयोग गर्नुहुँदैन ।

विशेष गरी उपवासलाई महिलाहरू धार्मिक आस्थाको द्योतक मान्छन् । तर उपवास सम्पूर्ण मानिसको स्वास्थ्यको लागि आवश्यक साधना हो । यसको नियमबद्ध उपयोगले शारीरिक संरचनामा सकारात्मक प्रभाव पार्दछ । तर उपवास निश्चित दिनको अन्तरमा कटिबद्ध भएर गर्नु भने जरुरी छ । अन्यथा यसले नकारात्मक स्थिति पैदा गर्न सक्छ ।

*साभार : समाचारपत्र २०५८ चैत्र १६ गते ।*

# विवाह गरेको भए स्कुल बनाउनै सकिँदैनथ्यो – बाल ब्रह्मचारी दामोदरानन्द भट्टराई

दीपक भट्टराई/मणि लोहनी

सेतै फुलेका कपाल, फराकिलो निधार, चिप्राले भरिएका आँखा र सेतै फुलेका दाह्री । एक सय २९ वर्षीय बाल ब्रह्मचारी दामोदरानन्द भट्टराईको झट्ट हेर्दा देखिने बाह्यस्वरूप हो यो । चन्दा संकलन गरेरै नेपालमा १५ हाइस्कुल, भारत र पाकिस्तानमा तीन विश्वविद्यालय बनाउने भट्टराई आफ्ना प्रशंक (भक्त) हरूबीच दामोदरानन्द बाबाका रूपमा चिनिन्छन् । भट्टराई सम्भवत: मुलुककै सबैभन्दा ज्येष्ठ नागरिक हुन् ।

'मायामा फस्नु गलत हो,' भट्टराई आफ्नै जीवनकथा स्मरण गर्दै भन्छन्, 'विवाह नभएको होइन, नगरेको ।" विवाहपछि बच्चा हुन्थ्यो, खर्च बढ्थ्यो....फेरि स्कुल बनाउनै सकिँदैनथ्यो,' उनको तर्क थियो ।

दामोदरानन्द बाबा हिजोआज कान कम सुन्छन्, आँखा पनि राम्रो देख्दैनन् । विगत २८ वर्षदेखि बाबाको सेवा गर्दै आएकी श्रीमती बीना ढकाल भन्छिन्, 'टाउकोमा रक्तसञ्चार राम्रो छैन । कोठाभित्र अलिअलि देख्नुहुन्छ, तर बाहिर ठम्याउन सक्नुहुन्न । हर्ष र विस्मातले नछुने मान्छे, हिजोआज चाँडै भावुक बन्नुहुन्छ, कुरा गर्दागर्दै आँखा रसिला हुन्छन् उहाँका । लाग्छ पुन: एकचोटि केटाकेटी हुनुभएको ।' श्रीमती ढकालका अनुसार उनका एकचोटि झरेका दाँत फेरि पलाएका छन् । कपाल झरेको छैन, तर पाकिसकेको छ ।

वि.सं. १९३० मा जन्मिएका भट्टराई बिहान सखारै उठ्छन् । नित्यकर्मपछि दूध र चिया पिउँछन् । त्यसपछि १० बजे रोटी, तरकारी र दही खान्छन् । दिउँसो घाममा सुत्छन् । 'चैत/वैशाखमा पनि उहाँ एउटै लगौंटीको भरमा घाममै सुत्नुहुन्छ,' श्रीमती ढकालले भनिन्, 'दिउँसो फलफूल र चिया खानुहुन्छ । उहाँ सम्साँझै सुत्नुहुन्छ र सुत्नुअघि एक गिलास दूध पिउनुहुन्छ ।"

उनलाई भेट्न जाने जो कोहीलाई पनि उनी टाउकोमा हात राखेर आशीर्वाद दिन्छन् । एक टुक्रा मिस्री खुवाउँछन् । जे भएको फलफूल, दूध र चिया खान दिन्छन्, अनिमात्रै गफ गर्छन् । हठी र मुडी देखिने ब्रह्मचारी भट्टराईको प्रष्ट र कडा स्वर अनि अनुहारमा प्रस्टिने ओजस्वीपनाले जो कोहीलाई पनि प्रभावित पार्छ । उनको परिहरन र क्रियाकलापले सत्ययुगीन साधुको सम्झना गराउँछ । "नि:स्वार्थ सेवा, त्यागको भावना र उपकारी क्रियाकलाप उहाँको जीवनका सशक्त पक्षहरू हुन्," कृषि विकास बैंकका नायब महाप्रबन्धक माधवप्रसाद उपाध्यायले भने ।

तीन दाजुभाइमध्येका माइला भट्टराईले १७ वर्षको उमेरमा परिवार त्यागी शिक्षाको प्रचारमा लागेको उनका भक्तहरू बताउँछन् । पूर्व सचिव दीपेन्द्रपुरुष ढकालका अनुसार बाबाले रावलपिण्डी (पाकिस्तान) र भारतको कानपुर तथा नागपुरमा विश्वविद्यालय, बनारसमा स्कुल तथा कलेज र नेपालका पूर्वी जिल्लामा १५ विद्यालय स्थापना गरेका थिए । चन्दा मागेर तथा श्री ३ राणाहरूसँग सहयोग लिई स्थापना गरिएका ती विद्यालयमध्ये धनकुटा, कल्याणपुर, लाहान र मिर्चैयामा अझै सञ्चालनमा छन् । जसमध्ये मिर्चैयाको मोहन माबिले त उनको प्रतिमासमेत स्थापना गरेको छ ।

"बाबा आत्मप्रशंसा रुचाउनुहुन्न,' पूर्व गभर्नर ढकालले बताए, 'उहाँ एक सय २९ वर्षको भइसक्नुभयो, तर अझै टाठो हुनुहुन्छ र आफूलाई भेट्न आउने सबैलाई शिक्षा क्षेत्रमा लाग्न उत्प्रेरणा दिनुहुन्छ ।" 'पूजामा के नै पो छ र ? बरु शिक्षा देऊ शिक्षा,' भट्टराई शिक्षालाई पूजाभन्दा ठूलो मान्छन् ।

एक सय २९ वर्ष पुगेको शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत उनलाई विभिन्न संघसंस्थाले अभिनन्दन गरेका छन् । पछिल्लो पटक उनलाई पद्मोदय स्कुलले अभिनन्दन गऱ्यो । अभिनन्दनपत्रमा भनिएको छ, 'एक सय २९ वर्षीय ब्रह्मचारी बाबाले आफ्नो सत्कार्यको अभियानमा नेपाल, भारत तथा पाकिस्तानका विभिन्न स्थानमा शिक्षालय स्थापना गर्नुभएको छ।" कसैले उनको योगदानको अघोरै प्रशंसा गरेको भट्टराईलाई मन पर्दैन । तालुमा हात पुऱ्याएर पटकपटक कपाल माास्तिर फर्काउने आफ्नो पुरानै बानी दोहोऱ्याउँदै उनले स्पेसटाइमसँग भने, 'कतै मेरो कामको तुलनामा नामको प्रचार बढी हुने त होइन ?"

*साभार : स्पेस टाइम दैनिक*

# आँखादान गरेपछि रत्नमायालाई पुण्य प्राप्तिको अनुभूति

नारायण किलम्बू

राज्यलक्ष्मी दुवाल संसार देख्न पाएपछि हर्षले गद्गद् भएकी छिन् ।

आठ वर्षसम्म अन्धाकारमय जीवन बिताउन बाध्य भएकी दुवालले आफूले पुन: यो संसार देख्न पाउँला र टेलिभिजन हेर्न पाउँला भन्ने सोचेको पनि थिइँन भन्दै आँखा प्रत्यारोपण गरिसकेपछि संसार देख्न पाएकोमा तिलगंगा आँखा केन्द्रप्रति निकै आभारी बनिन् । त्यस्तै ७० वर्षको बुढेसकालसम्म अन्धकारमय जीवन बिताइरहेका काजीबहादुर कोजू पनि आफूले दृष्टि पाई पुन: संसार देख्न पाएकोमा हर्षको सिमानै रहेन । युवा बौद्ध पुच: भक्तपुरद्वारा शनिबार आयोजित आँखादान कार्यक्रममा आँखा दाताहरूलाई प्रमाणपत्र वितरणको बेला उपस्थित भएर दुवैले हर्ष तथा आभार व्यक्त गरेका थिए । अन्ठानब्बे वर्षीय बयोवृद्ध रत्नमाया शाक्य बुद्धाचार्यले जीवनमा अरू कुनै ठूलो दान गर्न सकिएन तर आँखा दान गर्न पाए निकै पुण्यप्राप्ति हुने आशयले आँखा दान गरेको राजधानीलाई बताउनुभयो । बयोवृद्ध ९८ वर्षीय बूढी आमा बुद्धाचार्यले भगवान् बुद्धले समेत आफ्नो अङ्गका विभिन्न भागहरू दान गरेको सुनिएको उल्लेख गर्दै यस दानले आफू पुण्यप्राप्ति भई स्वर्ग जाने बताउनुहुन्छ । शनिबार स्थानीय यथुबही बिहारमा सम्पन्न आँखादान कार्यक्रममा २ सयजना महिला तथा पुरुषले आँखा दान गरेका थिए । सो अवसरमा मित्रराष्ट्र थाइल्याण्डका वाणिज्य दूत वीरयुद्ध युथउँखामले दुई सयजना आँखा दान गर्नेहरूलाई प्रशंसापत्र वितरण गर्दै यस्ता सामाजिक संघसंस्थाहरूले पुण्यको कार्यलाई अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो । वाणिज्य दूत युथउँखामले थाइल्याण्डमा आँखा, रगत, किड्नी मात्र नभई शरीरनै दान गरी पुण्य कमाउने चर्चा गर्ने मानवीय सेवाप्रति ध्यान दिनुपर्ने बताउनुभयो ।

आँखा बैंक (तिलगंगा आँखा केन्द्रका) प्रमुख शंखनारायण त्वायनाले नेपालमा १५ सयभन्दा बढीले आँखा प्रत्यारोपण गरिसकेको उल्लेख गर्दै अझै आँखा बैंकमा ६ सयजना आँखा लिन पर्खिरहेका छन् भन्नुभयो । पहिला आँखा बाहिरबाट आउँछ भने अहिले नेपालबाट थाइल्याण्ड, अमेरिका, चेक, श्रीलंकालगायतका विदेशतिर पनि केही-केही पठाइरहेको बताउँदै त्वायनाले आँखा दान गऱ्यो भने अर्को जुनीमा अन्धोपन हुन्छ भन्ने समाजको कुसंस्कारलाई त्यागी आँखा दानलाई प्रचार प्रसार र जनचेतना जगाई अगाडि बढाउनु आवश्यक छ भन्नुभयो । बौद्ध विद्वान डा. लक्ष्मण शाक्यले सामाजिक र धार्मिक कार्यबाट अगाडि बढी समाजसेवालाई निरन्तरता दिन सकेमा बुद्धको शिक्षा प्रचार हुनेछ भन्नुभयो । युवा बौद्धपुच:का अध्यक्ष धर्मरत्न शाक्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा भिक्षु धम्मशोभन महास्थवीर, भिक्षु नन्द, स्वयम्भूरत्न शाक्य, शाक्यन शाक्य, कार्यक्रम संयोजक प्रताप मानन्धरलगायतका व्यक्तिहरूले पुच:को कार्य तथा मानवीय सेवालाई निरन्तरता दिनुपर्ने बताउनुभयो । कार्यक्रममा ५ वर्षका अरुण शाक्यदेखि ९८ वर्षका रत्नमाया शाक्यसम्मले मरणोपरान्त आँखा दान गरेका थिए ।

*साभार: राजधानी, चैत्र ३ गते*




**शान्ति नायक गौतम बुद्धको जन्म, सम्बोधी तथा महापरिनिर्वाण सँगालेको**

**२५४६ औं वैशाख उत्सवमा सबैको मंगल कामना गर्दछौं ।**

- **जुजु रेडीमेड गार्मेण्ट**
  न्यूरोड
  फोन: २२३००४
- **जुजु कलेक्सन**
  खिचापोखरी
  फोन: २२१६६५
- **XYZ फेन्सी रेडीमेड पसल**
  खिचापोखरी
  फोन: २२४६६४

# सम्राट अशोक
# कलिंगको युद्धदेखि शान्तिभूमि नेपालसम्म

✒ केदार शाक्य

मानव सभ्यता, आध्यात्मिक चिन्तन तथा सांस्कृतिक विकास क्रममा बुद्धको प्रभावबाट हृदय परिवर्तन भई आजीवन शान्ति मार्गमा लाग्ने महान ऐतिहासिक व्यक्तिहरूमा सम्राट अशोकको नाम अग्र पंक्तिमा छ । शाक्य मुनी बुद्ध महापरिनिर्वाणको २०० वर्षपछि सम्राट अशोक पाटलीपुत्र अर्थात् भारतका शासक थिए । कलिंगको लडाइँमा उनलाई अन्तिम विजय प्राप्त भयो । तर लडाइँमा मारिएका लाखौं मानिसको विभत्स दृश्यले उनको हृदय विदिर्ण भयो । लाखौं बन्दी मानिसहरू क्षमा याचना गरिरहेका थिए । रगतको खोलो बगिरहेको थियो । मानिस विनाको कलिंग राज्य निर्जन थियो । उनले त्यहाँ युद्धको भयानक ज्वलन्त परिणाम देखे । लडाइँबाट बचेका मानिसहरू भोक प्यासले छटपटी रहेका थिए । त्यहाँ वास्तविक अर्थमा मानसिक शान्ति गुमाएको उनले अनुभव गरे । यो अनुभूतिले उनको जीवनमा निकै परिवर्तन ल्यायो ।

राजदरवार फर्किए पछि उनले महारानी विदिषाको सन्देश पाए । पत्रमा भनिएको थियो– "आर्यपुत्र ! तपाईंले आफ्नो प्रतिज्ञा भंग गर्नुभयो । छोराछोरी तपाईं कहाँ पठाएकी छु । कृपया तिनीहरूको हेर विचार गर्नु होला ।" यति लेखेर महारानी विदिषाले बुद्ध धर्म संघमा सम्मिलित हुने निश्चय गरेकी थिइन् ।

सम्राट अशोकले आफ्ना दुई सन्तान महेन्द्र र संघमित्तालाई साथमा पाएर केही राहत अनुभूत गरे । तर उनको मानस पटलमा भने कलिंगको भयानक नर संहार को प्रतिबिम्ब लगातार आइरहेको थियो ।

एक दिन उनी झ्यालबाट बाहिर हेरिरहेका थिए । शान्त मुद्रामा हिँडिरहेका एक भिक्षुलाई देखे । राजाले भिक्षुलाई राजदरवारमा बोलाए । भिक्षुले आफ्नो नाम निग्रोध बताए । वास्तवमा निग्रोध भिक्षु सम्राट अशोकका आफ्नै भाइका छोरा थिए । राजालाई आफ्नै भाइको हत्याको दोष लागेको छ । यही कारण निग्रोध कुमारले राजालाई घृणा गर्ने कुरा अशोकको मनमा पऱ्यो । तर भिक्षु निग्रोधले आफू कसैलाई पनि घृणा नगर्ने बुद्धको मार्गमा लागिसकेको बताए । बरू सबैलाई प्रेम गर्न सकिएमा नै सबैको मन जित्न सकिने र घृणा विनाश ल्याउने कुरा उनले राजालाई बताए । यति सानै उमेरमा यस्तो ज्ञानको कुरा कहाँबाट थाहा पायौ भनी सम्राटले प्रश्न गर्दा बुद्धको उपदेशमा मानसिक शान्ति पाइने कुरा उनले जवाफ दिएका थिए । सम्राट अशोकले मानसिक तनावबाट मुक्त भई शान्ति पाउने अभिलाषा राखे र बुद्धको शरणमा गए । धर्म र संघको शरणमा गए । मानिसलाई सुख शान्ति दिलाउने कार्यमा उनले आजीवन असल कामहरू गरे ।

महारानी विदिषा पहिले देखिनै बौद्ध कुलकी कन्या थिइन् । राजा बिम्बिसार बुद्ध धर्ममा दीक्षित भए पछि उनले शान्ति प्राप्त गरेको कुरा महारानीलाई राम्रो थाहा थियो । विदिषा महारानीले छोरा जन्माउँदा राजाले महेन्द्र नामाकरण गरे । तर अर्कोपटक छोरी जन्मिदा बौद्ध विधि अनुसार नाम राखियो संघमित्ता । आखिर दुबै जना भिक्षु भिक्षुणी भए । बुद्ध धर्मको शिक्षालाई श्रीलंका पुऱ्याई जन जनमा फैलाउने कार्यमा यी दुई दाजु बहिनीको अतुलनीय योगदान रहेको छ ।

सम्राट अशोक बुद्ध उपदेशबाट प्रभावित भएर धर्म र संघमा प्रवेश गरिसकेपछि यिनले आफ्नो राज्य शासनको २० औं वर्षमा सम्पूर्ण बौद्ध तीर्थ स्थलहरूको भ्रमण गरे । लुम्बिनी आएर मायादेवी गर्भस्थलमा शिला स्तम्भ राखी बुद्ध जन्मस्थलको पवित्र भूमिको पहिचान गरे । लुम्बिनी ग्रामवासीलाई कर माफी गरिदिए । यस्ता विविध जनहितकारी कार्यको वर्णन सम्राट अशोकका सम्बन्धमा अध्ययन गर्दा थाहा पाइन्छ ।

सम्राट अशोकलाई धर्माशोक भन्न थालियो । उनको नाम सम्पूर्ण बौद्ध जगतमा ठूलो आदर र श्रद्धाका साथ लिइन्छ । लुम्बिनीमा उनले स्थापना गरेका अशोक स्तम्भ सन् १९०१ मा आएर पत्ता लगाइयो ।

एकपटक कुक्कुटाराम महाविहारमा भिक्षु उपगुप्तले सम्राटलाई बुद्ध धर्म सम्बन्धी व्याख्यान दिंदा उनी साह्रै प्रभावित भएका थिए । उनै गुरु भिक्षु उपगुप्तसंग सम्राट अशोक स्वयम्भु महाचैत्य दर्शन गर्ने अभिलाषा लिएर नेपाल आएका थिए । त्यसबेला उनका साथमा रानी तिष्यरक्षिता (असन्धिमित्रा), छोरी चारुमती र अन्य परिचारकहरू पनि थिए । भनिन्छ इसा पूर्व २५० मा सम्राट अशोक नेपाल आउँदा किराती राजा थुडकोले यहाँ शासन चलाई रहेका थिए । यहाँ आएर आफ्ना गुरुको आज्ञा अनुसार उनले स्वयम्भू महाचैत्यको गुणानुस्मरण गरी आफू ज्यादै प्रभावित भएको विचार व्यक्त गरेका थिए । त्यही शुभ अवसरमा उनले ललितपुर शहरमा केही दिन बिताए । आफ्नो सद्भावना तीर्थ यात्राको सम्झनालाई

चिरस्थायी बनाउन उनले पाटनको चार दिशामा चारवटा स्तूप निर्माण गरे । उक्त प्रमाण अहिलेसम्म पनि यथावत छँदैछ ।

- ललितपुरको पश्चिम दिशा स्थित शिलापुर दानिगिरि (पुल्चोक) को ठीक तल सत्ययुगोदयको प्रमाणले श्रावण कृष्ण त्रयोदशीका दिन एउटा चैत्य प्रतिष्ठा गरिएको थियो ।
- पूर्व दिशा तेताथूर-त्रेतायुगोदयको प्रमाणले माघ शुक्ल दिन अर्को चैत्य स्थापना गरिएको थियो ।
- ललितपुरकै उत्तर दिशातिर इबहीथूर–द्वापर युगको प्रमाणले वैशाखशुक्ल तृतीयाको दिन बागमती किनारमा चैत्य स्थापना गरिएको पाइन्छ ।
- त्यस्तै दक्षिण दिशातिर लगंथूर कलियुगोदयको प्रमाणले कार्तिक नवमीका दिन ललितपुरको टुँडिखेलमा स्थापना गरिएको अद्यापि पाइन्छ ।

इतिहासकारहरूको भनाइमा ती चार स्तूप भन्दा अलग्गै ललितपुरको मध्यमागमा केन्द्रिय स्तुपको प्रमाणले निर्मित छाय्बाहा पोखरीको अगाडिको पिम्बाहाको विशाल चैत्यलाई मानि आएको छ । यस्तै अन्य कतिपय इतिहासकारका अनुसार पाँचवटा स्तूप निर्माण गरी सकेपछि अशोककी पुत्री चारुमतीले यस रमणीय स्थानमा नै बस्ने इच्छा गरेपछि सम्राटले आफ्नी छोरी चारुमतीको विवाह यहाँका देवपालसँग गरिदिए । दाइजोका रुपमा तेत्तीस सय रोपनी जग्गा प्रदान गरी सम्राट अशोक स्वदेश फर्किएको ऐतिहासिक वर्णन पाइन्छ । देवपालले एउटा राम्रो ठाउँ छानेर यहाँ शहर निर्माण गरेपछि त्यसको नाम देवपत्तन राखियो । यता देवपाल पनि विवाह पछि बुद्ध उपासक भए । चारुमती चाहिं चिवाह बनाएर भिक्षुणी भइन् । उनले आफ्नो अन्तिमकाल त्यहीं बिताइन् ।

सम्राट् अशोकले बुद्ध धर्म प्रचारको सिलसिलामा ८४ हजार चैत्य निर्माण गरेका छन् । उनी काठमाडौं उपत्यका आएको ऐतिहासिक प्रमाण २३ सय वर्ष पछि पनि उनै अशोक चैत्यको कारणले स्मरणीय बनिरहेको छ । चारुमती देवपत्तनमा बसेकी हुँदा चाबहिल धनदोचीबाहाल (आदर्श भगवान गाविस) अन्य ठाउँको भन्दा पनि प्रचलित रूपमा अशोक चैत्य नामले प्रसिद्ध छ । पाँच अशोक चैत्यहरूमध्ये ललितपुरको इमाडोल गाविसमा पर्ने चैत्यको संरक्षण, संभार तथा जीर्णोद्धार गर्ने जन अभिरुची अहिले निकै बढिरहेको छ । त्यस गाविसका स्थानीय जनप्रतिनिधि तथा ललितपुर उपमहानगरपालिकाले समेत आर्थिक सहयोग उपलब्ध गराई कार्य संचालन गर्ने कुरा प्रकाशमा आइसकेको छ ।

यसरी ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण गर्ने कार्यमा देखिएको जन उत्साह सन्हाहनीय छ । प्राचीन सभ्यता, संस्कृति र इतिहासलाई सुरक्षित राखि भविष्यका नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जान वर्तमानको जाँगर ज्यादै महत्त्वपूर्ण हुन्छ । मानव निर्मित सम्पदाहरूको संरक्षणबाट शाश्वत धर्म संस्कृति र मानव सभ्यताको निरन्तर विकासमा योगदान पुग्नु पनि स्वाभाविक नै हो । ■


बुद्ध सम्बत् २५४६ या उपलक्षस

सकल नेपामी पिन्त भिन्तुना !

न्यू जेम्स रेय् ट्रेडर्स
न्हू सतक, यें
फोनः २४४-७५१

जीत अर्नमिन्टस्
वनबहाः, गाबहाः यल ।
फोन : ५४०-७५७

*If jewellery is your pleasure, your trust in our treasure*

# मैथिली लोककथा–गोकुल झा एक पटक मर्दा

डा. रेवतीरमण लाल

मैथिली लोककथाहरू मध्ये गोनू झा सम्बन्धी अनेक कथाहरू प्रचलित छन् । गोनू झा मिथिलाको राजदरबारको राजपंडित थिए । मैथिली क्षेत्रमा गोनू झाको कथा सुनेर मानिसहरू पेट मिची मिची हाँस्छन् । पं. गोनू झा मैथिली लोककथाको अमूल्य निधि हुनुहुन्छ । प्रस्तुत छ- गोनू झाको त्यो कथा जो उखान बनिसकेको छ– 'गोनू झा एक पटक मर्दा सबैलाई चिन्नुभयो ।'

गोनू झा मिथिलाको राजाकहाँ जागिर गर्थे । एकदिन राजाको पिताको मृत्यु भयो । राजाले श्राद्धकर्म सम्पन्न गरे । श्राद्ध सम्पन्न भइसकेपछि राजा राजदरबारमा आए । राजालाई देखेपछि गोनू झाले सोधे- 'महाराज, यति दिनसम्म कता होइसिन्थ्यो ? दरबारमा सवारी भएन ।'

राजाले जवाफ दिए– 'मेरो पिताको मृत्यु भएकोले म श्राद्ध कर्म आदिमा लागेको थिएँ ।'

गोनू झाले सोधे– 'श्राद्ध आदिमा कति खर्च भयो सरकार ?'

राजाको जवाफ थियो– दशहजार खर्च भयो ।'

गोनू झाले पुन: सोधे– 'एउटा विन्ती लागोस् सरकार ।'

राजाले भने– 'भन्नुस् ।'

गोनू झाले भने– 'म त बृद्ध भइसकें । कुनै बखत पनि म मर्नसक्छु । म मरें भने मेरो श्राद्धादिको लागि मेरो छोरालाई हजुरले पाँचहजार बक्सिएला । मेरो बिन्ती त्यै हो सरकार ।"

राजाले भने– 'धत्, पाँचहजारले के हुन्छ गोनू ? तिमी निश्चिन्त रह । त्यस बखत म दशहजार दिनेछु ।'

गोनू झाले हाँस्दै भने– 'मरेपछि कसले कसलाई हेर्दछ सरकार ? सरकारबाट बक्स भए पनि मन्त्री र खजाञ्चीले अनेक अडंगा लगाउनेछन् । मेरो छोराले त्यो पनि पाउँछ कि पाउँदैन, के ठेगान ? संसार यस्तै छ ।"

राजा– "मेरो आदेशको उल्लंघन गर्ने कसको साहस हुन्छ ? तिमीले के कुरा गरेको ? मेरो आदेशलाई मेरो मन्त्री र खजाञ्चीले नमान्ने ? यो हुनै सक्तैन । निश्चित भई बस ।' गोनू झाले भने- 'त्यो त बुझें सरकार । हजुरको आदेश त हजुरको मन्त्री र खजाञ्चीले पक्कै मान्नेछन् तर मेरी स्वास्नी र पुत्रलाई हजुरले के गरिबक्सिन्छ ? उसले वेइमानी गरिदियो भने कसलाई थाहा हुन्छ सरकार ?

राजा– 'तिम्रो श्राद्ध म आफैं गराउँछु, निश्चिन्त रहू । कसको ताकत कि मैले दिएको रकम हिनामिना गर्ने ?" राजाले आश्वासन दिए ।

गोनू झाले भने– 'त्यसो भए ठीक छ म पनि हेर्नेछु ।'

राजा– 'तपाईं मरिहाल्नु हुन्छ, कसरी हेर्नुहुन्छ ।'

'प्रेत बनेर हेर्छु महाराज ।'– गोनू झाले भने ।

गोनू झाको कुरा सुनेर राजा हाँसे र आफ्नो काममा लागे ।

गोनू झाको भाइको नाम भोनू झा थियो । गोनू झा आफ्नो भाइ भोनू झालाई लिएर कमला नदीको बाढी हेर्न गए । त्यहाँ नदीको डिलमा एकछिनमै गोनू झा वेपत्ता भए । उनी आफ्नो भाइको आँखा छलेर एउटा ढुंगा लिएर डिलमा रहेको रूखमाथि चढे । रूखमाथि चढिसकेपछि ढुंगालाई कमला नदीको पानीमा फ्यालिदिए पानीमा ट्वांगको आवाज भयो । गोनू झाको भाइ भोनू झा आश्चर्यचकित भए । भोनू झालाई पक्कै गोनू झा कमला नदीमा हाम फालेकोले डुबे । यताउता खोज्दा गोनू झाको कहीं पत्ता लागने । भोनू झाको शंका विश्वासमा परिणत भयो । उनी यसै अवसरको खोजीमा थिए । निकै प्रसन्न भए । गोनू झाको सम्पूर्ण धनसम्पत्ति अब आफ्नो हात लाग्ने भयो । त्यसैले भोनू झा निकै प्रसन्न भए ।

भोनू झा घर फर्किए र आफ्नी भाउजूलाई यो वृतान्त सुनाए । घरमा रुवावासी हुनथाल्यो । भोनू झा अझ जोरले रुन थाले । छरछिमेक सबैलाई थाहा भयो । दिनरात परिवारका मानिसहरू शोकाकुल रहे ।

यता कमलानदीको डिलबाट भोनू झा हिँडिसकेपछि गोनू झा रूखबाट ओर्लिए । नदीमा एउटा लाश बग्दै

गइरहेको देखेर उसलाई डिलमा ल्याई आफ्नो धोती र कुर्ता लगाइदिए । लाश यसरी बिग्रेको थियो कि उसको अनुहार चिन्न असम्भव थियो । गोनू झा अब लुक्दै त्यहाँबाट कुलेलम ठोके । उनी अन्यत्रै गई बसे । गाउँका मानिसहरू गोनू झाको लाशको खोजीमा निस्के । खोज्दा त्यही कमला नदीको छेउमा त्यो लाश फेला पऱ्यो । सबैले त्यसलाई दाह संस्कार गरे ।

भोलिपल्ट गोनू झाको पुत्र यो खबर सुनाउन राजदरवारमा पुगे । यो समाचारबाट राजा अति दुःखी भए । गोनू झाको पुत्रलाई सान्त्वना दिए । कसैले राजाले गोनू झालाई दिएको बचनको स्मरण गराए । राजाले गोनू झाको छोरालाई रु. दशहजार दिन मन्त्रीलाई आदेश दिए । मन्त्री रकम दिन तैयार भए । आदेश नमान्ने कुरै थिएन । तर गोनू झाको छोराले मन्त्रीसँग उक्त सहायता रकम माग गर्दा 'एकहजार मलाई दिनुपऱ्यो' भनेर मन्त्रीले मागे र गोनू झाको छोरालाई 'दशहजार' मध्ये 'नौ हजार' मात्र हातमा आउने भयो । मन्त्रीले मागेपछि गोनू झाको छोराले नमान्ने कुरै थिएन । उनले दिनैपऱ्यो । त्यसपछि खजाञ्चीकहाँ उक्त रकम लिन जाँदा उसले पनि एकहजार माग्यो । के गर्ने ? गोनू झाको छोराले उसलाई पनि एकहजार दिनुपऱ्यो । अन्तमा मात्र आठहजार हातमा बाँकी रह्यो । गोनू झाको छोरा त्यै आठहजार रुपियाँ लिएर घर फर्के । बाटोमा जाँदा उनले सोचे । 'किन म पनि त्यस रकमबाट एकहजार गायव नगरुँ ? सबैले लिए, म त उनकै छोरा हुँ । मैले लिए के फरक पर्छ र ?' उनले पनि त्यस रकमबाट एकहजार आफ्नो खल्तीमा हाले । बाँकी 'सातहजार' घर गएर आफ्नी आमालाई दिए र भने 'आमा निकाशा त दशहजार भएको थियो राजाबाट, तर तीनहजार घुसमा खर्च भयो र बाँकी 'सातहजार' म दिंदैछु ।' गोनू झाकी स्वास्नीको मनमा भयो 'के गर्ने, सरकारी कामकाजमा यस्तै हुन्छ । जो हात सो साथ । यो रकम पनि के कम छ ?'

श्राद्धको बखत नजिक आएपछि गोनू झाकी स्वास्नीले त्यस रकमबाट पनि चारहजार आफू राखी बाँकी तीनहजार श्राद्धको लागि आफ्नो देवर भोनू झालाई दिइन् । भोनू झा अत्यन्त प्रसन्न भए । उनले पनि सोचे- यै मौका छ । यस रकमबाट पनि एकहजार म आफ्नो निम्ति राख्नसक्छु । उनले एकहजार त्यसबाट 'चट' गरे । बाँकी दुईहजारबाट श्राद्ध कर्म गरियो ।

यी सबै कुरा एवम् घटनाहरू गोनू झालाई थाहा थियो । गोनू झा निकै दुःखी भए । उनको मनले सोचे- 'मरेपछि कोही कसैको हुँदोरहेनछ ।' अनि एक पटक उहाँ राजदरबारमा एक्कासी प्रकट भए । मानिसहरू उहाँलाई 'प्रेत' भन्ने ठानेर भागे । तर गोनू झा मुस्काउन थाले । राजालाई पनि यो खबर पुग्यो । राजा पनि अत्यन्त चिन्तित भए । उनले सोचे-गोनू झा कसरी जीवित भए ? राजा पनि आश्चर्यित । तर राजाको मनमा शंका भयो गोनू झाको मृत्युमा कुनै कुरा छ । राजाले गोनू झालाई बोलाए र सबै वास्तविक कुरा प्रष्टसँग भन्न आदेश दिए । गोनू झालाई सबै कुराहरू थाहा थियो । एक एक गरी सबै कुरा राजासमक्ष वयान गरे । गोनू झाले भने- "गोनू झा एकै पटक मर्दा सबैलाई चिन्यो । अब चिन्न बाँकी कोही छैन, सरकार । बाँच्दा मात्र कसैलाई - कसैसँग कुनै सरोकार हुन्छ तर मरेपछि कुनै सरोकार हुँदोरहेनछ ।'

राजालाई दुःख पनि भयो तर गोनू झाको कुरामा हँसी पनि आयो ।

*साभार : गोरखापत्र*



BEST WISHES !

RED SUN

SEA LAND TRADERS®

Sports point

SPORTS & MUSICAL GOODS

Wholeseller & Retailer

Kantipath, Jyatha

KATHMANDU, NEPAL

Phone: 267069, 248856

Res.: 259870

Fax: 00977-1-269284

*जातक संग्रह २ बाट*

# पुटभत्त जातक

✍ भिक्षु अमृतानन्द

**"नमे नमस्तस्स'ति...[1]"** भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

## वर्तमान कथा

जनपदवासी एक कुटुम्बिकसँग श्रावस्तीबासी एक कुटुम्बिकले लेनदेन गर्दैथ्यो । उ आफ्नी श्रीमतीसँग आसामी कहाँ गयो । आसामीले "दिन सक्दिन" भनी केही पनि दिएन । उ रिसाई भात पनि नखाई निस्केर गयो । अनि उसलाई बाटाको बिचमा भोकले पीडित भएको देखी बाटामा हिंडिरहेका मानिसहरूले एक पोको भात दिई "तिम्री पत्नीलाई पनि दिएर खाऊ" भनी दिए । उ त्यो लिएर पत्नीलाई नदिने बिचारले भद्रे ! यो ठाउँ चोर हरू बस्ने ठाउँ हो तिमी अगाडि जाऊ" भनी अगाडि पठाई जम्मै भात खाएर खाली पोको देखाई "भद्रे ! भात नभएको पोको मात्र उनीहरूले दिएका रहेछन्" भनी भन्यो ! उसले आफूले मात्र भात खाएको कुरा बुझी चित्त दुखाइन् ।

उनीहरू दुबै जेतवनको पछाडितिरको विहारमा गइरहेको बेलामा "पानी पिउनेछौं" भनी जेतवनतिर गए । शास्ता पनि उनीहरूकै प्रतीक्षा गरी शिकारी ढुकेर बस्ने भैं गन्धकुटीको छायामा बाटो हेरी बस्नुभयो । उनीहरूले शास्तालाई देखी अगाडिगई वन्दना गरी बसे ।

उनीहरूसँग कुशलक्षेम कुरागर्दै शास्ताले "उपासिके, के तिमी प्रति तिम्रा पति हितैषी र सस्नेही छ के भनी सोध्नु भयो ।

भन्ते ! म यिनी प्रति सस्नेही छु । यी भने म प्रति निस्नेही छन् । अरू दिनको कुरा छाडि देऊ । आजको कुरा बीच बाटामा भातको पोको पाउँदा मलाई नदिई आफूले मात्र खाए ।"

उपासिके ! तिमी चाहिं यस प्रति सँदै हितैषिणी सस्नेही थियौ । जब पण्डितहरूबाट तिम्रो गुण सुन्यो यसले सबै ऐशवर्यको जिम्मा तिमीलाई दिएको थियो भनी भन्नुहुँदा उसले सो कुरा बताउन हुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

## अतीत कथा

अतीत समयमा वाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व अमात्य कुलमा जन्मी बैश पुगेपछि उनको अर्थधर्मानुशासक बने ।

त्यस बखत राजाले "यसले मलाई मार्न पनि सक्छ" भन्ने आंशकागरी आफ्नो पुत्रलाई निकालिदिए । उनी आफ्नो पत्नी साथमा लिई नगरबाट निस्की काशी गाउँको एक ठाउँमा गई बसे ।

पछि पिता मरेको खबर सुनी "कुलपरम्परागत राज्य लिनेछु" भनी फर्केर गइरहेको बेलामा बाटाको बीचमा "पत्नीलाई पनि देऊ" भनी पाएको भात उनलाई नदिइकन आफूले मात्र खाए ।

"यिनी बडो कठोर हृदयका रहेछन्" भन्ने लागेर उनलाई सार्है दौर्मनस्य लाग्यो ।

उनले बाराणशीको राज्य लिई उनलाई अग्रमहिषीको स्थानमा राखी "यति भए यसलाई पुग्छ" भनी अरू केही सत्कार सम्मानको त के "कसरी जीवन यापन गर्छ्यौ ?" भन्ने सम्म पनि सोधेनन् ।

बोधिसत्वले सोचे– "यी देवी राजाको बहूपकारिणी छिन् र सस्नेही पनि छिन् । राजा भने यिनलाई गन्दै गन्दैनन् ।"

यति सोचेर उनकहाँ गई सम्मान दर्शाई एक छेउमा उभिइरहे । अनि उनीसँग "तात ! केहो ?" भनी सोद्धा कुरा निकाल्नको लागि 'देवी ! हामी तपाईंको उपस्थान गर्छौं । के पिता समान बुढाहुने हामीलाई केही वस्त्र भाग दिनु पर्दैन ?" भनी भने ।

"तात ! म आफूले त केही पाउँदिन भने तिमीलाई कहाँबाट केही दिऊँ र ? भएको बेलामा त दिएकै छु होइन त ? अबत राजाले मलाई केही पनि दिँदैनन् । अरू दिने कुरा छाडि दिउँ, राज्य लिन आइरहेको बेलामा बाटाका बीचमा भातको पोको पाएर एक गाँस सम्म पनि मलाई नदिई आफू एक्लैले खाए ।"

"अम्मे ! के त यो कुरा राजाकहाँ भन्न सक्नु हुन्छ ?"

१. जा पा । पृ. ५६ पुटभत्तजातकं, नं. २२३. अ.क. I । पृ. ५१५

"तात ! सक्छु ।"

"त्यसो भए आजै म राजाकहाँ बसिरहेको बेलामा मैले सोद्धा यसरी नै भन्नुहोस् र आजै तपाईंको गुण जान्न लगाउने छु" भनी बोधिसत्व पहिले नै राजाकहाँ गई उभिइरहे । उनी पनि गई राजाकहाँ उभिइरहिन् ।

अनि बोधिसत्वले कुरा उठाए– "अम्मे ! तपाई सारै कठोर हृदया हुनुहुँदो रहेछ । के तीनजोर वस्त्र अथवा भात दिनु पर्दैन ?"

"तात ! म त राजाबाट केही पाउँदिन भने कहाँबाट तिमीलाई केही दिऊँ ?"

"तपाईंले त अग्रमहिषी स्थान प्राप्त गर्नुभएको छ, होइन त ?"

"तात ! यदि सम्मान पाउँदिन भन्ने अग्रमहिषी स्थानले मात्र के गर्न सक्छ र ? अहिले तिम्रा राजाले के देलान् र ? बाटाका बीचमा पाएको भातको पोकोबाट त मलाई नदिई आफूले जम्मै खाए ।"

"महाराज ! साँच्चै हो के यो कुरा ?" भनी बोधिसत्वले सोद्धा स्वीकारगरी राजाले चुपलागेर बसे ।

उनले स्वीकारगरी चुपलागेर बसेका देखेर बोधिसत्वले "त्यसो भए अम्मे ! यदि राजालाई अप्रिय लाग्छ भने तपाईं यहाँ बसेर के गर्ने ? तपाईं यहाँ बस्दा राजालाई पनि अप्रियसन्निवास दुःख हुन्छ । यस्ता प्राणीहरू सँग बस्नु र नबस्नु एकै हो भन्ने कुरा बुझी अन्यत्र जानु उचित छ । यो लोकमा धेरै मानिसहरू बस्छन्" भनी यो गाथाहरू भने–

१) **"नमे नमस्तस्स भजे भजन्तं,**
**किच्चानुकुब्बस्स करेय्य अत्थं ।**
**नानात्कामस्स करेय्य अत्थं,**
**असम्भजन्तम्पि न सम्भजेय्य ॥"**

२) **"चजे चजन्तं वनथं न कयिरा,**
**अपेतचितेन न सम्भजेय्य ।**
**द्विजो दुमं खीणफलन्ति ञत्वा,**
**अञ्ञं समेक्खेय्य महा हि लोको'ति ॥"**

अर्थ– १) नम्र हुनेसँग नम्र हुनु र साथमा बस्न चाहनेसँग साथमा बस्नु । आफ्नो काम गरिदिनेको काम पनि गरिदिनु । विभिन्न हित चाहनेको हित पनि गर्नु र आफूसँग बस्न नचाहनेसँग बस्न पनि नबस्नु ।"

अर्थ– २) "आफूलाई छाड्नेलाई छोडेर उमाथि आशा नगर्नु र टाढा भएको चित्त हुनेसँग साथमा पनि नबस्नु । फल नभएको रूखलाई चराहरूले छाडी जाने जस्तै बुझी अरूको खोजि गर्नु । यो संसार विशाल छ ।

यो सुनेर वाराणशी राजाले देवीलाई सबै ऐश्वर्य दिए । त्यहाँदेखि उनीहरू दुबैजना मेलमिलापसँग बस्न थाले ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पारी जातक समाधान गर्नुभयो । सत्य कुराको अवशान दुबै पति पत्नी स्रोतापत्तिफलमा प्रतिष्ठित भए ।

"त्यस बखत यिनै दुइजना पतिपत्नी थिए, पति चाहि बोधिसत्व नै थिए ।

अस्तु !!

★ राजाले पालन गर्नुपर्ने १० कर्तव्यहरूलाई दश **राज धर्म** भनिन्छन्–

१) आमाबाबुप्रति कर्तव्य पालन गर्नु
२) परिवारप्रति कर्तव्य पालन गर्नु
३) मित्र र मन्त्रीहरूप्रति कर्तव्य पालन गर्नु
४) सैनिकहरूप्रति कर्तव्य पालन गर्नु
५) गाउँ शहरहरूप्रति कर्तव्य पालन गर्नु
६) श्रमण ब्राह्मणहरूप्रति कर्तव्य पालन गर्नु
७) शान्ति कायम गर्नु
८) पशु पंक्षीहरूको आरक्षा गर्नु
९) धर्म अनुसार आचरण गर्नु
१०) धर्म पालनको लागि सतर्क हुनु

*– बौद्ध दर्पण (दोस्रो संस्करण)*

*बुद्ध जयन्तीको हार्दिक मंगलमय शुभकामना !*

**विवाह तथा अन्य कार्ड, टाइप फोन्ड्री, छपाई (Offset, Letter Press) को सम्पर्क राख्नुहोला ।**

**स्वस्तिक टाइप फोन्ड्री**

***(महेन्द्ररत्न क्याम्पस अगाडि)***

**ताहाचल, काठमाडौं**

**फोनः २७२४३७**

# भारद्वाज ब्राह्मणको हृदय परिवर्तन

भिक्षु अश्वघोष

भारद्वाज ब्राह्मणको कान्छा छोरालाई विवाह गरिदिएको दुलही बुद्धमार्गी थिइन् । उनी बुद्धकहाँ गएर चित्त एकाग्र हुने समाधि साधना "आनापान सति" अर्थात् आश्वास र प्रश्वासमा होश राखिरहने ध्यान भावना लिएर अभ्यास गरिरहेकी थिइन् ।

भारद्वाज ब्राह्मण मानिसहरूको पाप कटाउनलाई बोका आदि पशुहरू होम गर्ने गर्थे । सबैजना पशुहोम गरेको ठाउँमा बसिरहे । नयाँ दुलही मात्र त्यहां नगइकन टाढै एक कुनामा बसेर आनापान स्मृति भावना गरिरहिन् । ससुरा भारद्वाज ब्राह्मणले भने ए दुलही ! तिमी त्यहाँ के गरिरहेकी ? यहाँ आऊ पाप कटाउन ।

नयाँ दुलहीले भनिन्– मलाई यहीं हुन्छ । मलाई यहीं आनन्द छ, म पनि यहाँ बसेर चित्त शुद्ध गरिरहेछु ।

के भनेको ? आँखा चिम्लेर श्वास फेरेर कसरी चित्त शुद्ध हुन्छ ? कसले भनेको ?

बुद्धले भनेको ।

बुद्धकहाँ गएर दीक्षा लिएर आएको ? श्रमण गौतम जन्म लिन नपर्ने कुरा बताउने, सन्तान नहुने काम गरिरहेको बुद्धकहाँ गएर दीक्षा लिएर आएको होइन ? लौ बर्बाद भयो । छोरालाई बोलाएर भन्यो– तिम्री स्वास्नी त बुद्धको उपासिका पो रहिछ । त्यस्तो काम गर्ने नास्तिक बुद्धलाई बेसरी गाली गरेर आउनु ।

छोराचाहिँ पनि खुब रिसाएर बुद्धकहाँ गयो । त्यहाँ पुगेर बुद्धलाई साँढे, गधा, पशु भनेर बल छउञ्जेल गाली गऱ्यो । रीसले उसको मुख रातो भयो ।

गौतम बुद्धले मुसुमुसु हाँदै भन्नुभयो-बाबु ! तिमीलाई खुब रीस उठिरहेको जस्तो छ । आऊ, यहाँ बस । एकछिन आनापानस्मृति (सास भित्र गयो, बाहिर आयोमा होस राख्ने) ध्यान अभ्यास गर । रीस शान्त हुन्छ । चित्त एकाग्र हुन्छ अनि थाहा होला रीस किन उठेको । ल, आँखा चिम्ल । श्वास भित्र बाहिर भइरहेकोमा ध्यान देऊ । अरू कल्पना नगर । बुद्धले त्यति भन्नासाथ उसको रीस अलिकति शान्त भयो । चित्त एकाग्र हुँदै गयो । उसको मनले भन्यो-मैले बुद्धलाई गधा, पशु, साँढे भनेर त्यसरी गाली गरें । तैपनि श्रमण गौतम रिसाएनन् । उनले आँखा चिम्लेर "आनापान स्मृति" ध्यान भावना अभ्यास गर्दा महसुस गऱ्यो, मलाई कति रीस उठेको ? रीसले गर्दा आँखाले केही देखिनँ । मनमा डाह भयो । अब केही भएन । मन हलुका भयो । उसले बुद्धसंग सोध्यो– मेरो स्वास्नीले दीक्षा लिएर आएँ भनेकी पनि यही साधना हो ?

बुद्धले भन्नुभयो–हो, त्यसैले तिनको मन शान्त छ । तिमीलाई जस्तो रीस उठ्दैन । मैले पनि यही ध्यान भावना गरिरहेछु । त्यसैले तिमीले गाली गरे पनि चित्त दुखेन । रीस उठेन ।

आहा ! यो त खूब उपयोगी छ । हितकर छ ।" त्यो खुशी भयो । घरमा गएर आफू पनि स्वास्नीसंग आँखा चिम्लेर भावना गर्न शुरू गऱ्यो ।

भारद्वाज ब्राह्मणले छोराले पनि आँखा चिम्लेर ध्यान भावनामा तल्लीन भएको देख्यो । ए, तँ पनि बुद्धकहाँ गएर बहुला भएर आइस् होइन ? स्वास्नीको फरियामुनि घुसिस् होइन ? बुद्ध कुमन्त्र र मायाजाल गर्न जानेको छ भनेको साँच्चै हो रहेछ । अब म आफैं गाली गर्न जान्छु भनेर राक्षसी स्वभावले त्यो बुद्धकहाँ गयो । गाली गऱ्यो "तँ चण्डाले, कुमन्त्र गरेर मेरो छोरा र बुहारी दुबैलाई वशमा राखिस् होइन ? गधा, पशु, साँढे ।"

बुद्धले मुसुमुसु हाँसेर भन्नुभयो- "ए ब्राह्मण, म एउटा कुरा सोध्छु । तपाईको घरमा कहिले काहीं पाहुना आउँछन् ?

ब्राह्मण- आउँछन्, किन आउँदैनन् । तँलाई के को वास्ता ? बुद्ध भएर धर्मको कुरा गर्नु कता ! कता !! यस्तो हो सोध्ने ?

बुद्ध– पाहुनाहरूले केही उपहार ल्याउने गर्छन् कि गर्दैनन् ?

ब्राह्मण– ल्याए पनि नल्याए पनि तँलाई के वास्ता ?

बुद्ध– मलाई यस्तो कुरा पनि काम लाग्छ । भन कोसेली ल्याउने गर्छन् कि गर्दैनन् ?

ब्राह्मण– ल्याउँछन् । के बुद्ध भएर पनि थाहा छैन पाहुनाले उपहार ल्याउँछन् भनेर ?

बुद्ध– त्यो उपहार तपाईले स्वीकार नगरे पाहुनाले के गर्छन् ?

ब्राह्मण– पाहुनाले नै लिएर जान्छन् ।

बुद्ध– तपाईं पनि मकहाँ आएको पाहुना हो ।

तपाईले गधा, पशु, साँढे, उपहार लिएर आउनुभयो। त्यो मैले स्वीकार गरिन। तपाईको साँढे, गधा आदि तपाईले नै लिएर जानुहोस्।

ब्राह्मणले पक्क परेर बुद्धको मुखमा हेरिरह्यो। कस्तो रहेछ बुद्ध, मैले त्यस्तरी गाली गर्दा पनि रिसाएन झन् नरम स्वरले करुणा र मैत्रीपूर्वक बोलिरह्यो। त्यसले बुद्धसंग सोध्यो के भएर तिमी नरिसाइकन चित्त नदु:खाईकन बस्न सकेको ?

बुद्धले भन्नुभयो– तपाईले पनि आनापानसति ध्यान साधना अभ्यास गर्नुहोस्। तपाईले आफूलाई चिन्न सक्नु हुन्छ। रीस कहाँबाट आउँछ, त्यो बुझ्न सजिलो हुन्छ। आफ्नो गल्ती आफैंले देख्न सक्नुहुन्छ। अनि रीस उठ्ने छैन। सहन सक्ने हुन्छ। मैले पनि आनापानसति ध्यान भावना गरिरहेकोले यसरी मुसुमुसु हाँसी रहन सकें। तपाईले जे गरे पनि रीस उठ्दैन।

भारद्वाज ब्राह्मणले पनि आँखा चिम्लेर आनापानसति भावना गर्न शुरू गऱ्यो। उसलाई होश आयो-मलाई के भयो भनेर। अघि मेरो मनमा शान्ति थिएन। रीसले चूर भएको थिएँ। चित्त चञ्चल थियो। एकाग्र पटक्कै थिएन। आहा ! अहिले कति आनन्द ! कति शान्ति ! खुशी भएर घर गयो। घरका सबै जहान परिवारलाई आनापानसति (श्वास प्रशवासमा होश राख्ने) विपश्यना ध्यान भावना गर्न सिकाइदियो। यज्ञ गर्न छोडेर पवित्र मानव बन्यो। हृदय परिवर्तन भयो।

*साभार: 'दृष्टि' वर्ष १४; अङ्क २१; २०५३ चैत्र १९ गते, मंगलवार*

- **बुद्ध परिनिर्वाण भएको सयवर्ष पछि दोश्रो संगायनाको बेला थेरवादलाई हीनयान भन्न थालेको हो।**

  *– बौद्ध दर्पण पेज ११०*

- **मेरो परिनिर्वाण पछि मेरो शरीरलाई पूजा गर्ने तर्फ मात्र नलाग्नु। मैले जुन मार्ग देखाएको छु, परियत्ति, प्रतिपत्ति र पतिवेध तर्फ लाग्नु वेश हुनेछ।** *– महापरिनिब्बाण सुत्र*

प्रस्तुति- हेराकाजी सुजीका नागवहाल।

*Hearty Greetings on the occasion of 2546th Vaisakh Full Moon Day*

NEW SRINATH
*Jewellers*

New Road, Kathmandu, (Nepal)
Phone: 221008

# राम्रो बानी व्यवहार

✍ वीर्यवती

आफूमा रहेका खराब बानी व्यवहारहरूलाई सुधार्दै लाने बानीलाई चरित्र निर्माण वा आचरण शुद्धि भनिन्छ । तर भन्न जति सजिलो हुन्छ, यसलाई आफ्नो जीवनमा प्रयोग गर्न भने त्यतिकै गाऱ्हो हुँदो रहेछ । किनभने हामीले आ-आफ्ना कुवानीहरूलाई चिन्ने प्रयास गर्न नै सकिरहेका छैनौं । अर्को शब्दमा भन्ने हो भने हामी मध्ये कतिपयले त आफ्ना खराब बानीहरूलाई आफैले महशूस गरेता पनि त्यसलाई बुझ्न पचाइरहेका हुन्छौं । त्यसको साथै हामीमा विद्यमान विवेकहीन वानीले गर्दा आफ्ना कुवानीहरूलाई चिन्न नै सकिरहेका हुँदैनौं । तर जबसम्म आफ्ना गलतीहरू महशूस गरिँदैनन्, तबसम्म ती कुवानीहरूलई आफूबाट अलग्याउने कुरै उठ्दैन । यसरी हामी जानेर पनि नजानेर पनि आफूले आफैलाई खाल्डोमा खसालिरहेका हुन्छौं । तर हामी अरुहरूको गलती र उनीहरूको खराब बानीहरूको विषयमा नाना थरीका लाञ्छनाहरू लगाई अरुलाई चाहिँदो नचाहिँदो आलोचना गर्दै हिंड्न भने पछि पर्दैनौं । अगाडि नै पर्छौं । तर प्रकृतिले भने जसले आफ्नो बानी व्यवहार सुधार्न सक्छ, त्यसलाई मात्र मानसिक शान्ति र सन्तुष्टी रुपी इनाम दिने गरेको पाइन्छ । आफ्नो दोष छोपी अरुको मात्र दोष खोतली लाञ्छना लगाउँदै हिंड्ने व्यक्तिलाई भने मानसिक अशान्ति रूपी दण्ड नै मात्र दिने गरेको पाइन्छ । यो त एक प्राकृतिक नियम नै हो ।

आजभोली हामीहरूमा इमान्दार, सदाचार, आचरण शुद्धि, नैतिकता र चरित्र निर्माण जस्ता पवित्र धारणाहरूको कमीले गर्दा नै होला परिवार, समाज, देश र संसारभरिकै कतिपय क्षेत्रहरूमा जताततै कलह, झैझगडा, हत्या आतङ्क र अशान्ति मच्चिरहेका देखिन्छन् । ज्यादै दुर्भाग्यपूर्ण अपशोचको कुरो हो यो । त्यसैले होला बुद्धले सर्वप्रथम चरित्र निर्माण गर्नुपर्ने विषयमा जोड दिनु भएको ।

एकपटक बुद्ध समक्ष एक व्यक्ति आई बुद्धको जात सोधेको रहेछ । अनि बुद्धले त्यस व्यक्तिलाई भन्नुभयो- "तपाईले मानिसको जात सोध्ने बानी नगर्नुहोला । आचरण (बानी व्यबहार), र चरित्र सोध्ने गर्नुस् ।"

बुद्धले मानिसहरूको चरित्र निर्माण गर्नको लागि पाँचवटा नियमहरू पालना गर्नुपर्ने सल्लाह दिनु भएको छ। यसलाई पञ्चशील पनि भनिन्छ । ती यसरी छन्–

(१) आफ्नो स्वार्थ पूर्ति गर्नको लागि कुनै पनि समुदाय, परिवार, समाज र देश आदि विभिन्न क्षेत्रमा अशान्ति मच्चाउने खालका हिंसा र अत्याचारी कार्यबाट अलग्ग रहनु–

स्वतन्त्रपूर्वक बाँच्न पाउनु त हरेक प्राणीको एक नैसर्गिक अधिकार हो । एउटा सानो कीरालाई समेत आफ्नो प्राणको माया रहेको हुन्छ । हामीले उसको अगाडि हात राख्नै पाउँदैनौं उ भागी हाल्छ । यसको प्रमुख कारण उ मरण भय देखेर डराएर भागेको हो । त्यसरी नै एउटा सानो प्राणी देखि लिएर एक बुद्धिमान मानिस समेत मरण भय देखेर डराएकै हुन्छ । त्यसैले निर्दोष प्राणीहरूको बाँच्ने अधिकार छिन्ने कार्य कसैको लागि पनि हितकर हुँदैन । एकजना हत्याराको कारणले समाजमा कति अशान्ति मच्चिन्छ ? उसले मार्छ कि काट्छ कि भन्ने डरले सबैको मनबाट शान्ति र चैन छिनिरहेको हुन्छ । यदि यस प्रकारको भय नभएमा सबैको मनमा शान्ति र आनन्दले बास लिनेछ । त्यस क्षणलाई एकछिन सोचेर हेर्दा पनि मनमा कति प्रीति र आनन्द उत्पन्न हुन्छ ।

(२) आफ्नो स्वार्थ पूर्ति गर्नका लागि अरुको अधिनमा रहेका कुनैपनि चल अचल सम्पत्ति अनुमति विना आफ्नो अधिकारमा लिने बानी त्याग्नु –

अरुको चीज बीज र रुपैयाँ पैसाहरू टपक्क टिपेर, लिने वानी भएको एक सदस्यको कारणले उक्त परिवारमा कति अशान्ति मच्चाइदिन्छ । यसको कारणले त्यस घरमा जे चीज पनि डराज भित्र राखी ताल्चा मार्नुपर्ने झंझट आइपर्छ । तर यदि त्यस परिवारमा चोर्ने व्यक्ति नभइदिएको भए यस्तो झंझट आउने नै थिएन र परिवारका सदस्यहरू बिच छिन छिनमा डराजमा साँचो लगाउने र सामान हराउला भन्ने पीर नै लिनु पर्ने छैन । यसरी एक बेइमान व्यक्तिको कारणले थुप्रै मानिसलाई अशान्ति पुऱ्याइरहेको हुन्छ ।

यो त एक सानो परिवारमा हुन सक्ने घटनाको उपमा मात्र भयो । कुनै पनि समुदायमा यस्ता चोरको भय छैन भने त्यहाँका सबै मानिसहरूमा एक आपसमा विश्वासले ठाउँ लिई निर्धक्क र स्वतन्त्र रूपले आफ्नो सम्पत्ति सुम्पेर जहाँ पनि जान मिल्छ । पहिला पहिला मानिसहरूमा लोभ चित्त थिएन । त्यसैले उनीहरू आफ्नो

भागमा रहेको धान सुकाउने बेला अर्काको धान आफ्नो भागमा मिसिएला भन्ने डरले पहरा दिने गर्थे रे । तर अहिले आफ्नो धान अरुले चोरेर लैजाला भनेर पहरा दिनुपर्ने जमाना रहेको छ। यसबाट थाहा पाउन सकिन्छ, पहिला र अहिलेका मानिसहरूको नैतिकता र वानी व्यवहारहरूमा कति फरक भइसकेको रहेछ । त्यसैले प्रकृतिले पहिलाको मानिसहरूलाई जति मानसिक शान्ति प्रदान गरेको छ, आजभोलीका मानिसहरूलाई त्यति मानसिक शान्ति दिन सकिरहेको छैन ।

(३) व्यभिचार, बलात्कार र भ्रष्टाचार जस्ता घृणित बानी व्यवहार त्याग्ने ।

ब्यभिचार, बलात्कार र भ्रष्टाचार जस्ता मानिसहरूको घृणित बानी व्यवहारले आजको वातावरण नै दूषित बनिरहेको छ । आजभोली काम मिथ्याचार भावनाले ओतप्रोत भएका व्यक्तिहरूको कारणले कतिपय दम्पत्तिहरू बिच एक आपसमा अविश्वासले ठाउँ लिई सुखपूर्ण गृहस्थ जीवन नर्कमा परिवर्तन हुन पुगिरहेका छन् । त्यसरी नै बलात्कार र चेली बेटी बेचविखन जस्ता कुप्रथाले कैयन दिदी बहिनीहरूले नर्क भोग भोग्न परिरहेका छन् । भ्रष्टाचार जस्ता घृणीत कार्यले इमान्दार र विश्वासलाई धमिल्याई दिएको छ ।

(४) आफ्नो नीजि स्वार्थ पूर्तिका लागि आफ्नो बोली (वचन) लाई गलत तरिकाले प्रयोग गर्ने बानी त्याग्नु–

आफ्नो नीजि स्वार्थ पूर्तिका लागि भूठो कुरो बोल्ने, चुक्ली लगाउने, कडा वचन प्रयोग गरी अरुको चित्त दुखाउने, नचाहिँदा बकवासहरू गर्ने आदि बानी भएका मानिसहरू जहाँ हुन्छन्, त्यहाँ एक आपसमा विश्वासघाट, झैझगडा, कलह, अशान्ति र जघन्य अपराधहरू समेत हुन पुगिरहेका हुन्छन् ।

(५) आफ्नो मन र शरीरलाई नै बेहोश पार्ने पदार्थ सेवन गर्ने बानी त्याग्नु–

आजभोली क्षणिक भौतिक सुखको लालचमा परी आफैलाई बेहोश पार्ने खालका मद्यपान र लागु पदार्थ जस्ता अखाद्य वस्तुहरू सेवन गरी आफ्नो धन र शरीर नै सखाप पारी विचल्लीमा परिरहेका व्यक्तिहरू थुप्रै देखिन्छन् । एउटा परिवारमा त्यस्तो बानी व्यवहारको व्यक्ति एक जना मात्र निस्कियो भने त्यही एकजना व्यक्तिको कारणले पनि परिवारका सबै सदस्यहरूलाई अशान्ति र बाधा पुऱ्याइरहेको हुन्छ । हाँसी खुशी स्वर्ग जस्तै जीवन विताइरहेका त्यस परिवार नर्क तुल्य हुन पुग्छ । यसरी एक चरित्रहीन ब्यक्तिको कारणले थुप्रै अशान्ति र आपराधिक कुकर्महरू भइरहेको घटनाहरू बरोवर सुन्नमा आइरहन्छ । जुन कार्य समाज र देशको लागि नै घातक शिद्ध हुन्छ ।

माथि उल्लेखित पाँचवटा नै नियमहरू पालन भएको मानिसलाई मात्र एक असल, चरित्रवान् र नैतिकवान मानिसको रुपमा लिन सकिन्छ । जुन परिवार, समाज र देशमा यस्ता असल मानिसहरूको वाहुल्यता हुनेछ, त्यस परिवार, समाज र देशमा शान्तिले ठाउँ लिनेछ । जहाँ शान्ति हुन्छ, त्यहिं स्वर्ग हुन्छ । जहाँ अशान्ति हुन्छ, त्यहिं नर्क हुन्छ । त्यसैले बुद्धले आचरण शुद्धिलाई विशेष जोड दिनु भएको छ ।

बुद्धले आचरण शुद्धिको साथसाथै कर्त्तव्य पालनलाई पनि प्राथमिकता दिनु भएको छ । बुद्धले भन्नुभएको छ–

**"वत्तं अपरिपूरेन्तो शीलं न परिपूरति"**

अर्थात् जुन व्यक्ति कर्त्तव्यहीन छ, त्यो व्यक्तिको बानी व्यवहार शुद्ध हुन सक्दैन । आचरण शुद्ध बनाउन कर्त्तव्य पालन हुनु जरुरी छ ।

साधारण भन्दा साधारण काम नै किन नहोस् सबैले आ-आफ्नो कर्त्तव्य पालन गर्नु नै धर्म हो । आफ्नो घर सफा सुग्घर राख्नु देखि लिएर टोल टोलमा सफा सुग्घर राख्ने आदि सबै कार्यहरू व्यक्ति व्यक्तिमा सुम्पिएको हुन्छ । आफ्नो जिम्मामा रहेका कार्य नगरिनु काम नगर्ने व्यक्तिको दोष हुन जान्छ भने जिम्मा नै लगाउन नसक्नु सम्बन्धित व्यवस्थापकको दोष हुन जानेछ । कर्त्तव्यहीन व्यक्तिहरूकै कारणले परिवार समाज र देशमा नचाहिँदा कलह र झैझगडाहरू उत्पन्न भइरहेका हुन्छन् ।

त्यसैले बुद्धले गृहस्थ जीवनमा एक आपसमा कर्त्तब्य पालन गरी स्वस्थ र सुखमय जीवन जिउने तरिकाहरू सिगालोवाद सूत्रमा उल्लेख गर्नु भएको पाइन्छ । बुद्धको यस शिक्षालाई सबैले पालन गर्न सकेको खण्डमा आजभोलीका यी असामान्य स्थितीहरू सृजना हुने थिएन होला । तर यी शिक्षाहरूलाई हामीले राम्ररी पालन गर्न सकिरहेका छैनौं । यही हाम्रो कमजोरी हो ।

बुद्ध जन्मभूमी नेपाल शान्ती क्षेत्रको रूपमा चिने जस्तै यस नामलाई व्यवहारमा लागु गर्नका लागि बुद्ध शिक्षालाई राम्ररी पालन गरी हामीले धर्मको मूल सारलाई बुझ्ने प्रयास गर्नुपर्ने मनासिव देखिन्छ । त्यो

यसरी रहेको छ–

हामीले कसैलाई कुनै पनि काम र कुरा गर्नु अगाडि त्यही काम र कुरा कसैले आफुमाथि गरेमा वा भनेमा आफुलाई मन पर्छ कि पर्दैन, आफूलाई हितकर हुन्छ वा हुँदैन विचार गरेर हेर्ने । यदि आफूलाई मन पर्छ र त्यसले आफूलाई हीत गर्छ भने मात्र त्यो कार्य वा कुरा अरुलाई गर्ने । होइन त्यसले आफूलाई हीत गर्दैन र मन पर्दैन भने त्यस काम वा कुरा आफूले अरुलाई पनि नगर्नु बेश हुनेछ ।

यसरी बुद्ध एक व्यवहारवादी व्यक्ति हुनु भएकोले उहाँले हामीलाई एक नैतिकवान र असल मानिस बनाउनको निमित्त आ-आफ्नो आचरण सुधारी कर्त्तव्य परायण व्यक्ति बन्ने सल्लाह दिनु भएको छ । यदि हामी पनि असल र इमान्दार व्यक्ति बनी प्राकृतिक पुरस्कार पाउने इच्छा छ भने बुद्धको सल्लाह व्यवहारमा उतार्ने प्रयास गरौं । अस्तु !!

★ जीवनको सार प्राप्त गर्न चाहने व्यक्तिले ५ कुराहरूको बृद्धि गर्नुपर्छ–
(१) श्रद्धा (२) शील (३) प्रज्ञा (४) त्याग (५) श्रुत (=ज्ञान)
– *बौद्ध दर्पण (दोस्रो संस्करण)*

# शास्ता गुरु भगवान् बुद्ध शरण

*– पूर्ण बहादुर प्रजापति, ज्याठा, यें ।*

मन याउँस्य च्वंकेगु ख:सा
च्वनादिसँ ध्यान दु:खं मुक्त ज्वीत
सिनावने मानिगु संसारे जिगु धयागु मदु छुं
भव संसारं तरे जुया वनेत
काम, क्रोध, मोह, लोभ त्याग याना:
तृष्णा चित्तयात स्मृतिं थासय्ति
शील समाधि प्रज्ञां मन क्वातुका
नाम रूपयात स्वयगु या
लाया मिखां मखु नुग:या मिखां स्वयगु
संसारया उत्पत्ति विनास स्वभावयात
स्वयाच्वच्वं खना: आलोक दयावई
मन याउँस्य च्वनीगु उपाय थ्व हे ख: ।

Our Hearty Felicitation to
**Dharmakirti Buddhist Study Circle**
& All
On the Auspicious Occasion of
**Vaisakh Festival 2546**

International Trekkers Pvt. Ltd.

P.O. Box: 1273, Dhumbarahi, Kathmandu, Nepal
Tel.: 371397, 370714, 371537, Fax: 977-1-371561
E-mail: nepal@intrek.wlink.com.np

# मेरो लुम्बिनी यात्रा

✍ घनश्याम राजकर्णिकार

लुम्बिनीतिर गाडी गुडिरहँदा मेरो सम्झनाको लहरमा लुम्बिनी र बुद्धको जन्मबारे केही कुराहरू यसरी लहरिदैं गए । लुम्बिनी एउटा यस्तो महत्वपूर्ण पवित्र स्थल हो जहाँ विश्वशान्तिका अग्रदूत, एशियाका ज्योति तथा नेपालको गौरव बुद्धको जन्म भएको थियो । अनन्तकालसम्म पवित्रताको घुम्टो ओढिरहन सौभाग्य प्राप्त लुम्बिनीको महत्वबारे जति लेखे पनि कमै हुनेछ, जति फलाके पनि अपूर्णको अपूर्ण नै हुनेछ । यस्तो पवित्र पूण्यभूमितिर गइरहनु भनेकै आफैमा सुख, शान्ति र सन्तोष प्राप्त गर्नु जस्तो मलाई लागिरह्यो ।

बुद्धको जन्मपछि राजधानी कपिलवस्तुमा ठूलो खुशियाली छायो । त्यसैबेला त्यहाँ असित ऋषिको आगमनबारे ओशोले आफ्नो प्रवचनको एकठाउँमा बडो सुन्दर तरिकाले व्याख्या गर्नुभएको सम्झें । ओशो भन्नुहुन्छ – आजभन्दा २५०० सय वर्ष पहिले जुन दिन बुद्धको जन्म भएको थियो त्यसवेला सम्राट शुद्धोदनको राजधानीमा धेरै दिनसम्म ठूलो उत्सव भएको थियो । पूरै राजधानी सजि-सजावट थियो । जनता-जनार्दन सबै हर्षोल्लासित थिए । धेरै दिनको प्रतीक्षा पूरा भएको थियो । किनभने राजा वृद्ध हुँदै गइरहेका थिए तर नयाँ राजाको कुनै खबर थिएन । त्यसैले नवजात राजकुमारलाई सिद्धार्थ भन्ने नाम दिइयो । सिद्धार्थको अर्थ हो अभिलाषा पुरा हुनु । सम्राटको महलमा उत्सव मनाइरहेकै बेला एकदिन हिमालयबाट एक बृद्ध तपस्वी आई महलको द्वारमा उभिरहे । उनको नाम थियो असित । सम्राट् उनलाई सम्मान गर्दथे । असित यो भन्दा पहिले कहिल्यै राजधानी आएका थिएनन् । शुद्धोदन स्वयं उनको दर्शनको लागि हिमालय जानुपर्थ्यो । राजाको बाल्यकालको साथी थिए असित । ठूलो भएपछि शुद्धोदन सम्राट् भए, राजपाठको दुनियाँमा अल्झिए । असितचाहिँ महान् तपस्वी भए । उनको ख्याति टाढा टाढा दिग्दिगन्तसम्म फैलियो । असित आएको थाहापाई राजा द्वारसम्म गई अचम्म मान्दै भने– "तपाई यहाँ आउनुभएको ? कसरी ? किन ? के कामले आउनु भएको ? कुनै कठिनाई छ कि ? कुनै अडचन छ कि ? भन्नुस् मैले गर्नुपर्ने केही छ ?" असितले कठिनाइ, मुश्किल, अड्चन केही छैन भने । तिम्रो घरमा छोरा जन्मिएको हुनाले उसैको दर्शन गर्न आएको हुँ भने । यो सुनेर शुद्धोदन हतप्रभ भए । सौभाग्यको कुरा हो कि असित जस्तो महान् आत्मा छोराको दर्शनको निमित्त आएका छन् । शुद्धोदनले तुरुन्तै गएर अन्तगृहबाट नवजात शिशु लिएर आए । बालकलाई देख्नासाथ असितले शिर झुकाए । उनले शिशुको चरणमा शिर राखेर ढोगे । शिशु (शिद्धार्थ)ले असितको जटामा आफ्नो खुटा छिराएर अड्काउनुभयो । त्यसवेलादेखि नै मान्छेको जटामा बुद्धको खुट्टा अड्किन थालेको हो भनेर भनिन्छ । भविष्यको बुद्ध दर्शन गरेपछि असित हाँस्ने र रुने दुबै गर्नथाले । यो देखी शुद्धोदनले सोधे– "यस्तो शुद्ध घडीमा तपाईले यो के गर्नु भएको ? असितले भने– "यो तिम्रो घरमा जुन छोरो जन्मेको छ, यो कोही साधारण मान्छे होइन । यो असाधारण पवित्र आत्मा हो । यो तिम्रो लागि मात्र सिद्धार्थ होइन । यो अनन्त कालसम्म विश्वको लागि नै सिद्धार्थ हुनेछ । धेरैमान्छेको अभिलाषा अब पूरा हुने भो । त्यसैले म हाँस्तै छु किनकि यस्ता महान् आत्माको दर्शन मलाई प्राप्त भयो । म हाँस्छु, प्रशन्न हुन्छु यसनिम्ति कि यसले म बूढोको जटामा आफ्नो खुट्टा छिराई दियो । यो सौभाग्यको क्षण हो । रुन्छु यसकारणले कि जब यो कोपिला बिकसित भएर फूल बन्नेछ, दिग्दिगन्तमा यसको सुवास फैलने छ, अनि यसको सुवासको छाँयामा करोडौंले राहत प्राप्त गर्नेछन्, तब त्यतिखेर म यस धर्तीमा हुनेछैन । त्यसैले म रुन्छु, म पछुताउँछु ।"

ओशो फेरि भन्नुहुन्छ– "त्यो बेलादेखि संसारमा अनेक प्रज्ञा पुरुष भए । तर तिनमा बुद्ध अतुलनीय हुनुहुन्छ । उहाँ यस्तो हुनुहुन्छ जस्तो हिमाच्छादित हिमालय । हिमाच्छादित पर्वत अरु पनि छन् तर हिमालय पर्वत् अतुलनीय छ, यसको लागि दिने उपमा नै छैन । बस, हिमालय हिमालय जस्तै छ । त्यस्तै गौतम बुद्ध, गौतम बुद्ध जस्तै हुनुहुन्छ । मनुष्य जातिको इतिहासमा बुद्धको जस्तो महिमामय नाम अरु कसैको छैन । बुद्धले जति हृदयको बीणा अरु कसैले पनि बजाएको पाइदैन । बुद्धको माध्यमबाट जति मान्छेले चित्त शुद्धि प्राप्त गरे, मोक्ष (मोहको क्षय) उपलब्ध गरे त्यति धेरै अरु कसैबाट प्राप्त गर्न सकेनन् । बुद्धको वाणी अनौठो खालको तथा अचम्म लाग्दो छ । बुद्धले भन्नुभएको कुरा अरुले भनेको जस्तो छैन । उहाँले त्यतिका बर्षअघि भनेका कुराहरू अहिले कै जस्तो लाग्छ । यस्तो सयौं वर्षपछिका मानिसलाई पनि लागिरहनेछ । किनकि मानिसमा जे जस्तो हुने कुरा हो त्यसलाई उहाँले अंगीकार गर्नु भएको छ र त्यसबारे बोल्नुभएको छ र समस्यालाई गहिराइसम्म छानविन गरेर बोल्नुभएको छ । उहाँले भन्नुभएका कुरा आँखा चिम्लेर मान्ने वा स्वीकार गर्ने कुरा होइन, यो त सोच - विचार र मनन् गरेर बुझ्ने

कुरा हो । बुद्धबारेका यस्तै यस्तै कुराहरू सम्झेर म घोत्लिदै थिएँ । यतिकैमा गाडीमा सहयात्रीहरूले फेरि गफसफ शुरुगरे । यस्तो गफसफमा अक्सर अरुका विषयमा नानाथरीका कुराहरू उल्लेख हुनेगर्दछन् । अरुको चर्चा-परिचर्चा गरिने धेरैजसो आईमाईका कुराहरू आफैमा महत्वहीन हुँदाहुँदै पनि यसले एकछिन रमाइलो वातावरण सिर्जना गर्दोरहेछ । केही छिनपछि बीचबाटैमा फेरि चियापानको प्रस्ताव मैले राखें । 'के खोज्छस् काना, आँखा' भने जस्तै भएछ । लगतै हामीले गाडी रोक्न लगाई बाटो छेउको एउटा चियापसल भित्र पस्यौं । यस्तो सुनसान गाउँ कन्दरामा स्तरीय चियापसल पाउने कुरै भएन । त्यो चियापसलमा भएका ताजा भनेका परिकारहरू फोहोर जस्तो ठानी हामीले चिया, पुरिया बिस्कुट र पुरिया आलुचिप्स मात्र लप्कायौं । त्यसपछि फेरि हामी आफ्नै सडक - यात्रामा तल्लीन भयौं ।

लुम्बिनीको ऐतिहासिक पृष्ठभूमि विषय मैले पढेकोबाट थाहापाएको कुरा हो - २५०० वर्ष अघि नेपालको तिलौराकोट स्थित राजप्रसादबाट हाल देवदहमा रहेको माइतीघर जाने क्रममा रानी मायादेवीले लुम्बिनी उपवनमा सिद्धार्थ गौतमलाई जन्म दिए । सिद्धार्थ गौतम बुद्ध भएपछि यस स्थलले पवित्र स्थलको रुपमा मान्यता पाउन थाल्यो । त्यसपछि इशापूर्व २४९ मा भारतका मौर्यसम्राट् अशोकले बुद्धधर्म प्रचार-प्रसार गर्ने क्रममा उनी बुद्धको जन्मस्थल लुम्बिनीको यात्रामा आएका थिए । बुद्धसित सम्बन्धीत हरेक ठाउँमा स्तम्भ र स्तम्भलेख राख्ने गरिए अनुसार सम्राट अशोकले लुम्बिनीमा पनि स्तम्भ र स्तम्भलेख राख्न लगाएका थिए । त्यसपछि धेरै वर्षसम्म यो पवित्र स्थल अनजानको गर्भमा लुकेर बस्नुपऱ्यो । फलस्वरूप लुम्बिनी क्षेत्र पछि जंगलमा परिणत हुनपुग्यो । फेरि धेरै वर्षपछि सन् १८९६ मा तत्कालीन पाल्पाका कमाण्डिङ जनरल खड्गशमशेरले सो जंगलको रुख कटान गरी भारतमा निकासी गरिरहेको बेला रुख काट्ने कामदारहरूले त्यतातिर अशोक स्तम्भ फेला पारेका थिए । यसै समयमा बुद्धको जन्मस्थल सम्बन्धी खोजकार्य गरिरहेको पुरातत्वविद् अलोइज अन्टन फ्युहरर लुम्बिनी आएर त्यस स्तम्भमा रहेको अभिलेखको उतार लिई फर्केका थिए । अशोक स्तम्भमा लेखिएको अभिलेखलाई "ब्राह्मी लिपि' भनिन्छ । लुम्बिनीको अशोक स्तम्भबाट उतारिएको अभिलेख अर्थात् 'ब्राह्मी लिपि' पढ्न अर्का पुरातत्वविद् फ्युलर सफल भएका थिए । त्यसैबेलादेखि बुद्ध पौराणिक नभई ऐतिहासिक व्यक्ति भएको र उहाँको जन्म नेपालमा भएको प्रमाणित भएको थियो । त्यसपछि सन् १९३७ मा केशरशमशेरले त्यहाँ बुद्ध जन्मेको ठाउँमा मायादेवीको मन्दिर बनाएका थिए । अनि सन् १९६७ मा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव ऊथान्तको लुम्बिनी भ्रमणपछि उहाँले लुम्बिनीलाई विश्वसामु ल्याउन विशेष पहल गरे । उनकै सक्रियतामा सन् १९७० मा राष्ट्रसंघमा लुम्बिनी विकास समितिको गठन भयो । हाल जे जस्तो अवस्थामा लुम्बिनीको विकास योजना छ त्यसको सम्पूर्ण श्रेय हामीले महासचिव ऊथान्तलाई दिनुपर्छ । भगवान् बुद्धको महिमा बुझी अन्तराष्ट्रिय स्तरमा लुम्बिनीको पहिचान र विकास गर्न सघाउ पुऱ्याउने सत्पुरुष ऊथान्तलाई म यहाँ न्यानो अभिवादन गर्न हिचकिचाउन्न । त्यसपछि लुम्बिनी विकासमा सघाउ पुऱ्याउन जापानका वास्तुकलाविद् प्रो. टाँगेको बिशेष योगदान छ । उनले लुम्बिनीको गुरुयोजना नि:शुल्क तयार गरी सन् १९७८ मा नै हस्तान्तर गरे । त्यस गुरुयोजना अन्तर्गत लुम्बिनीको २५ स्क्वायर माइल क्षेत्रलाई विकास गर्ने लक्ष्य राखिएको छ । यसमा सर्वप्रथम पवित्र उद्यान क्षेत्रमा मायादेवी मन्दिर, पवित्र कुण्ड, अशोक स्तम्भ तथा महत्वपूर्ण भग्नावशेषका अवशेषहरूलाई आधुनिक ढंगले यथोचित स्याहार-संभार, संरक्षण तथा पुन:निर्माण गरी वरिपरि चारैतिर रमणीय बगैंचा बनाई हराभरा गराइने लक्ष्य राखिएको छ । यस गुरुयोजना अन्तर्गत त्यतैतिर १६ मिटर चौडा भएको एउटा भव्य केन्द्रीय नहर बनाई त्यसको दायाँ-बायाँ हरियाली चउर र फूलैफूलले ढकमक्क ढाकी नहरमा खुट्टाले चलाउने नाउ राखी त्यतातिर मनमोहक प्राकृतिक सौन्दर्य प्रस्फुटिट गर्ने व्यवस्था पनि गरिएको छ । यतैतिर पूर्वतर्फ विभिन्न देशका थेरवादी बिहार, स्तूप, चैत्य र पश्चिम तर्फ महायानी, बज्रयानी स्तूप, मन्दिर, गुम्बा, बहाल बनाई बुद्ध धर्ममा निहित विभिन्न आयामलाई समन्वय गरी विकास गर्ने लक्ष्य राखिएको छ । साथै उक्त गुरुयोजनामा विभिन्न देशबाट सहयोगस्वरूप आ-आफ्ना देशका शिल्पकला झल्काउने अन्तर्राष्ट्रिय मन्दिर, बिहार, चैत्य वा स्तूप निर्माण गर्नको लागि ४२ वटा प्लट निर्धारण गरिएको छ । अर्को कुरा, पर्यटकहरूको सुविधाको लागि यहाँ उच्चस्तरीय, मध्यमस्तरीय र साधारण होटलहरू आवश्यकतानुसार निर्माण गरिने व्यवस्था पनि गरिएको छ । यसको साथै चारैतिर ठाउँठाउँमा वृक्षारोपण गरी प्राकृतिक सौन्दर्य अभिबृद्धि गर्ने, चारैतिर रमणीय बगैंचा बनाइने, ठाउँठाउँमा पोखरी खनी सफा पानी राख्ने, ध्यानकुटीहरू निर्माण गरिने व्यवस्था गरिएको छ ।

लुम्बिनीबारे यस्तै यस्तै कुराहरू मनमा गुन्दैथिएँ, खेलाउदै थिएँ । हाम्रो गाडी लुम्बिनी पुगेको होसै भएन । पवित्र भूमि लुम्बिनी पुग्दा मेरो मनमा उत्सुकता राम्ररी

पलाइरहेको थियो । सर्वप्रथम हामी मायादेवी मन्दिर अर्थात् शिद्धार्थ कुमार जन्मनु भएको ठाउँतिर जानलाग्दा त्यतैतिरको एउटा साधारण टहराजस्तो ओढारमा मायादेवी मन्दिरमा भएको शिद्धार्थ-जन्म-अंकित नयाँ र पुरानो मूर्तिहरू राखिराखेको देख्दा मनमा नियास्रो छायो । पुरानो मूर्ति खिइएर अस्पष्ट झैं भैसकेको थियो भने नयाँ मूर्तिमा शिद्धार्थको जन्म यसरी देखाइ राखेको मैले देखे । रानी महामायादेवी उभिएर आफ्नो दायाँ हातले एउटा रुखको हागाँलाई समाइराखेकी छिन् । उनलाई आफ्नी बहिनी प्रजापति गौतमी तथा एउटी परिचारिकाले सेवा गरिरहेका छन् । त्यतैतिर बालक शिद्धार्थलाई हेरचाह गर्न भगवान् इन्द्र उपस्थित हुनुहुन्छ । बालक शिद्धार्थचाहिं उठेर जमिनमा सात पाइला हिंड्ने क्रममा हुनुहुन्छ । यस्तो सजीव मूर्ति देख्ता मेरो मनमा आनन्दानुभूति हुनु स्वाभाविकै हो । त्यहाँ यस मूर्तिलाई हेरचाह गर्न एकजना पण्डित ब्राह्मणलाई पुजारीको रुपमा देख्ता म आश्चर्य चकित भएँ । बुद्धका अनुयायी कुनै पनि भिक्षु वा भिक्षुणी हुनु पर्नेमा एकजना पुजारी बाजेलाई त्यहाँ नियुक्त गरेको सान्है असान्दर्भिक र अनुपयुक्त भएको मैले ठानें । मनको कुरा मनमै राखी बुद्धदेवप्रति श्रद्धा व्यक्त गर्न त्यहाँ हामीले बत्ती बाल्ने काम गर्‍यौं र एकछिन त्यहीं ध्यानमा बस्यौं । त्यसपछि मायादेवी मन्दिर भएको भन्ने हाल निर्माणाधीन ठाउँतिर लाग्यौं । तर अपशोच ! त्यहाँको पुरानो मन्दिरलाई भत्ताभुङ्ग पारी केही निर्माण हुन लागेको जस्तो गरी केवल जस्तापाताले छोपिराखेको मात्र देख्यौं । निर्माण कार्यमात्र भइरहेको भए पनि मनमा सन्तोष लिन सक्ने ठाउँ हुन्थ्यो । तर त्यतातिर सबैकुरा लथालिङ्ग भताभुङ्ग अवस्थामा देख्ता मेरो मन खङ्ग्रङ हुनपुग्यो । त्यहाँ भेटेको एकजना कर्मचारीसँग सो मन्दिर बारे के कसो र कहिले निर्माण हुने जस्ता प्रश्न सोद्धा उसले दिएको रुखो जवाफले मलाई सान्है अविकसित छौं जस्तो लाग्यो । त्यसपछि नजिकै रहेको पोखरीतिर लाग्यौं । भनिन्छ शिद्धार्थ जन्मेपछि यही पोखरीको पानीले उनलाई पहिलो पटक नुहाइदिएको थियो । यस्तो पवित्र पोखरीको पानीले मुख धोई आफ्नो मनमा धार्मिक भावना जगायौं । लुम्बिनीको गुरुयोजनामा यो पोखरीलाई पनि आधुनिक ढंगले पुन:निर्माण गरिने भनेको कुरा केवल कुरैमा मात्र सीमित भएको देख्ता मेरो चित्त दुख्नु स्वाभाविकै थियो । अनि त्यहाँबाट हामी त्यतैतिर रहेको अशोक स्तम्भको दर्शन गर्न पुग्यौं । इसापूर्व २४९ मा सम्राट अशोकले शिद्धार्थको जन्म यहीं भएको भन्ने कुरा लेखी राख्न लगाएको यो स्तम्भ हाम्रोलागि सबैभन्दा पुरानो प्रमाणिक दस्तावेज हो । यस्तो महत्वपूर्ण स्तम्भलाई संरक्षण गर्न लुम्बिनी विकास योजनाले कुनै काम सुरु गरेको नदेख्ता 'हीरालाई कीरा' सम्झने हाम्रो दरिद्र मानसिकतादेखि म अतालिएँ । लुम्बिनीमा गुरुयोजना कार्य सुरु भएको दुई दशक भन्दा बढी भैसक्यो । यसको लागि विदेशी सहयोग करोडौं लगानी भैसक्यो । तर यहाँको विकासको गति देख्ता मन मर्ने अनुभव हुन्छ । यहाँ चारैतिर प्राकृतिक सौन्दर्य अभिबृद्धि गर्ने सिलसिलामा भर्खर वृक्षारोपण कार्य सुरु भएको देखें । भव्य केन्द्रिय नहर निर्माण गर्ने भनेकोमा केही अंश नहर खनी त्यसलाई बेवास्ता गरी निर्माण कार्य त्यसै बन्द गरिएको देखें । यतातिर १९-२० वर्ष अघि नै बनाइसक्नु पर्ने हाल निर्माणाधिन चक्रपथमा भर्खर ग्रेभलिङ हुन थालेको देखें । यसरी लुम्बिनी बिकासको लागि बिदेशी सहयोगबाट करोडौं लगानी भैसक्दा पनि जुन रुपमा लुम्बिनीको विकास हुनपर्ने थियो त्यो नभएको मैले प्रत्यक्ष देखे । सोचेर हेर्दा यसको जिम्मेवार अरु कोही होयन बरु यससँग सम्बन्धीत उच्च पदाधिकारी र श्री ५ को सरकार स्वयं नै हुन् । उनीहरूको पछौटेपन कार्यप्रणाली, दरिद्र मानसिकता र पंगु बुद्धिको प्रतिफल आजसम्म लुम्बिनीले आफ्नो चेहरा हँसिलो पार्न सकेको छैन । बेलामौकामा लुम्बिनी बिकास भएन, बिदेशीले दिएको रकम व्यक्ति विशेषले भ्रष्टाचार गरे, पदाधिकारीहरू केबल आ-आफ्ना मान्छेलाई यहाँ भर्ती गर्न तल्लीन भए, गोष्ठी, चियापान र भत्तामा मात्र खर्च गर्ने गरियो, यहाँ राजनीतिकरण धेरै भयो, कर्मचारीहरू केबल सुतेर खाइरहेका छन्, सरकार केवल दातृराष्ट्रहरूसँग पैसा हसुर्न व्यस्त छन् आदिवारे बौद्धिक वर्गले विभिन्न पत्रपत्रिका मार्फत सचेत गराउँदा गराउँदै सरकार मौन छन्, केही कदम चाल्दैनन् । कस्तो विडम्बना, कस्तो अचाक्ली, म जस्तो एकजना राष्ट्रप्रेमी नेपालीको लागि यो भन्दा दु:ख र आक्रोशको कुरा अरु के हुन सक्ला र ?

यस्तै यस्तै कुराले मेरो मन गन्हुँगो हुँदैथियो । तैपनि लुम्बिनी घुम्ने उत्कण्ठतामा केही कमी आएको होइन । हामी लगतै मित्रराष्ट्रहरले बनाइदिएका बुद्धमन्दिर वा अतिथिगृहहरू हेर्न गयौं । जापान, कोरिया, जर्मनी, म्यानमार (बर्मा), चीन, भियतनाम, श्रीलंका आदिले आ-आफ्ना राष्ट्रिय पहिचान गर्ने खालका मन्दिरहरू राम्ररी बनाइसकेका देख्यौं । ती सबै आ-आफ्नै ठाउँमा भव्य छन्, सुन्दर छन्, मनमोहक छन् । तैपनि ती सबैमध्ये चीनले निर्माण गरेको बुद्ध मन्दिर भव्य भएको मैले देखें । जापानले निर्माण गरेको मन्दिर परिसरमा केही जापानी तरुनीहरू ज्यामीको रुपमा श्रमदान कार्य गरिरहेको देख्ता म छक्क परें । बुद्धप्रति यी कलकलाउँदा युवतीहरूको श्रद्धाभाव देख्ता हाम्रा नानीहरूलाई पनि यहाँ ल्याएर पाठ सिकाउन पर्ने हो कि जस्तो लाग्यो ।

लुम्बिनीको सेरोफेरोमा मलाई कस्तो लाग्यो भने मित्रराष्ट्रहरूले बनाएका सुन्दर मन्दिरहरूले मात्र यहाँ केही भौतिक परिवर्तन भएको देखिन्छ अन्यथा यहाँको विकास कार्यमा कुनै गतिशीलता नभएको मैले देखें।

त्यसपछि हामी बौद्ध धर्मावलम्बी सबैका प्रिय दिवंगत जापानी भिक्षु युनाताका नावातामेको आवासगृह सोद्धै हेर्न गयौं। मलाई थाहाथियो - जापानको एउटा धार्मिक संस्थाले लुम्बिनीमा करिब ५५ करोडको लागतमा नेपालमा भएका मध्ये सबैभन्दा ठूलो १५३ फीट अग्लो 'विश्व शान्ति स्तूप' निर्माण गर्न विक्रम सम्वत् २०५० सालमा लुम्बिनी विकास कोषसँग सम्झौता गरेको थियो। सोही वर्ष उपर्युक्त स्तूप बनाउने कार्यभार लिएर एकजना जापानी युवा भिक्षु युनाताका नावातामे नेपाल आई बस्न थाल्नुभयो। उहाँलाई देख्ने जान्नेका अनुसार उहाँ सार्है असल, भलाद्मी, कमबोल्ने, लगनशील, परिश्रमी भिक्षु हुनुहुन्थ्यो। उहाँको कुशल सुपरिवेक्षणमा लुम्बिनीमा 'विश्व शान्ति स्तूप' जोडतोड निर्माण हुँदैथियो। तर बिडम्वना भएको कुरा विचित्र हुँदो रहेछ। 'म ताक्छु मूढो बन्चरो ताक्छ घुँडो' भने जस्तै कस्तो उत्साह र उमङ्गले बुद्धको शान्ति सन्देश विश्वमा प्रसारण गराउने हेतुले 'विश्व शान्ति स्तूप' बनाउन तल्लीन यी महात्माको जीवनमा एउटा यस्तो दुर्घटना हुनगयो जसबाट हामी समस्त नेपालीले विश्वसामु शिर निहुराउनु पर्‍यो। कुरा के हो भने २०५४ साल आषाढ १९ गते राती ११ बजेतिर केही केटाहरूले पवित्र आत्माका प्रतीक ती बौद्ध भिक्षु युनाताका नावातामेलाई आक्रमण गरे, छुरा हाने, अन्त्यमा गोली हानी मारे। ती हत्याराहरूले पैसाको लागि हत्या गरेको देखिएन र यो हत्याकाण्डको पछाडि बाह्य तत्वको हात रहेको आशंका गरिदैछ। जे होस् नहुनु पर्ने ठूलो गल्ती हुनगयो। बुद्धको पवित्र भूमिमा बुद्धकै अनुयायी भिक्षुको हत्या भयो। सो कुसमाचार विश्वभरि फैलियो। यसबाट बौद्ध धर्मावलम्बीहरू स्तब्ध भए, उनीहरूको आत्मा रोयो। उफ! मानिसको बुद्धि विवेक गुम हुँदा ऊ कति नीच हुँदो रहेछ तथा कसरी पशु बन्दो रहेछ भन्ने कुरा पूज्य युनाताका नावातामेको हत्याकाण्डबाट मलाई झन् प्रष्ट भयो। भिक्षु युनाताकाको पवित्र आत्मामा चिर शान्तिको कामना गर्न त्यसवेला काठमाडौंमा आयोजित मौन जुलुस र शोकसभामा मैले पनि भाग लिएर उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेको थिएँ।

★ जीवनमा **पाँच दुर्लभ** वस्तुहरू छन्: (१) आयु (२) वर्ण (३) सुख (४) यश (५) स्वर्ग (= सुगति) ।

★ **पञ्च गोर** भन्नाले गाईबाट निस्किने पाँच पदार्थहरू बुझिन्छन्: (१) दुध (२) दही (३) मही (४) नौनी (५) घ्यू ।



Best Wishes
to all our Customers &
Well Wishers on
Happy Vesak Full
Moon Day.
New 2546 B.E.

Him Tours (P) Ltd.

P. O. Box 6812
Jyatha, Kanti Path
Kathmandu, Nepal

Tel. : 249350 (Off)
Fax : 00977-1-249451
e-mail: nepal@himtours.mos.com.np

For Perfect Travel & Tour Arrangement



5 YEARS WARRANTY

बु.सं. २५४६

ROSHA SEWING MACHINE

विभिन्न किसिमको सिलाई मेशिन बिक्री साथै मर्मत गरिन्छ



ROSHA
SEWING MACHINE

Marketed by:

RONES STORE (PATAN)
Tel.: 548109

RATNA STORE (TEBAHAL)
Tel.: 244321

e-mail: rupendranakarmi@hotmail.com

Distributors:
ROSHA, KAMINI, SAGUN, SURBHAI

# विद्वानपिनि मिखाय् बुद्धधर्म

मुनीन्द्ररत्न वज्राचार्य, विश्वशान्ति विहार

मानवमात्रया कल्याणया लागि अभिप्रेरित बुद्धधर्म थौंतकनं विश्वय् उलि हे श्रद्धा व भक्तिपूर्वकं मनूतसें ग्रहण याना वया च्वंगु दु । सारा विश्वया मनूतय्त प्रेम व सत्यधर्मय् च्वना दु:खं मुक्त याना करुणा तया वहुजन हिताय वहुजन सुखाय भावनाय् क:घाना यंकेगु थ्व धर्मया मू लँपु ख: । उकें नीन्यास:दँ न्ह्यो निसें भगवान बुद्धं परिकल्पना याना विज्यागु थुगु धर्मयात थौंतक नं सर्वसाधारण मनुखं जक मखु विश्वया प्रतापी राजा महाराजा व विद्वानतसें नं उलि हे श्रद्धा बिया माने याना वया च्वन ।

विश्वया इतिहास पुइकेवं बुद्धकालीन इले प्रकाण्ड जुजुपिं विम्बिसार, अजात शत्रु, मिलिन्द थेंजा:पिं बुद्ध धर्मया प्रभावं इमिगु नुग: नायका ब्यूगु दु । ई.पू. स्वंगू शताब्दीपाखें भारतया सम्राट अशोक थें जा:म्ह प्रतापी जुजुया नुग: बुद्धधर्म पाखे कोसायका ब्यूगु दु । सारा: भारतवर्ष हे अशोकं बुद्धधर्मया महत्वया लँ क्यना बिल । उलिजक मखु बुद्धधर्मया चीरस्थायी याय्गु लागि बुद्धया जन्मभूमी पला:तया इतिहासं लोमंके मफय्क लुम्बिनी अशोक स्तम्भ नीस्वना विल । थौंतकनं नेपामितसें बुद्धया जन्मभूमि लुम्बिनी ख: धका धाय् फयका च्वन । उलिजक मखु थ:म्ह्याय् चारुमतियात नेपा:या राजकुमार देवपाल नाप विवाह याके बिया नेपा:या स्वनिग: दुने बौद्ध प्यंगू स्थूरया निर्माण यासे थाय् थासे विहार नं दयका बिल ।

नेपा:या इतिहासे बुद्धधर्मया त:धंगु स्थान दु । नेपा:या इतिहासे खनेदय्क स्पष्ट रूपं लिच्छवि जुजु वृषदेवं थ:त सुगत शासन पक्षपाति धाय्का बुद्धधर्मया क्वातुक: हाकाय्का ब्यूगु दु । अनंलि जयदेवं नं थ:त बौद्ध धर्मया अनुयायी धाय्कल । धात्थेंला नेपा:या इतिहासय् बुद्धधर्मयात नेपा:गालं पिने न्यंकेगुया लागी लिच्छवीकालीन जुजु अंशुवर्माया कुत:यात माने यायमा । थ: म्ह्याय् भृकुटीया विवाह तिब्बतया जुजु स्रंगचङ्गम्पो नाप याना बिया तिब्बतय् बुद्धया मूर्तित कोस:या रूपय् यंका: बुद्धधर्मया प्रचार प्रसार यात । थथेहे नेपालय् मध्यकाल वसेंलि सिंहदेवं थत परमसौगत धायका बुद्धधर्मया परम अनुयायी जुयाबिल । नेपाले थ्व इले महायान बौद्ध धर्मया नं विकास जू वन । आपालं आचार्यत नार्गाजुन, थें जापि सिद्धहस्तपिसं बौद्ध धर्मयात च्व न्ह्याकल । वज्रयान, तंत्रयान, सहजयान, हीनयान ब लामावादया नं विकास जू वन । विस्तार विस्तारं एशियाया छचाखेरं आपालं थासय् बुद्धधर्म न्यन । विद्वान आचार्य व भिक्षुपिसं स्यस्यला:गु ग्रन्थत च्वय्गु यात । थुगु इलय् बुद्ध धर्म इतिहासया रुपय् जक शासकतसें माने याना बनसा थौंकन्हे बुद्धधर्म शासकतसें जक मखु विद्वत वर्गतसेनं थ्वयात उलि हे श्रद्धा व भक्तितया माने याना वन ।

आधुनिक काले हे पाश्चात्य दार्शनिक वरट्राण्ड रसेल बुद्धधर्म प्रभावित जुया थुकथं विचा: बिल । यदि सुनानं जित: गुगुं छगू धर्म मानेयाय्गुलि विवशयात धा:सा जिं बुद्धधर्मयात माने याय् ।" थथे हे डा. भीमराव अम्बेडकर नं बुद्धधर्म प्रति श्रद्धा तया भारतया संविधानया निर्माणय् हे धर्म निरपेक्ष राज्यया घोषणाया लागि आपालं कुत: यात । अभ्र थ:हिन्दू जूसां हिन्दू जुया सिइ मखु तकं धया वन ।

पं. जवाहरलाल नेहरु नं भगवान बुद्धया संदेशं प्रभावित जुया थ:गु Discovery of India धयागु सफूति थुकथं च्वया तल "Buddha's message was one of universal benevolence of love for all. "For never in this world does hatred cease by hatred, hatred ceases by love " And let a man overcome anger by kindness, evil by good.

थथेहे वैज्ञानिक डा. अल्वर्ट आइन्सटेन बुद्धया सिद्धान्त कया थुकथं धाल" थौंया युगय् आधुनिक विज्ञान नाप मिले जूगु छुं धर्म दुसा व बुद्धधर्म ख: । प्रसिद्ध कवि आरनोल्डं बुद्धयात एशियाया ज: (The light of Asia) धाल । तसकं लोकं ह्वा:गु Small is beautiful नांगु सफूति बुद्धया अर्थनीतियात कया थुकथं प्रशंसा याना धया तल" The Buddhist economics must be very different from the economics of modern materialism, since the Buddhist sees the essence of civiligation not in a multiplication of wants but in the purification of human character. मानवीय आचरणया शुद्धीकरण हे थो भौतिक संसारय् त:धंगु अर्थतंत्रया विकास ख: धयागु बौद्ध अर्थतंत्रय् खनेदु धाल ।

बौद्ध जगत आपालं विद्वान पिनि मिखाय् बुद्धधर्म

यात महान तायका च्वंगु दु। संसारया प्रकाण्ड विद्वान महापण्डित राहुल सांक्रित्यायन, रविन्द्रनाथ टैगोर, डा. राधाकृष्ण सर्वपल्लिन, महात्मागांधी, डा. राजेन्द्र प्रसाद, म्याक्समुलर प्रो. डेविट गोडांड थें जापिसं बुद्धधर्म प्रति प्रभावित जुया थपिनिगु जीवने आपालं बुद्धया सन्देशयात व्यवहारे छ्यःगु दु। आपालं विद्वानतसें बुद्धया बारे सफू नं च्वयावन।

विश्वया इतिहासे गुलिखे शासकतसें बुद्धधर्मयात म्हसिका वन इमिसं जनतायात कल्याण यायगु ज्या यात। तर गुलिस्यां बुद्धधर्मयात म्हमसिइकल इमिसं इतिहासय् कलंकित ज्या याना वन। लखं लखं मनूतयत स्याना मनूया हिं इतिहास च्वयगु यात। भ्रीसं खना इतिहासय् अल्याखें मनूत नं जन्म जुल गुपिसं राज्यवृद्धिया लागी थपिनिगु स्वार्थ पूर्तियाया लागि मनू स्यायगु ज्या यात। विश्व युद्धया इले हिटलर, मुसोलिनी लखौं लख मनू स्यात कम्बोडियाया् पोलपोट, अफ्रिकाया इडी अमीन, बोथा थें जापिसं लखौंलाख मनूतय् हत्यायात। थजागु कुकर्म बुद्धधर्मया ज्ञान मसिइका हे जूगु खः। उकें सकल मानवजातिं बुद्धधर्मया सिद्धान्तयात लुमंकेमाः। ■


शान्ति नायक
गौतम बुद्धया जन्म, सम्वोधि व
महापरिनिर्वाण चूलागु बैशाख पुन्हिया
लसताय्
सकलया कल्याण कामना।

**काठमाडौं टेक्नोक्राफ्ट (प्रा.) लि.**

चाँदीका गहनाहरू, नेपाली कागज र
हस्तकलाका सामग्रीहरू शिल्पकार तथा निर्यात गरिन्छ।
६/२४ नयाँ सडक, पोष्ट बक्स ५२५५, काठमाडौं, नेपाल
फोन: (पस:) २४४६५९, (छें) २७२१६७, २२३६४८
फ्याक्स: ९७७-१-२४४६५७
e-m@il: ktcraft@bs.wlink.com.np

**सम्यक जेम्स एण्ड ज्वेलरी**

बहुमूल्य रत्न, जवाहिरात, नेपाली गर-गहनाहरू र
हस्तकलाका सामग्रीहरू उपलब्ध छन्।
६/२४ नयाँ सडक, पोष्ट बक्स ५२५५, काठमाडौं, नेपाल।
फोन: (पस:) २२३६४८, (छें) २७२१६७


# ज्ञानया मिखा कना स्व

आमिसस

हे मनू, ख्वा पाःया मिखाँ मखु,
छं दुनूगःया मिखाँ स्व,
गबले छं दुनुगःया मिखाँ खनी
अबले छं त्यागी जुया वनेगु इच्छा ज्वनी,
थज्यागु स्वार्थ जागु संसारे
छु च्वनेगु धइथें मने दनि
छुं शान्त लकस याकचा
च्वनेगु खःसा भय फुक्कं तनी
हिंसा मयासे जु छ ज्ञानी
थःथें सकल म्वायमा धागु तायका
ज्ञान दुपिन्सं छुपु छुपु धर्मया लँ ज्वनी
मदुपिसं छंगु जिगु धर्म धका ल्वाना च्वनी

## बुद्ध जयन्ति

- अरबिन्द्र कौशल्यायन

म्हिगः थें थौ नं हनेवा झिसं थ्व दिं बुद्ध जयन्ति।
छुं मखुसां थौं जक जुसां, बुद्ध जयन्ति श्रद्धां हनेवा ॥धृ॥
सदां सदां थौं नं हनं, वइच्वन वसन्त चाःचा हिलाथन।
ज्वज्वलपा थ्व सविनय निपाः ल्हातिं,
लसकुस याना व प्रभाव यात ॥१॥
म्हिगःथें थौं नं .... ...
प्रकृतिं छायेपिया तःगु व दिं, श्रद्धा स्वांमाःलं समायाना तःगू।
थौं नं हनेनु झिसं व दिं, बिम्ब गुकिया झिगु मिखाय् थौं ॥२॥
म्हिगःथें थौं नं .... ...
बुद्ध भीरुपिं जक मखु, सकलें श्रद्धालुपिं नं।
स्वतन्त्र थ्व दिं हनेत वइगु ज्वना थ्व मन्तुना।
दना दना सकलया, विलि विलिजाःगु श्रद्धा,
म्हिगःथें थौं नं .... ...
अमृतया सवाः सकसित दयेमा, म्हिग थें थौं नं,
शान्तिया लँपु चालाच्वनेमाः म्हिगःथें थौं नं वथें हे।
भेदविभेदया व हाकु ध्वाँय् थौं नं क्वछुना च्वनेमाः,
जीन्दगी पलखसां बुद्धया, अमृतोपदेश रसपान यायेदयेमा ॥४॥
म्हिगःथें थौं नं .... ...

# बुद्ध मात्र बुद्ध हो !

गोविन्द ताम्राकार, पोखरा ।

बुद्ध, बुद्ध, बुद्ध !
कठै बुद्ध !
थेरवादी बुद्ध ! माहायानी बुद्ध !
तन्त्रयानी बुद्ध ! मन्त्रयानी बुद्ध !
विष्णुको नवौं अवतारी बुद्ध !
बिम्ब भित्र बुद्ध !
कर्मकाण्ड भित्र बुद्ध !
विचरा बुद्ध !
आज भोलि
मदिरा बेच्ने
भट्टी पसलको साईनबोर्डमा पनि बुद्ध !
ठूलाठूला होटलहरू
जहाँ ब्यभिचार चल्छ
होटलको नाउँ पनि बुद्ध !
त्यति मात्र कहाँ हो र
जो जन्मैले अन्धा छ,
उस्को नाऊ प्रकाश भने झैं
शील सदाचार के हो जस्लाई थाहै छैन
त्यस्को नाऊँ पनि बुद्ध !
उफ् ! बुद्ध पनि कति बुद्ध ?
यता हेरे पनि बुद्ध !
उता हेरे पनि बुद्ध !
मान्छे पनि बुद्ध/बुद्ध पनि बुद्ध !
गिद्ध पनि बुद्ध/शिद्ध पनि बुद्ध !
अहंकार र तृष्णामा मानिस कति अन्ध छन् !
बेहोसी छन् !
हा.......हा.......हा.......हा.......हा.......।
खित्का छोडेर हाँस्न मन लाग्छ !
मान्छेहरू
जो चर्चित छन् ! शिखर चुमेका छन् !
गिद्धमा बुद्ध देख्छन्,
बुद्धमा गिद्ध देख्छन्
र लेख्छन् बुद्धका ग्रन्थहरू
तर अफशोच ! थाहा पाइरहेका छैनन्
बुद्ध को हो ? बोध के हो ?
बुद्ध !
मैत्री करुणा मुदिताको प्रतिरूप
बुद्ध-तृष्णाजन्य विकार निरोधी
बुद्ध-आर्य अष्टाङ्गीक मार्ग द्रष्टा
बुद्ध-दुःख अनित्य, अनात्म ज्ञाता
समस्तिमा, बुद्ध-
त्यो खुल्ला आकाश हो
जहाँ
झ्याल छैन। ढोका छैन
तुल छैन। ब्यानर छैन
जातपात छैन/सम्प्रदाय छैन
दायक छैन/सहायक छैन
संघ भित्र संघ पनि छैन
संघ भित्र अहंकार पनि छैन !
तेरो छैन ! मेरो छैन
मात्र अकाश छ !
प्रकाश छ ! निलाम्य छ !
धर्ती माथिको त्यो आकाश
तिम्रो अकाश !
मेरो आकाश ! हाम्रो आकाश !
बुद्ध- त्यही हाम्रो आकाश हो !
आकार भित्रको निराकार हो !
बुद्ध-मात्र बुद्ध हो ! सिङ्गो बुद्ध हो !!!

# वचाउ भक्तहरूलाई

✍ **हरि कृष्ण श्रेष्ठ**, *धरान १२/१४७*

कस्तो आयो यो दिन ।
डर त्रासले मुछिनु पर्ने ॥
कतै गोली त कतै बमको ।
धुँवा संग संगै उड्नु पर्ने ॥

यहि देशमा शान्ती घोषित थियो ।
बुद्धको ज्ञान फैलिएको थियो ॥
शक्ति अब हराउँदै गए झैं ।
शान्ती अब भंग भयो ॥

साधु महन्त सोझा सुधालाई ।
बचाउ है माहामानव हो ॥
जन्म अब याहाँ नेपाल मै ।
शान्तीको बिकुल फूल्नलाई ॥

प्रलयबाट बचाउ हे बुद्ध ।
तिम्रो भक्त निर्मूल भएको छैन ॥
अग्नी रूपी बममा मुछ्ने बेला ।
अझ भएको छैन ॥

यस वेला पनि भक्तहरूको ।
रक्षा गर्न सकेनौ भने ॥
बुद्ध तिम्रो शिक्षा र मेहनत ।
सवै खेर नै जाने छ ॥

देउ शक्ति बुद्ध तिमी भक्तहरूलाई ।
शान्ती फैलाउन ॥
गल्ती गर्ने व्यक्तिहरूलाई ।
प्रायश्चित गरी कबुल गराउन ॥

# चतुरार्य सत्य

✍ *राजा बज्राचार्य, युवा बौद्ध समूह, यें*

संसारय् दु:ख मजूपिं दइमखु सुंनं अजा:पिं ॥
दइमखु सुंनं संसारय् दु:खं अलग्गपिं ॥ ॥
दु:ख झीगु जीवनया पला: पलाखय् वयाच्वनी ॥
अथेनं दु:खयात गथे खंके मफुगु खनिं ॥१॥
खँके फुगु जूसा थ्व दु:ख सत्ययात झीसं ॥
पा: जुइगु खइ छुँ भचासां जीवनय् दु:ख ॥ ॥
तृष्णा यातहे दु:खया मूहा खंके फुसानं ॥
अज्ज अप्व: क्वपाले फइगु खइ थ्व दु:ख ॥२॥
दु:ख सत्य ख: अथेहे दु:ख समुदय नं ॥
छगू लिपा मेगु दु:ख वइ जीवनय् नं ॥ ॥
बुंगाचाय् ल: बुयावइ गथे अथेहे ॥
बुयावइ च्वनी थ्व पञ्चस्कन्ध दत्तले ॥३॥
गथे दया वइगु ख: दु:ख अथेहे झीसं ॥
मदयेकेनं फु अथेहे दु:खयात झीसं ॥ ॥
मनयात बसय् तया: राग, द्वेष, मोह लिकाना: ॥
वनीबा दु:खया मूहा तृष्णां तापाना: ॥४॥
सीके धुन झीसं दु:ख व दु:ख समुदय नं ॥
अथेहे सीके धुन दु:ख निरोध सत्य नं ॥ ॥
दु:ख मदयेके ज्यूथें लँपुनं अवश्य दु थन ॥
ख:व आर्य अष्टाङ्ग मार्ग, गुके दु च्यागू त्वाथ: अन ॥५॥

# सफलता पाउन

✍ *भिक्षु संघरक्षित, संघाराम*

लोभिलाई कन्जुसताले होइन तिमी
खुल्ला हृदयले त्याग गरी जित्नु ।
असत्यवादीलाई झुठ्ठाले नै होइन तिमी
सत्यवान्को प्रतिक भएर हराउनु ॥

ठूलो-बडाको आज्ञाकारी हुँदै नभई
तिनीहरूको हृदयमा बस्छौ कसोरी ?
सानालाई स्नेह-माया गर्दै नगरी
आफ्नो छवी कायम गर्छौ कसोरी ?

अभिमानीलाई अहंकारले होइन तिमी
कोमलो बिन्तिभावले पगाल्न सकौं ।
मूर्ख हठीलाई जिद्दीपनाले होइन तिमी
स्वीकृति मुलक व्यवहारिकताले जितौं ॥

क्रोधीलाई सहनशीलता प्रदर्शन नगरी
शान्तिको साम्राज्य हुन्छ नै कसोरी ?
हरेकमा आफू स्वयं उपमा नबनी
सामञ्जस्य त हुँदै-हुँदैन जसोरी ॥

# सम्यक पूजा–६

प्रस्तुति भिक्षु विशुद्धानन्द (प्राणपुत्र)

## १. शत्रु

ज्ञानरहित अन्धविश्वास, कति भयङ्कर हुँदोरहेछ
असत्यलाई सत्य सम्झिंदा, मानव दानव बन्दोरहेछ
कस्तो यो अहंकार हो, ढोंगी अस्तित्व बनाउने
गल्ति स्विकार्न नसक्दा, उजाडियो अमूल्य मित्रता
हाय यो आलस्य पनि, मेहनत गर्न नरुचाउने
भोलि भोलि गरूँला भन्दै, गुम्यो कति सुवर्ण अवसर
धिक्कार छ कञ्जुसीलाई, आफैं मात्र नाम कमाउने
पराया सप्रिने डरले, सुधारिएन कसैलाई पनि
बेकार झन् यो ईर्श्या, पर प्रगति हेर्न नसक्ने
डाहको आगोमा जल्दै, खरानी भयो सुन्दर जीवन

## २. मूर्ख

लोभ क्रोध आनमा, जो सदा फस्दछ
पछुटो हुने काम गर्ने, लाई मूर्ख भन्दछ
मूर्ख आफू पनि जान्दैन, अरूलाई पनि मान्दैन
तर्क शंका उपहास गरी, आफ्नो हात माथि पार्छ
मूर्खको मूर्खता देखेर, विद्वान जब चूप लाग्छ
तब मूर्खले आफूलाई, सफल अनि महान ठान्छ
आलस्य बेहाशी चञ्चल, हुनलाई मह ठान्दछ
उन्नति अवसर गुमाउँदै, मूर्ख तड्पिएर बस्दछ
अहंकारी कञ्जुसी ईर्ष्यालु, हुँदै विनासिन्छ मूर्ख
उत्साह धैर्य विवेकरहित, मूर्ख आफ्नै शत्रु बन्छ

## ३. को श्रेष्ठ ?

सम्बुद्ध मानिसमा श्रेष्ठ, सत्य स्वादिष्ट रसमा
आफू सबै भन्दा प्यारो, आमा मित्र घरमा
सन्तोष परम धन, भोक परम रोग
लाभहरूमा निरोगिता, विश्वास आफन्तहरूमा
वैराग्य परम धर्म, प्रज्ञा परमरत्न
जन्म गराउनेमा तृष्णा, पुण्य चोरी नहुनेमा
राग परम आगो, द्वेष परम पाप
भलो गराउनेमा विद्या, आर्य सत्य सत्यहरूमा
निर्वाण परम सुख, संस्कार परम दुःख
छोराहरूमा कुरा सुन्ने, पत्नी सेवकहरूमा

## ४. सुख

सुखकर बुद्धको दर्शन, साथै उहाँको ज्ञान
अझ सुखकर हुन्छ, गर्नाले धम्मा चरण
जितले वैरभाव, हारले दुःख ल्याउँछ
हारजित रहित पुरुष, शान्त सुखी हुन्छ
पुण्यवान सुखी हुन्छ, यो लोक परलोकमा
सत्कर्म सम्झना गर्दै, पुण्य बढाउँदै लान्छ
त्यागेर थोरै सुख, आएमा धेरै सुख
धेरै सुखको लागि त्यागनु, वेश थोरै सुख
इन्द्रिय संयम सुख, भोजन मात्रा ज्ञान सुख
होशपूर्ण जीवन सुख, तृष्णा क्षय परम सुख

★ क्रमिक रूपले भन्नुपर्ने कथालाई **आनुपूर्विकथा** भनिन्छ । ती हुन्–
(१) **दान** सम्बन्धी कथा (२) **शील** सम्बन्धी कथा (३) **स्वर्ग** (= सुगति) कथा
(४) **कामानं आदिनवो** (= पञ्चकाम = इन्द्रिय भोगको दोष देखाउनु) (५) **ओकारो** (= पञ्चकामको परिणाम भन्नु)
(६) **संकिलेसो** (= क्लेशबारे भन्नु) (७) **नेक्खम्मे आनिसंसं** (=नेष्क्रमयबारे भन्नु)

★ तलका दश कुराहरू हुनाले मात्रै कुनै कुरो स्वीकार गर्न योग्य छैन–
(१) कहिल्यै नसुनेको भनेर (२) परम्परागत भनेर (३) यस्तै भनिएको भनेर (४) धर्म ग्रन्थहरूसँग मिल्ने भनेर
(५) तर्कपूर्ण कुरो भनेर (६) न्यायानुकूल भनेर (७) सुन्दर छ भनेर (८) हाम्रो मतसँग मिल्छ भनेर
(९) भन्ने मान्छे राम्रो छ भनेर (१०) गुरुले भनेको भनेर ।

*– बौद्ध दर्पण (दोस्रो संस्करण)*

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

२०५८ चैत्र १७ गते, स्थान- धर्मकीर्ति विहार ।

**दैनिक जीवनमा धर्मको अभ्यास**

यसदिन मदन रत्न मानन्धरले प्रवचन दिनुहुँदै भन्नुभयो–

धर्म भनेको नै स्वभावलाई भनिएको हो । उदाहरणको लागि आगोको स्वभाव धर्म छुनेवित्तिकै पोल्नु हो भने पानीको स्वभाव धर्म ओरालोमा बग्नु हो। यसरी नै मानिसहरूको पनि आ-आफ्ना स्वभावधर्महरू हुन्छन् । हरेक मानिसले आ-आफ्ना स्वभाव धर्म अनुसार नै काम गरिरहेका हुन्छन् । यी स्वभावधर्महरू दुई प्रकारका हुन्छन् ।

**१. कुशल स्वभाव धर्म**

**२. अकुशल स्वभावधर्म**

पानीको कुशल स्वभाव धर्मले प्राणीहरूको रक्षा गर्छ भने यसको अकुशल स्वभावधर्मले वाढी आई गाउँ शहर डुवाई, वगाई प्राणीहरूलाई विनाश गर्छ । यसरी नै आगोको कुशल स्वभाव धर्मले ताप दिन्छ, खाने पिउने वस्तुहरू पकाउने कार्यमा सघाउ पुऱ्याउँछ भने त्यही आगोको अकुशल स्वभाव धर्मले आगलागी जस्तो भयानक घटना सृजना गरी भष्म पारिदिन्छ ।

आगो र पानीको जस्तै मानिसहरूको पनि कुशल र अकुशल स्वभाव धर्महरू हुन्छन् । थाहा पाएर पनि नपाएर पनि मानिसहरूले कुशल र अकुशल कार्यहरू गरिरहेकै हुन्छन् । यसलाई नै "दैनिक जीवनमा धर्मको अभ्यास" भनिन्छ ।

हामी सबैलाई थाहा नै छ, कुशल कार्यको फल कुशल नै हुन्छ । अकुशल कार्यको फल अकुशल नै हुनेछ । तर अकुशल कार्य गर्नेहरूलाई अकुशल फल भने मन परेको हुँदैन । तैपनि मानिसहरूले हरेक क्षण कुशल वा अकुशल कर्महरू रोपिरहेकै हुन्छन् । यी कर्महरू मानिसहरूले ३ वटा माध्यमबाट रोप्ने गर्छन् । ती यसरी छन्– १. काय (शरीर) बाट २. वाक (वचन) बाट ३. चित्त (मन) बाट ।

मानिसहरू कहिले पनि चुप लागेर बसेको हुँदैन । कहिले शरीरबाट कुशल वा अकुशल कार्य गरिरहेको हुन्छ । कहिले वचनले गरिरहेको हुन्छ । यी दुबै माध्यमबाट चुप लागेर बसे पनि मनले भएपनि कुशल वा अकुशल कार्यहरू गरिरहेकै हुन्छन् ।

कुशल स्वभाव धर्ममा आफूलाई पनि अरुलाई पनि भलो हुने कार्य गरिन्छ भने अकुशल स्वभाव धर्ममा आफूलाई पनि अरुलाई पनि हानी पुग्ने कार्य गरिरहेको हुन्छ । अकुशल स्वभाव धर्ममा लागिपर्ने व्यक्तिहरू पनि २ प्रकारका हुन्छन् ।

१. अविद्याको कारणले नबुझेका व्यक्तिहरू
२. बुझेपनि बुझ पचाउने व्यक्तिहरू

यी दुई प्रकारका व्यक्तिहरू मध्ये बुझ पचाउने खालका व्यक्तिहरू समाजमा जति जति बढ्दै जान्छन् त्यति त्यति नै समाजमा कलह, अशान्ति र भयावह स्थिती सृजना हुने डर हुन्छ । त्यसकारण यस्ता अकुशल स्वभाव धर्म हटाउनका लागि मानिसहरूले आफुलाई समाधि तर्फ डोऱ्याउनु जरुरी छ । समाधिले स्मृति बलवान गराइदिन्छ । स्मृति बलवान भएमा मात्र आफूले ठीक गरें कि बेठिक गरें भन्ने तर्फ सतर्क हुन सक्नेछ । अकुशल स्वभाव धर्मको प्रमुख जरा नै तृष्णा हो । भौतिक सम्पत्तिको तृष्णा, मान सम्मानको तृष्णा, उच्च ओहोदाको तृष्णा आदि । यी तृष्णाहरूलाई हटाउन सकेमा अकुशल स्वभावधर्म कम हुँदै जानेछ । कुशल स्वभाव धर्म जति वृद्धि हुँदै जान्छ, त्यति नै समाजमा कलह र अशान्तिपूर्ण वातावरण हट्दै जानेछ र शान्तिले ठाउँ लिने छ ।

**सुरु सुरु लिसः – खुरु खुरु सिरपा**

३ चैत्र २०५८ स धर्मकीर्ति अध्ययन गोष्ठीया वार्षिक सभा बसुन्धरा द्वँस जूगु खः । उगु मुनेगु ज्याय् थी थी ज्या भो मध्ये छगू न्ह्यैपुसे च्वंगु ज्या खः धर्मकीर्ति पत्रिकाय् छापे जुइ धुंकुगु समाचारया बारे जक न्ह्यस लिसः कासा । थुकी बांलागु व न्ह्यैपुसे च्वंगु खँ छु धासा न्ह्यसःया लिसः न्ह्याम्हसिनं ब्यूसां ज्यू । लिसः ब्यूपिं फुकसितं तुरन्त हे सिरपा बीगु व काय् दैगु । आ थन अन न्यंगु न्ह्यसःत मध्ये बाँ बाँ लागु जक ल्यया थन न्ह्यथनागु खः–

१. बुद्ध सम्बत २५४५ अर्थात् वि.सं. २०५८ स पिदंगु 'धर्मकीर्ति' बौद्ध लयपौ गोगूगु दँ यागु खः ?

- १९ गुगु दँयागु खः ।

२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेला मेमेगु विहारे न्याय्क वनाच्वंगु ला छिकपिसं स्यूगु हे जुल । आः धया दिसं २०५७ सालया वार्षिक भेला छु विहारे न्याय्कूगु खः ?

-जितवन बौद्ध विहार, थानकोट ।

३. वंगु २०५७ वैशाख १ गते खुन्हु विश्वशान्ति विहारे भिक्षु कुमारकाश्यप महास्थविर व भिक्षु ज्ञानपूर्णिक महास्थविर पिनिगु हनाय् छगू अभिनन्दन समारोहया ग्वसा ग्वःगु खः । बर्मी सरकारं "अग्गमहासद्धम्म जोतिक धज" व श्री लंकाया विद्यालंकार महाविद्यालय पाखें "विद्यालंकार पद्म भूषण" पदवी वसपोलपिन्त विभूषित याःगुली उगु अभिनन्दन समारोह जूगु जुल । आः धयादिसं भिक्षु कुमार काश्यप छु पदवी विभूषित जुया बिज्याःगु खः ?

- विद्यालंकार पद्मभूषण

४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले न्ह्याकूगु अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिताय् लःल्हाःगु रनिङ्ग शिल्डयात छु नां छुना तःगु दु ?

- धर्मकीर्ति रनिङ्ग शिल्ड

५. वंगु श्रावण २४ गते निसें २७ गते तक न्ह्याःगु धर्मकीर्ति रनिङ्ग शिल्ड अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिताय् न्हाप लाःगु विद्यालय छु खः ?

- शान्ति शिक्षा मन्दिर मा.वि.

६. बुद्ध शिक्षा प्रचार प्रसार तथा पुनरुत्थान यायगु पुनीत ज्याय् जोमदुगु तिबः बियादीगुलिं बौद्ध व्यक्तित्वपिं प्रा. आशाराम शाक्य, लोकदर्शन वज्राचार्य व बुद्धिराज वज्राचार्य पिनिगु हनाय् वंगु भाद्र ९ गते छगू अभिनन्दन समारोहया ग्वसा ग्वःगु खः । आ धयादिसं उगु अभिनन्दन समारोहया ग्वसा खल छु खः ?

- युवक बौद्ध मण्डल (Y.M.B.A)

७. वंगु भाद्र ९ गते थःगु न्हापांगु वार्षिक साधारण सभा न्याय्कूगु "मेत्ता सेन्टर (मैत्री केन्द्र) बाल आश्रम" छु थाय्या छु विहारे दु ?

- बनेपा ध्यानकुटी विहारे ।

८. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले वंगु आश्वीन २७ गते न्ह्याःगु बाल चित्र प्रतियोगिताया नितिं उमेरया ल्याखं निगू पुचः दय्का निगुलिं पुचःयात व हे निगू विषय क्वःछ्यूगु खः । उकी मध्ये छगू "एउटा रुख अमिलो हुँदैमा बनै अमिलो हुँदैन खः सा मेगु छगू विषय छु खः ?

- विषको बिरुवामा पानी दिनु हुँदैन ।

९. लुम्बिनी दय्के क्वचाःगु विश्वशान्ति स्तूपया उलेज्याया नितिं वंगु आश्वीन २४ गते यें निसें लुम्बिनी तक छगू शान्तिपद यात्रा न्ह्याःगुला स्यूगु हे जुल । उगु शान्ति पदयात्रा पुचले धर्मकीर्ति विहारया छम्ह गुरुमां न ब्वति कया बिज्याःगु खः । वसपोल सु खः ?

- जयवती गुरुमाँ

१०. २०५८ मंसिर ८,९, व १० गते स्वन्हुयंक लुम्बिनीस जूगु निःशुल्क स्वास्थ्य शिविर ताःलाकेत भीत छगू संस्थापाखें प्रायोजन याःगु खः । आः धयादिसं उगु संस्थाया नां छु खः ?

- डच मदत नेपाल फाउन्डेशन

११. जि जिगु, जिं यानागु इत्यादि भावना ब्वलन कि ल्वापु जुइयो- थ्व खःगु हे खँ खः धका भीसं स्यू तर थुजोगु भावना ब्वलनीगुयात छु धाई मसीफु । आः स्यूपिं सुं दुसा धया दिसं जि जिगु धयागु भावनायात छु धाई ?

- सत्कायदृष्टि

१२. प्रतीत्य समुत्पाद कथं संस्कार उत्पन्न जुइगुया कारण छु खः ?

- अविद्या (अज्ञानता)

१३. २०५८ साले वैशाख बाहेक असार महिनाया 'धर्मकीर्ति' पत्रिका नं रंगिन कभरेज सहित पिदंगु खः । उगु असार महिनाया रंगिन कभरे ध्यानगुरु सत्यनारायण गोयन्का व माताजी इलाइचीदेवीपिनि नाप सुयागु फोटो छापे जूगु खः ?

- मदुम्ह जुजु श्री ५ वीरेन्द्र

१४. थुगु वर्षे उज्वगु छगू सफू पिदंगु दु गुगु बुद्ध धर्म अध्ययन याय्या निंतिं अतिकं हे ग्वाहालि जुइगु खः । भिक्षु मैत्री, अन्तर्राष्ट्रिय बौद्ध समाज लुम्बिनी व्यवस्थापक सम्पादक जुया पिदंगु "पालि, नेपाली, नेपालभाषा" नांगु शब्दकोषया सम्पादन सुनांयागु खः ?

- भिक्षु अमृतानन्द महानायक महास्थविर

१५. वंगु असार १४ गते धर्मकीर्ति विहारे अनोजा गुरुमाँ अग्गञाणी गुरुमाँ व विमल ञाणी गुरुमाँपिन्त हनागु ला लुमंनि हे जुइ । वसपोलपिन्त थी थी उपाधि प्राप्त जूगुलिं भीसं हनागु खः । आः धयादिसं वसपोलपिन्त छु छु उपाधि प्राप्त जूगु खः ?
- **अनोजा गुरुमाँ– अभिधम्मावतारो विषयस पी. एच. डी. अग्गञाणी व विमलञाणी गुरुमाँ शासन धज धम्मा चरिय ।**

१६. २५४५ गू स्वाँयापुन्हीया लसताय 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले जूगु हि-दान ज्या इ्वः स ग्वम्हसिनं हि दान यात ?
- **३५ म्हस्यां ।**

१७. बुद्ध धर्मया मूल ग्रन्थ त्रिपिटके छु छु ग्रन्थ दुथ्या ?
- **सूत्र पिटक, विनय पिटक, अभिधर्म पिटक**

१८. सम्राट अशोकं बुद्ध शिक्षा प्रचारया निंतिं थःम्ह्याय् संघमित्तायात गन छ्वःगु खः?
- **श्रीलंकाय्**

१९. बौद्ध साहित्ये अतिकं लोकप्रिय सफू छगू दु । उगु सफुती वर्णन याना तः कथं छम्हस्यां न्ह्यसः न्यनी अले मेम्हस्यां लिसः बिइ । उगु सफूया नां छु खः ?
- **मिलिन्द प्रश्न**

२०. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें प्रकाशित जुयावया च्वंगु सफूत नेपालभाषा, नेपाली, अंग्रेजी याना मुक्कं ग्वगू थ्यन ?
- **२१२ गू ।**

**२०५८ वैशाख १ गते देखि २०५८ फागुन मसान्त सम्मको धर्मकीर्ति शनिवारिय क्लिनिक रिपोर्टः**

| | |
|---|---|
| डा. चन्द्रेशरत्न तुलाधर | - २५ क्लिनिक दिन |
| डा. थीरमान शाक्य | - ५ क्लिनिक दिन |
| डा. योगेन्द्र शाक्य | - १० क्लिनिक दिन |
| - दर्ता शुल्क .............. | रु. २६३०/– |
| - चन्दा प्राप्त ............. | रु. ७१५/– |
| जम्मा | रु. ३३४५/– |

**२०५८ मंसीर ८-१० गते । लुम्बिनी शिविर (फ्री क्लिनिक)**

| | | |
|---|---|---|
| - स्टेशनरी ...................... | रु. | ३,१४९/– |
| - सर सामान ..................... | रु. | १,८१२/– |
| - खाना ............................ | रु. | ३३,४२३/– |
| - बस भाडा ...................... | रु. | १४,५००/– |
| - औषधि .......................... | रु. | १,०२,१३७/– |
| - उपहार/फोटो.................. | रु. | १३,४३५/– |
| - तयारी भ्रमण .................. | रु. | १,०००/– |
| - विविध ........................... | रु. | २,७४०/– |
| | रु. | १,७२,१९६/– |
| बाँकी | रु. | २८०४/– |
| | रु. | १,७५,०००/– |
| ★ मदत नेपालबाट प्राप्त (ने.बैंक लि. स्वास्थ्य कोषमा जम्मा) | रु. | २,४०,०००/– |
| ★ नगद पेश्की निष्काशन | रु. | १,७५,०००/– |
| थप बचन | रु. | ६५,०००/– |

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूः**

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूको नामावली (२०५७ सालको क्रम संख्या ३५२ सम्म २०५८ साल बैशाख पूर्णिमाको अङ्कमा प्रकाशित भइसकेको छ ।**

**२०५८ सालको विशेष सदस्यहरूको नामावली यसप्रकार छन्–**

| क्रसं नाम | ठेगाना | रकम रुपियाँमा |
|---|---|---|
| ३५३. प्रतिभा समाज | कोपुण्डोल | १,०००/– |
| ३५४. मथुरा डंगोल | पाँगा, कीर्तिपुर | १,०००/– |
| ३५५. कुलामान बुद्धाचार्य | मोहरिया टोल, पोखरा | १,०००/– |
| ३५६. सेरमान बुद्धाचार्य | मोहरिया टोल, पोखरा | १,०००/– |
| ३५७. रुपकिशोर लाकौल | संगम चोक, बुटवल | १,००२/– |
| ३५८. सुन्दरलाल श्रेष्ठ (वैद्य) | नयाँ चोक, बुटवल | १,००२/– |
| ३५९. श्रद्धेय भिक्षु बोधिज्ञान | विश्व शान्ति विहार | १,०५०/– |
| ३६०. संगीता सिं | गोफल टोल, लगन | १,००५/– |
| ३६१. हिराबहादुर गुरुङ | सितल बजार, धादिङ | १,००५/– |
| ३६२. रामबहादुर गुरुङ | दार्खा-८, धादिङ | १,००५/– |
| ३६३. संघरत्न बज्राचार्य | बुटवल-५, पुलचोक | १,००५/– |
| ३६४. विमल बहादुर शाक्य | बुटवल-५, पुलचौक | १,००५/– |
| ३६५. विष्णु प्रसाद श्रेष्ठ | बुटवल-१, श्रवणपथ | १,००५/– |
| ३६६. पारसमुनि शाक्य | बुटवल-६, राम मन्दिर पथ | १,००५/– |
| ३६७. श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठ | बुटवल-६, शिद्धार्थ राजमार्ग | १,००५/– |
| ३६८. श्री महेश्वर शाक्य | कालिका नगर-१३, बुटवल | १,००५/– |
| ३६९. श्री जीवन वज्रा | बुटवल नगरपालिका | १,००५/– |
| ३७०. श्रीचन्द्रमान शाक्य | गणेश टोल-१, बुटवल | १,००५/– |

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक ज्याझ्वः

बुद्ध सम्बत २५४६, ने.सं. ११२२/२३, बि.सं. २०५९

| क्र.सं. दिं | ज्याझ्वः | संयोजक |
|---|---|---|
| १. बैशाख २८ गते, शनिवार | नगदेश बुद्ध विहार, ठिमी<br>**अध्ययन गोष्ठी** | धुव राजकर्णिकार<br>४३७१२३ |
| २. ज्येष्ठ ४ गते, शनिवार | **हिः दान** | स्वयम्भूरत्न तुलाधर<br>२२९१२२ |
| ३. | **हस्तकला ब्वज्या** | रमा कंसाकार<br>४३४६०९ |
| ४. ज्येष्ठ १८ गते, शनिवार | **बालकथा लेखन प्रतियोगिता** | प्रफुल कमल ताम्राकार<br>२७५६४९ |
| ५. असार १-८, शनिवार | **अल्पकालीन प्रव्रज्या शिविर** | अरूणसिद्धि तुलाधर<br>२६३९८९ |
| ६. श्रावण ८ गते, बुधबार | भन्ते व गुरुमाँपिन्त गुरु पुजा यायेगु | तारा डङ्गोल<br>२७४१२३ |
| ७. श्रावण २८ गते, मङ्गलबार | असार पुन्हिया लसताय् निक्वःगु<br>**"धर्मकीर्ति रनिङ्ग शिल्ड अन्तर**<br>**नि.मा.वि. बौद्ध हाजिरी जवाफ प्रतियोगिता"** | रोशनकाजी तुलाधर<br>२२७०३७ |
| ८. कार्तिक ३० गते, शनिबार | **धिलाचो दर्शन** | धुवरत्न स्थापित - २५७५७२ |
| ९. मंसीर ७, १४ व २१ गते शनिवार | **लेखन प्रतिभा तालिम** | लोचनतारा तुलाधर<br>२२३६२३ |
| १०. माघ ११-१८ गते, शनिबार | **बाल ऋषिणी प्रव्रज्या शिविर** | इन्दावती गुरुमाँ<br>२५९४६६ |
| ११. चैत्र ८ गते, शनिवार | **वार्षिक भेला** | इन्द्रकुमार नकर्मी<br>२५४४५५ |

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

| *दाताको नाम र टोल* | *दान दिएको रकम/वस्तु* |
|---|---|
| १. **तिमीला रञ्जित,** मञ्जुश्री टोल | – रु. ५००/- (एक बालीकाको लागि एक वर्षको स्कुल फीस) |
| २. **सरजु सिंह महर्जन**<br>चम्पा कपडा उद्योग, ललितपुर | – ध्यानकुटी वाल आश्रमका सबै सदस्यहरूलाई भोजन र टी-शर्ट एक-एक वटा। |
| ३. **रमेश श्रेष्ठ,** असन | – रु. ५००/– |
| ४. **'गुप्तदान'** | – रु. ४,०००/– |

# हार्दिक बधाई



श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवद्वारा यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका स्थापनाकालदेखि सक्रिय सदस्य, नेपाल जेसिस (१९९९) का भू.पु. अध्यक्ष, अर्न्तराष्ट्रिय जेसिस (२०००) का उपाध्यक्ष एवं सक्षमका अध्यक्ष श्रीमती कीर्ति तुलाधरलाई "वीरेन्द्र ऐश्वर्य सेवा पदक-२०५८" बाट बिभूषित गरीबक्सेकोले श्री ५ समक्ष हार्दिक कृतक्षता चढाउनुका साथै श्रीमती कीर्ति तुलाधरज्यूमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार, श्रीघः नघल

काठमाडौं ।

### बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले २०५९ साल बैशाख ५ गते देखि प्रारम्भ गरेको तिन दिने बौद्ध जागरण प्रशिक्षण शिविर एक समारोहका बिच बैशाख ७ गते शनिबार धर्मशिला बुद्ध विहार नदीपुरंमा सम्पन्न गरेको समाचार छ ।

युवा बौद्ध संघका उपाध्यक्ष विक्रम बुद्धाचार्यको सभापतित्वमा एवं काठमाडौंबाट आउनु भएका श्रद्धेय भिक्षु सुशिल ज्यूको प्रमुख -आतिथ्यमा सम्पन्न उक्त समापन समारोहमा युवा बौद्ध संघका निवर्तमान अध्यक्ष उत्तम मान बुद्धाचार्यले स्वागत मन्तब्य ब्यक्त गर्नु भएको थियो भने सह-सचिव रन्जन बुद्धाचार्यले उद्घोषण गर्नु भएको थियो ।

त्यसैगरी प्रशिक्षार्थीहरूको तर्फबाट तमु बिद्यार्थी छोजधिं: का कल्पना गुरूङ्ग, हिमाल युवा क्लवका मोहन बहादुर थापा तथा प्रशिक्षणहरूको तर्फबाट डा. गेहेन्द्र मान उदास र डा. केशव मान शाक्यले मन्तव्य ब्यक्त गर्नु भएको थियो । सो अवसरमा श्रद्धेय भिक्षु श्रद्धानन्दले सहभागि प्रशिक्षार्थिहरूलाई प्रशंसा पत्र तथा उपहार प्रदान गर्नु भएको थियो ।

पोखरा उप-महानगर पालिका भित्रका विहार, गुम्बा, बौद्ध तथा अन्य संघ संस्था गरी जम्मा १५ वटा संस्थाबाट ४० जना प्रशिक्षार्थीहरूले भाग लिएको सो तिनदिने प्रशिक्षण शिविरमा प्रशिक्षकहरू डा. गेहेन्द्र मान उदास, भिक्षु श्रद्धानन्द, भिक्षु सुशिल, डा. केशव मान शाक्य (काठमाडौं) र पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाश मान गुभाजुले क्रमश: बुद्ध धर्मको परिचय, बुद्ध धर्म र बौद्ध धर्मावलम्बिको स्थिती, वर्तमान परिप्रेक्षमा बुद्ध शिक्षाको महत्व, बुद्ध धर्मको दशपारमिता र बुद्ध धर्मको आर्थिक संरचना विषयमा प्रशिक्षण प्रदान गर्नु भएको थियो । प्रशिक्षणको दौरानमा श्रद्धेय भिक्षु सुशिल ज्यूले ध्यान भावना संवन्धि महत्वपूर्ण जानकारी दिनुहुँदै ध्यान भावनाको अभ्यास पनि गराउनु भएको थियो ।

### बौद्ध अर्घौं सदनमा प्रवचन

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराले संचालन गर्दै आएको मासिक प्रवचन कार्यक्रम अन्तर्गत २०५९ साल बैशाख ७ गते शनिबारको प्रवचन बौद्ध अर्घौं सदन, गौतम बुद्ध मार्ग रामघाटमा सम्पन्न भयो । बौद्ध अर्घौं सदनका अध्यक्ष क्या. उमर ध्वज गुरुङ्गको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा काठमाडौंबाट आउनु भएका श्रद्धेय भिक्षु सुशिलले मानिसमा बालक, बृद्ध, ब्यापारी र श्रमिक "स्वभाव लुकेर रहेको हुन्छ भन्नुहुँदै ति स्वभावहरू मध्ये बालक, बृद्ध र ब्यापारी स्वभावले मानिसलाई एकाग्र भई लक्ष्य सम्म पुग्नमा अवरोध पुऱ्याइरहेको हुन्छ । श्रमीक स्वभावले दृढ निश्चयी भई लक्षय सम्म पुग्नमा सहयोग गर्ने हुनाले सबैले श्रमीक स्वभाव वा श्रम गर्ने स्वभावलाई प्रकट गर्नु पर्छ भन्नु हुँदै विभिन्न उदाहरण तथा कथाहरूबाट उक्त कुरालाई प्रष्ट पार्नु भएको थियो ।

बौद्ध अर्घौं सदनका सदस्यहरू लगायत लामा गुरुज्यूहरू र आमा समुहको समेत उपस्थिति रहेको सो प्रवचन कार्यक्रमको प्रारम्भमा श्रद्धेय भिक्षु श्रद्धानन्द ज्यूले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने श्री रवि चन्द्र गुरूङ्गले कार्यक्रम संचालन गर्नु भएको थियो ।

### कपडा वितरण

युवा बौद्ध संघ धर्मशीला बुद्ध बिहार नदीपुर पोखराले कास्की जिल्ला कृस्ती गाउँ विकास समितिको सहयोगमा २०५८ चैत्र १७ गते शनीवार सोही गा.वि.स. भवनको प्राङ्गणमा कृस्ती नाच्ने चौर गा.वि.स.का ९ वटा वडाहरूका १० वर्षे बाल बालिका देखि ८० बर्षिय बृद्ध सम्मका गरी जम्मा १७५ जना महिला र १५० जना पुरुषहरू गरी जम्मा ३२५ जना विपन्न वर्गका ब्यक्तिहरूलाई कपडा वितरण गरिएको समाचार प्राप्त भएको छ ।

यसरी युवा बौद्ध संघ पोखराले जापानमा रहेका जापानी उपासक उपासिकाहरूबाट संग्रह गरी विश्व शान्ति स्तूप अनदूका अध्यक्ष तथा पूर्व सांसद कृष्ण बहादुर गुरुङ्गको सक्रियतामा प्राप्त गरेका कपडाहरू कास्की, म्याग्दी, र तनहुँ जिल्लाका विभिन्न स्थानहरूमा रहेका विपन्न र असहाय व्यक्तिहरूका साथै वाढी तथा अग्नीपिडित व्यक्तिहरूलाई समेत वितरण गर्दै आइरहेको कुरा बुझिन आएको छ ।

### एक मिनेट मौन धारणा

बुद्ध धर्ममा बढि आस्था राखी अड्डा अदालतका कार्यहरूमा आफूले सक्दो सहयोग पुऱ्याउँदै आउनु भएका श्री भीम बहादुर श्रेष्ठको असामयिक स्वर्गारोहण भएकोले २०५८ चैत्र १५ गते विहीवार दिवंगत भीमबहादुरको पुण्यस्मृतिमा थेरवाद बौद्ध दायक केन्द्रिय

परिषदको बैठकमा एकदिन सबैले मरेर जानुपर्ने प्राकृतिक नियमलाई स्मरण गरी एक मिनेट मौन धारण गरेको समाचार छ ।

### चुडा कर्म

२०५८ चैत्र २४-२८ गते ।
स्थान- बोधिसत्त्व विहार, संखुवासभा, चैनपुर ।

संखुवासभा, चैनपुर स्थित बोधिसत्त्व विहारमा ७ जना कूलपुत्रहरूलाई श्रामणेर गरी चुडाकर्म गरिएको समाचार छ । ती ७ जना श्रामणेरहरूले घरघरमा भिक्षाटन जाँदा भिक्षादान दिइएको थियो । यसरी नै देश दर्शन र चैत्य वन्दना आदि कार्यक्रमहरूको पनि आयोजना गरिएको थियो ।

चैत्र २८ गते विहारमा शील प्रार्थना, बुद्धपूजा गरी चन्द्रज्योती शाक्य र गुरुज्यू कुलबहादुर बज्राचार्यबाट पूजा पाठ गरी चूडा कर्म सम्पन्न गरिएको थियो । कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरिएको थियो ।

### चूलनिद्देस विमोचन समारोह

२०५९ बैशाख ७ गते ।
स्थान- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल ।

त्रिपिटक अन्तरगतको खुद्दकनिकायको एघारौं ग्रन्थ चूलनिद्देस नेपालभाषामा अनूदित भएको छ । शासनधज धम्माचरिय उपाधि-प्राप्त गुरुमाँहरू अग्गञाणी र विमलञाणीबाट अनूदित उक्त पुस्तकका प्रकाशक ज्ञानज्योती कंसाकार हुनुहुन्छ । एक समारोह बीच अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका कम्मट्ठानाचरिय सयादो उ सुजनपीयबाट उक्त पुस्तक विमोचन गर्नु भएको समाचार छ ।

पूज्य भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा आ-अफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

– भिक्षु बुद्धघोष महास्थविर, भिक्षु ज्ञान पूर्णिक महास्थविर, भिक्षु सुदर्शन महास्थविर, सयादो उ सुजनपीय, अग्गञाणी गुरुमां, बर्माका राजदूत उ ने वें, आदि ।

रत्नमान शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा सहभागी रहनु भएका महानुभावहरूलाई चूलनिद्देस ग्रन्थ धर्मदान गरिएको थियो ।

### थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको वक्तब्य

नेपालमा भइरहेका अशान्ति, आतंक र हत्या विषयलाई लिएर थेरवाद बौद्ध दायक केन्द्रिय परिषदले एक वक्तव्य प्रकाशित गरेको छ । उक्त वक्तव्यको संक्षिप्त सार यसरी रहेको छ–

"नेपाल राष्ट्र उत्थानको जिम्मेवारी प्रत्येक नेपाली नागरिकको रहेको छ । वाद विवाद र झैझगडामा मात्र लागेर हाम्रो समस्या हल हुँदैन । अहिंसात्मक भावना र कल्याण कार्यमा लाग्ने मनोभावना भएमा मात्र शान्त वातावरण सृजना हुनेछ । मानव जाती सर्व श्रेष्ठ र विवेक बुद्धि भएको प्राणीको नाताले हामीले आ-आफ्नो विवेक बुद्धिलाई सही ढंगले प्रयोग गर्न सकेमा हाम्रो जीवन सफल हुन सक्नेछ । स्वच्छ वातावरण सृजनाको लागि भौतिक विकास मात्र प्रयाप्त छैन । आध्यात्मिक वा मानसिक शान्तिको पनि विकास हुन अति आवश्यक छ । त्यसैले वर्तमान अवस्थालाई शान्ति मार्ग तर्फ डोऱ्याउनको लागि धार्मिक क्षेत्रबाट पनि ठोस भूमिका खेल्न जरुरी छ । धर्मको लक्ष नै शान्त र कुशल कर्म गर्नु हो । धर्मको यथार्थ मर्म बुझ्न सकेन भने कट्टरपना र अन्धभक्तीले ठाउँ लिने रहेछ । त्यसैले गाउँ गाउँ, नगर नगरमा शान्ति ऱ्याली, धर्मदेशना, प्रवचन, पोष्टर स्टिकर वितरण, अकुशल कर्मलाई तिलाञ्जली दिई शान्त वातवरण झल्किने खालको साँस्कृतिक कार्यक्रम आदि रचनात्मक पाइलाहरू चालेर कुशल कार्यहरूमा अग्रसर गराई देशमा शान्ति सुव्यवस्थाको सृजना गर्न टेवा पुऱ्याउनु समयको माग रहेको छ ।"

### चीन भ्रमण

धम्मवती गुरुमां, माधवी गुरुमां लगायत अन्य गुरुमांहरू, इन्दावती, सुभवती, सुमेधावती, रमावती र सुरमावती आदिको चीन भ्रमण सम्पन्न भएको छ ।

भिक्षुणी प्रव्रज्या कार्यक्रमको लागि Buddhist Association of China को निमन्त्रणामा धर्मोदय सभाको तर्फबाट गुरुमांहरू लगायत धर्मोदय सभाका अध्यक्ष लोकदर्शन वज्राचार्य सहित एक टोली २०५८ चैत्र २७ गते चीन भ्रमणार्थ जानु भएका थिए ।

कूल ४५ दिनको भिक्षुणी प्रव्रज्या कार्यक्रममा सहभागी हुनु भएका नेपाली गुरुमांहरू यसरी हुनुहुन्थ्यो– इन्दावती, सुभवती, सुमेधावती, रमावती र सुरमावती आदि ।

स्मरणीय छ, Buddhist Association of China को तर्फबाट नेपाली गुरुमांहरूलाई भिक्षुणी प्रव्रज्याको लागि निमन्त्रणा गरिएको यो दोश्रो पटक हो । पहिलो पटकको निमन्त्रणा २०५४ साल कार्तिक महिनामा गरिएको थियो । उक्त कार्यक्रममा पनि पाँचजना नेपाली गुरुमांहरूले नै भाग लिनु भएको थियो ।

### "दश संयोजन (दशवटा बन्धन)" कृति विमोचन

काठमाडौं चैत्र ३० गते, शुक्रवार, २०५८ ।
सत्यसन्देश प्रचारक प्रकाशन ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर 'अग्गमहासद्धम्म जोतिकधज" द्वारा लिखित एवं भिक्षु संघरक्षित,

संघारामबाट अनूदित 'दश संयोजन (दशवटा बन्धन)" कृति पाटनस्थित श्री सुमंगल विहारमा एक समारोह बिच विमोचन भयो ।

"अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर को प्रमुख आतिथ्यमा उहाँको करकमलबाट उक्त कृतिको विमोचन भएको थियो ।

कृतिका केन्द्रीय टिप्पणीकार एवं समीक्षक बौद्ध विद्वान् प्रा. सुवर्ण शाक्यले समीक्षाका क्रममा व्यक्त गर्नुभयो– धेरै बर्ष अधि नेवारसमुदायमात्रमा बुद्धशिक्षाको आधिकारिक ज्ञान दिने उद्देश्यले श्रद्धेय भिक्षु अश्वघोष महास्थविरद्वारा नेपालभाषामा लिखित अनुवाद गरी "सत्यसन्देश प्रचारक प्रकाशन-१३" का रूपमा प्रकाशित गरिएको छ । साना कृतिहरूमा पनि अत्यधिक ज्ञान रहेको हुन्छ । यस दृष्टिमा प्रस्तुत कृति पढ्दा अल्छि नलाग्ने र पढ्न थालेपछि नसकी नछोडुँ जस्तो छ ।

समारोहका प्रमुख अतिथि श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरले सान्दर्भिक प्रवचन गर्नुभयो । साथै अनुवादक भिक्षु संघरक्षितलाई साधुवाद तथा सत्कार्यको प्रशंसा समेत गर्नुभयो ।

कृतिका अनुवादक एवं सत्यसन्देश प्रचारक प्रकाशनका संचालक भिक्षु संघरक्षितले आफ्ना आचार्य गुरुवर श्रद्धेय भिक्षु अश्वघोष महास्थविरका "भिक्षु जीवन", कर्म र कर्मफल "कृतिहरूका साथै प्रस्तुत 'दश संयोजन (दशवटा बन्धन)" कृति समेत अनुवाद गरी प्रकाशनमा समेत ल्याउन पाएकोमा खुशी, सन्तोष र आनन्दितको उद्‌गार व्यक्त गर्नुहुँदै पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउने सबैमा कृतज्ञता जाहेर गर्दै धन्यवाद ज्ञापन पनि गर्नुभयो ।

श्री सुमंगल विहार संघका उपाध्यक्ष श्री भीम शाक्यले धन्यवाद मन्तव्य दिनुभयो ।

श्री पूर्ण उपासकद्वारा संचालन गरिएको उक्त समारोहमा उपस्थित सबैलाई विमोचित कृति वितरण गर्नुका साथै जलपान-भोजनको पनि व्यवस्था भयो ।

## अभिनन्दन समारोह

२०५९ वैशाख २१ गते ।

स्थान- कृष्ण गल्ली पाटन ढोका ।

धर्म बहादुर धाख्वा: कल्याणकोषको आयोजनामा एक अभिनन्दन समारोहको आयोजना गरिएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त समारोहमा बुद्ध धर्म र बौद्ध सँस्कृतिको संरक्षण र सम्बर्द्धन कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने बौद्ध महानुभावहरू श्रद्धेय गुरु छुकिनीमा रिम्पोचे, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर र आदरणीय धर्मरत्न शाक्य (त्रिशुली) लाई अभिनन्दन पत्र प्रदान गरिएको थियो । यसरी नै उक्त समारोहमा श्रद्धेय अनी ह्येसे धोल्मा (ज्ञान तारा धाख्वा:) लाई पनि साधुवाद पत्र प्रदान गरिएको थियो ।

## जग्गादान र विहार निर्माण

२०५९ बैशाख १७ गते, मंगलबार ।

शाक्यमुनी विहारका संस्थापक पुज्य भिक्षु विमलानन्द महास्थवीर ज्यूबाट विहार स्थापना काल देखी नै ०५१।४।१६ गते ७ कठ्ठा ९१/२ धुर जग्गा प्रदान गर्नु भै विहार निर्माण कार्य समेत सुसम्पन्न गराउनु भएको कुरा बुझिएको छ भने अझै जग्गा खरिद गरि दान गर्ने वहांको इच्छा अनुरूप उक्त मिति मा कि. नं. ८/१३, १२, १६ बाट क्रमश: ०-१-१३, ०-१-२, ०-१-१ गरी जम्मा क्षेत्रफल लिन कठ्ठा सोरह धुर लुम्बिनी धर्मोदय कमितिको नाम मा (दानपात्र) पास गराई दिनु भएको समाचार छ। यस्तै उपासक श्री बुद्ध राज उदय ज्यू वुटवल नगर पालिका शफीक चौक निवासी (यस उप समिति का अध्यक्ष ज्यू) बाट कि. नं. ८/१४ को २ कठ्ठा अठारह धुर जग्गा रु. १८५०००/– (रु. एकलाख पचासी हजार) मा खरिद गरी रजिष्ट्रेशन शुल्क आदी समेत आफैले तिर्नु भै शाक्य मुनि विहारको लागि समितिको नाममा पास गराई दिनु भएको समाचार छ ।

## लुम्बिनीबाट काठमाडौं र काठमाडौंबाट लुम्बिनी पैदल यात्रा

बुद्ध जन्म भूमि लुम्बिनीबाट काठमाडौं पैदल यात्रा आउनु भएका तीन जना पैदल यात्रीहरू (जापानी भिक्षु साती र दुई नेपालीहरू दिप र राष्ट्रपाल) विश्व शान्ति कामना गरी पैदल यात्रा गरेको बताउनु हुन्छ ।

१० दिन भित्रमा लुम्बिनीबाट काठमाडौं पुग्नु भएका उहाँहरू स्वयम्भू, बौद्ध र ललितपुरका ४ थूरहरू घुमी पोखराको विश्व शान्ति स्तूप दर्शन गरी बुद्ध पूर्णिमा भित्रमा पैदल यात्राबाट नै लुम्बिनी पुग्नु भएको समाचार छ ।

### नैतिक शिक्षा विषय धर्मदेशना

यल खायू सँल्हू, लाय्कू स्थित विश्व मैत्री विहारे पञ्चशील प्रार्थना व बुद्ध पूजां लिपा भिक्षुणी कुशुम धर्म चित्त ब्वलंके मफुपिं अपो दया: ल्वापु खनेदया च्वंगुलिं झी सकसिनं सद्धर्म श्रवणयाना: शील पालन यायमा:गु खँ ध्वाथुइका विज्यासे मनूतयके नैतिक शिक्षा मालाच्वंगु दु धया विज्यासे धर्म देशना याना विज्यात ।

सुश्री अरणीतारा बज्राचार्यं क्षणिक सुखया च्यूता: मतसे चित्तयात एकाग्र याना: सदाचारी जुया: मानव कल्याणया ज्या याय्मा:गु खँ कुलादिल ।

अथेहे रूपमान शाक्यं तुलसीमेहरं चिनात:गु कविता ब्वना: न्यंकादीगु उगु ज्याइवले मोहन महर्जन, हीराकाजी सुजिका:, केशव शाक्यपिसंनं थ:थ:पिनिगु विचा: प्वंकादीगु ख: । थुगु ज्याइवले बेलालाल महर्जनं लसकुस यानादीगु ख:सा शान्तमान शाक्यं सुभाय् देछाना दिल । अथेहे लोक वहादुर शाक्यं ज्याइव: न्ह्याकादीगु ख: ।

## बार्षिकोत्सव व पुरस्कार वितरण समारोह

२०५९ वैशाख ८ गते । स्थान-दीपङ्कर परियत्ति शिक्षालय, ललितपुर ।

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरया सभापतित्त्वय् तथा बुद्धीराज बज्राचार्यया प्रमुख अतिथित्त्वय् दीपङ्कर परियत्ति शिक्षालयया वार्षिकोत्सव व थुगु शिक्षालय पाखें परियत्ति शिक्षाय् उत्तीर्ण जूपिं विद्यार्थीपिन्त पुरस्कार वितरण समारोह नं क्वचा:गु समाचार दु । प्रमुख शिक्षिका सुजाता गुरुमां पाखें स्वागत भाषण याना बिज्यासें धयाबिज्यात –

"उपत्यकां पिने नं स्कूल स्कूलय् परियत्ति शिक्षा संचालन याय्त आग्रह याना ह:गु ख: । तर भीगु जन शक्ति कम जूगलिं संचालन याना बीमफुत ।"

बुद्धिराज बज्राचार्य व डा. सानुभाई डंगोलजुं थ:थ:गु मन्तब्य ब्यक्त यानादीगु थुगु ज्याइवले केन्द्रया कोषाध्यक्ष हेराकाजी सुजिका पाखें आय ब्यय प्रतिवेदन न्ह्यब्वसे थुगु ज्याइव:यात चन्दा संकलन या:गु विवरण थुकथं पेश यानादिल–

ललितपुर उपमहानगर पालिका रु. ५०००/–, ज्ञानज्योति कंसाकार ठँहिटी रु. ४०००/–, बोधिपौषा इलाननि रु. १५००/– धर्मवहादुर धाख्वा: रु. १०००/– । रु. ५००।- चन्दा ब्यूपिं दातापिं – नियमरत्न शाक्य, काजिलाल डंगाल, कीर्तिबहादुर बज्राचार्य, पुष्प शाक्य, गणेशबहादुर शाक्य, गुण ज्यास:, न्यू ताम्राकार हाउस आदि । मंगल उपासकं रु ३००/– । रु. २००/– व्यूपिं – नियम बीर शाक्य, जगत रत्न धाख्वा:, वसन्तमान शाक्य । रु. १००/– ब्यूपिं तेजबहादुर बज्राचार्य, मीन बहादुर शाक्य आदि ।

जुजुभाई शाक्य "परित्राण सफू" – १०० थान, तुलसी डंगोल "परित्राण सफू" – ५० थान, रूपकुमार शाक्य "वह:या फ्रेम" छपा: ।

## ग्वाहालि

२०५९ वैशाख २० गते ।

ख्वपे च्वंगु मुनि विहारे संघनायक भिक्षु अनिरुद्ध महास्थविरं ११/१२ दँ दुपिं स्वम्ह शाक्य मस्त, निम्ह गाइजु मस्त व छम्ह वज्राचार्य मचायात प्रव्रजित याना बिज्या:गु दु ।

प्रव्रज्यां लिपा पियंकर श्रामणेर, सुमनज्योती श्रामणेर, कस्सप श्रामणेर, संकिच्चायन श्रामणेर अरियजोति श्रामणेर व विमलजोति श्रामणेर न्हू बानेश्वरय् च्वंगु विश्वशान्ति शिक्षालय् न्हेला च्याला शिक्षा दीक्षा व अध्ययनया निंतिं वंगु दु । थ्व हे दँय् श्रामणेर पिं सकलें थाइलैण्डय् अध्ययन निंतिं वनीगु ज्याइव दु ।

प्रव्रज्या समारोह धुंका मुनि विहारय् निर्माण जुया चवंगु उपोसथगारया ढलानया लागी ल्वहंचुया (कंकड) न्यायेत नगर मण्डप श्रीकीर्ति विहारं स्वीनिद्व: दां ग्वाहालि या:गु दु । थ्वया न्ह्यो नं उपोसथगारया जगयात सिमेण्टया निंतिं श्री कीर्ति विहारं ३३ दो दां ग्वाहालि या:गु समाचार दु ।

## बौद्ध जागरण ज्याइव:

२०५९ बैशाख २१ गते शनीबार ।

थाय्– जगत सुन्दर ब्वनेकुथि, लखुतिर्थ, चाग: ।

युवा बौद्ध समूहया ग्वसालय् बौद्ध जागरण ज्याइव क्वचा:गु समाचार दु । तेजनारायण मानन्धरं स्वागत भाषण यानादीगु उगु ज्याइवले विपेन्द्र महर्जनं बुद्धया म्हसीका, त्रिरत्न मानन्धरं धर्म छु व छाय्, सबिता धाख्वा:नं धर्म व विकास आदि विषयलय् नवानादीगु ख: । अथेहे भिक्षु अश्वघोष महास्थविरं धर्मया व्यवहारिक पक्ष, हर्षमुनि शाक्यं स्वनिगले बुद्ध धर्म, शान्तरत्न शाक्यं बुद्ध धर्म व सामाजिक सुधार आदि विषयले नवानादीगु समाचार दु । उगु ज्याइवले राजा बज्राचार्यं सुभाय् देछानादीगु ख: । थुकी यैं, चापागाउँ, किपू, बलम्बुया ८० म्ह सिनं ब्वति कागु ख: ।

## पुस्तक विमोचन

२०५९ बैशाख २८ गते, शनिबार ।

स्थान- विश्वशान्ति विहार, मीनभवन ।

काठमाडौं महानगरपालिकाका मेयर केशब स्थापितको प्रमुख आतिथ्यमा आयोजित एक समारोह बीच प्रथमबार नेपाली भाषामा अनुदित बुद्ध, बुद्धधर्म एवं बौद्ध दर्शनको महत्वपूर्ण ग्रन्थ आचार्य बुद्धघोषकृत "विशुद्धिमार्ग" विमोचन गरिएको समाचार छ । सुखिहोतु नेपालद्वारा आयोजित उक्त कार्यक्रममा विमोचित उक्त पुस्तक "विशुद्धिमार्ग" को अनुवादक भिक्षु सम्यक सम्बोधि प्राणपुत्र (विशुद्धानन्द) हुनुहुन्थ्यो भने सम्पादक भिक्षु कोण्डञ्ञ हुनुहुन्थ्यो ।




*May all sentient being attain*
*the highest state of completeness*
*being on the foot steps of*

**Buddha**

**Happy Vaishakha Festival**
**2546**

H • O • T • E • L
**Lumbini Garden**
NEW CRYSTAL PVT. LTD.
Buddha Nagar, Mahilwar
LUMBINI, NEPAL.
Tel.: (071-80145)
Fax: 071-80045

**Best Western**
*New hotel Crystal*
**Pokhara**
P.O. Box 234, Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 20035, 20036
Fax: 977-61-20234

**Reservation/Head Office:**
Chha 1-99, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 228561, 228011, Fax: 977-1-228028
Internet: http//www.bestwestern.com/np/newhotelcrystal
E-mail: ajsthapit@mail.com.np

बा. अ. का. द. नं. - ७०/०५०/५१




नेपालका गौरब, शान्ति नायक
गौतम बुद्धको
जन्म, सम्बोधि लाभ तथा महापरिनिर्वाणको
२५४६ औं उत्सवमा सबैको सम्बृद्धि
तथा
शान्तिको कामना गर्दछौं ।

लक्ष्मी ज्योति ट्रेडर्स

**Laxmi Jyoti Traders**

छापावाल सुन चाँदीको थोक तथा खुद्रा बिक्रेता
मखन (सुरज आर्केड अगाडि), काठमाडौं
फोन नं. (पसल) : २६५१३१, २६३९२२; (निवास) : २६४०५७

*999.9 Hallmark Gold & Silver Dealer*


मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालयः न गल, नागपोखरी, पोष्ट बक्सः ८९७५ इ.पि. ... काठमाडौं, नेपाल । फोनः ४३४८५०, ४३४७५३, फ्याक्सः (९७७-१-४३३९२९)
व्यापारिक कार्यालयः शुक्रपथ, काठमाडौं । फोनः २५९०३२, २५९४५०, फ्याक्स ... ७८